
# अनुभवहरु

वर्ष ४, अंक १








CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD CLUBS

# बालबालिकाको जन्मदर्ता
# विश्वव्यापी जिम्मेवारी

## विश्वव्यापी जन्मदर्ता अभियान के हो ?



विश्वभर एक हप्तामा झण्डै दशलाख बालबालिका आफ्नो जन्मदर्ता गर्नमा छुट्छन् । विश्वका करिब चारकरोड ८० लाख बालबालिका जन्मदर्ता गर्नबाट छुटेका छन् । यसको कारण उनीहरूको गणना हुन सकिएको छैन र उनीहरूको कानूनी र औपचारिक पहिचान हुन सकेको छैन । यही गम्भीर विषयलाई ध्यानमा राखेर प्लानले विश्वभरका सरकार, अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघलाई विश्वव्यापी जन्मदर्ता कार्यान्वयन गर्न विभिन्न प्रयत्नहरू वृद्धि गराउन आह्वान गर्दै यो अभियान शुरु गरेको हो। बालबालिकाको जन्मदर्ता तुरुन्तै र जरुरीका साथ गराउन प्लानले विशेष जोड दिँदै जन्मदर्तालाई एउटा विश्वव्यापी जिम्मेवारीका रुपमा लिएको छ। प्लानले यो अभियान विश्वका करिब ४५ देशहरूमा सञ्चालन गरिरहेको छ ।

## नेपालमा जन्मदर्ता अभियान

प्लान नेपालले स्थानीय विकास मन्त्रालयलगायत विभिन्न गैहृसरकारी तथा समुदायमा आधारित संघसंस्थाहरूसँगको सहकार्यमा जन्मदर्ता अभियान सञ्चालन गरिरहेको छ । यस अभियानले प्लान कार्यरत जिल्लाहरूमा शतप्रतिशत र अन्य क्षेत्रमा जन्मदर्ताको दर ८० प्रतिशत पुऱ्याउने लक्ष लिइएको छ । यस लक्षप्राप्तिका लागि प्लानले जनचेतना अभिवृद्धि, एवं जन्मदर्तासम्बन्धी क्रियाशील संघसस्थाहरूको क्षमता अभिवृद्धिमा विशेष जोड दिइरहेको छ ।

## जन्मदर्ता कसले गर्छन् ?

नेपालमा जन्मदर्ता स्थानीयस्तरमा पञ्जिकाधिकारी (गा.वि.स. वा नगर सचिव) ले गर्छन् । जिल्ला विकास समितिमा पनि जन्मदर्ता गर्न सकिने भएको छ । वच्चा जन्मेको ३५ दिनभित्र शुल्क लाग्दैन । त्यसपछि अर्को ३५ दिनभित्र गरे आठ रुपैयाँ लाग्छ भने यस अवधिपछि ५० रुपैयाँ जरिवाना तिरेर जन्मदर्ता गर्न सकिन्छ ।

## जन्मदर्ता किन गर्नुपर्छ ?

- जन्मदर्ताको प्रमाणपत्र बच्चा जन्मेको कानुनी प्रमाणपत्र भएकाले अदालतीय वा अन्य कामकारवाहीमा यसको खाँचो पर्दछ ।
- वच्चाको परिचय जस्तै: नाम, जन्ममिति र जन्मेको स्थान, उसका बाबु-आमाबारे स्पष्ट जानकारी प्राप्त हुन्छ ।
- नागरिकताको प्रमाणपत्र प्राप्तिमा सजिलो हुन्छ ।
- बालबालिकालाई विद्यालय भर्ना गर्न सजिलो पर्छ ।
- बालबालिकाले राष्ट्र र समाजबाट पाउने सुविधा र कानुनी उपचार प्राप्त गर्न सहयोग पुग्दछ ।
- बालबालिकाको जन्मदर्तावाट प्राप्त तथ्याङ्कको आधारमा विकासका कार्य तथा नीति तर्जुमा गर्न मद्दत पुग्दछ ।

# विषय सूची


श्रमिक बालबालिकाको
शैक्षिक अधिकार र बालसहभागिता १

**बालबालिकाका अनुभवहरू** **४**

बालक्लबसँगको मेरो संलग्नताले ममा सकारात्मक
परिवर्तन ल्याउन मद्दत गरेको छ ४

बालक्लबमा मेरो संलग्नता र ममा आएका केही परिवर्तनहरू ९

हामीले केही सफलता हात पारेका छौं ११

बालक्लबहरू बालबालिकाको जीवन र समुदायमा
परिवर्तनका कारक बन्न सक्दछन् १२

बालसहभागिताका सम्बन्धमा
सेभ द चिल्ड्रेनको कामको न्यूनतम स्तर एवं रणनीतिहरू १५

**सहजकर्ताका अनुभवहरू** **२३**

बालक्लबमा संलग्न
बालबालिका र स्थानीय सामुदायिक संस्थासँगको अन्तरसम्बन्ध २३

बालबालिका र सहभागिता २७

सुर्खेतका बालसमूहहरू र तिनका गतिविधिहरूबारे
एक संक्षिप्त चर्चा ३०

Children as a Change Agent ३२

भोलिको समुन्नत राष्ट्रनिर्माणमा बालक्लबको भूमिका ३४

Print Media Coverage on the Issues of Child Club ३७

बालक्लबहरूको विकासक्रम र सञ्चालित क्रियाकलापहरू ४१

बाल सहभागिताका केही उदाहरणहरू ४२

बालक्लब गठन र सञ्चारमा बालबालिका ४४

सञ्चारमा बालसहभागिता: हातेमालोको अनुभव ४६

नेपालमा बालक्लब र बालसहभागिता ५१

**कन्सोर्टियमको वार्षिक प्रगति विवरण** **५३**



**सम्पादक**
श्री चन्द्रिका खतिवडा

**सह-सम्पादक**
श्री सुशिला अधिकारी

**नेपाली सुद्धासुद्धी**
श्री शिशिर शर्मा

**फोटो**
कन्सोर्टियम, सदस्य संस्थाहरू

**प्रकाशक**
नेपालका बालक्लबहरूसँग कार्यरत
संस्थाहरूको साझा समूह, (कन्सोर्टियम)
पो.ब.नं. ६८२, काठमाडौं
फोनः ५५४२२०४
इमेलः consortium@mos.com.np

# सञ्चालक समितिका तर्फबाट ...

नेपालका बालक्लबसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) ले आफ्नो स्थापनाकालदेखि बालबालिकाको हकअधिकारको संरक्षणलाई व्यवहारमा लागू गर्ने कार्यमा आफूलाई समर्पित गर्दै आएको छ । कन्सोर्टियमले नेपालमा बालअधिकार प्रवर्द्धन गर्न र त्यसमा पनि विशेष गरी बालसहभागिता बढाउन आफ्ना सदस्य संस्थाहरूको क्षमता अभिवृद्धिमा सघाउँदै आइरहेको व्यहोरा यहाँहरू सबैमा विदितै छ । कन्सोर्टियमले नेपालका बालक्लबहरू र तिनीहरूले बालबालिकाका जीवन र समाजमा पारेका सकारात्मक प्रभावसँग सम्बन्धित रहेर निकाल्न लागेको "अनुभवहरू" को यो चौथो अङ्क हो । यस अङ्कमा बालक्लबहरू तथा त्यसमा संलग्न भएका 'बालबालिका समाज परिवर्तनका संवाहक हुन्' भन्ने तथ्यलाई धेरै मात्रामा उजागर गर्ने प्रयत्न गरेको छ । यस मानेमा पनि प्रकाशनको यो चौथो अङ्क यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा हामीले आफूलाई गौरवान्वित ठानेका छौं ।

नेपालमा बालसहभागिताका क्षेत्रमा बालबालिका स्वयं जागरूक भई सङ्गठित बन्दै गएको सुखद् परिवेश हाम्रासामु छ । अहिले नेपालमा कन्सोर्टियम सदस्यहरूको सम्पर्क र सहजीकरणमा मात्र तीनहजार भन्दा बढी बालक्लवहरू क्रियाशील रहेका छन् । यसलाई राष्ट्रिय विकासको प्रक्रियाका एक अभिन्न अङ्गका रूपमा बालबालिका समाजमा स्थापित हुँदै गएको उदाहरणका रूपमा लिन सकिन्छ ।

नेपालमा बालबालिकाका क्षेत्रमा काम गरिरहेका धेरै संघसंस्थाले बालअधिकार प्रवर्द्धनका वृहत् सन्दर्भमा बालसहभागिताको आवश्यकतालाई आत्मसात गर्न थालेका छन् । यसै परिप्रेक्ष्यमा सन् १९९९ मा स्थापना भएको बालबालिकाका क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरूको साझा समूह (कन्सोर्टियम) ले आफ्ना कार्ययोजना बमोजिम चरणबद्ध रुपमा बालक्लब वा बालबालिकासँग कार्य गर्ने संस्थाका प्रतिनिधिहरूलाई सहजीकरण तालिमको सफल सञ्चालन गर्दै आएको छ । हाल आएर बालक्लबमा सक्रिय अगुवा बालबालिकालाई पनि सहजीकरण तालिम दिएर उनीहरूलाई बालक्लब सहजकर्ता बनाउने कार्यमा कन्सोर्टियम कार्यरत छ । शुरुमा कन्सोर्टियमको बालसल्लाहकार मञ्चका बालबालिकाका सुझाव अनुसार बालबालिकालाई बालक्लब सहजकर्ता तालिम सञ्चालन गरिएको थियो । अहिले हाम्रा केही वर्षका अनुभवहरूलाई केलाउँदा त्यसको उपादेयता नमूनायोग्य देखिएबाट कन्सोर्टियमले यस कार्यलाई निरन्तरता दिँदै आएको कुरा जानकारी गराउँदछौं । बालक्लबको संख्यात्मक र गुणात्मक विकासका लागि सहजकर्ताको अहम् दायित्व एवं भूमिका हुने कुरा निर्विवाद देखिएको छ । यसर्थ आगामी केही वर्षसम्म कन्सोर्टियमले आफूलाई यस दिशामा केन्द्रित गरिरहनुपर्ने देखिन्छ ।

नेपालका बालक्लबसँग कार्यरत संस्थाहरूको साझा समूहका रुपमा स्थापित र कार्यरत कन्सोर्टियमले आफ्नो संस्थागत विकासमा पनि रणनीतिक ढङ्गबाट काम गर्नुपर्ने खाँचो महसूस गरिएको छ । बालसहभागिताका क्षेत्रमा देशका विभिन्न भागमा कार्यरत संस्थाहरूलाई एकै थलोमा ल्याई उनीहरूका बीचमा आपसी अनुभवहरू आदानप्रदान गर्ने र उनीहरूका सीप र क्षमतालाई बालसहभागित प्रवर्द्धनका दिशामा संगठित गर्ने काम आफैंमा एक जटिल र चुनौतीपूर्ण कार्य हो । सदस्य संस्थाहरूको सहयोग, सदभाव र सहकार्यले यस चुनौतीलाई सामना गर्न केही हदमा हामी सफल पनि छौं । तर पनि इमान्दारीपूर्वक भन्नुपर्दा हामीले तय गर्नै पर्ने लामो बाटो पनि हाम्रा अगाडि छ ।

संस्थागत संरचनाका रूपमा कन्सोर्टियममा हाल सात सदस्य भएको एक सञ्चालक समिति, २१ सदस्य भएको बालसल्लाहकार समिति र कन्सोर्टियमको एक सचिवालय रहेको छ । कन्सोर्टियममा हाल ४० वटा संस्थाहरू सदस्यका रूपमा रहेका छन् ।

यस प्रकाशनमा हामीले बालक्लबहरूसँग कार्यरत संस्थाहरूमा कार्यरत कर्मचारी, बालक्लबका बालबालिका तथा कन्सोर्टियमका बालसल्लाहकार मञ्चका सदस्यहरूका लेख/रचना समावेश गरेका छौं । हामी यस प्रकाशनका लागि लेख उपलब्ध गराउनुहुने एवं यस प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आ-आफ्ना क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू तथा संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यहाँहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दै भविष्यमा पनि सहयोगको आशा राख्दछौं ।

**उदयलक्ष्मी प्रधानाङ्ग**
**सञ्चलक समिति सदस्य**
**कन्सोर्टियम, कुपण्डोल, ललितपुर**

# श्रमिक बालबालिकाको शैक्षिक अधिकार र बालसहभागिता

विजय सैंजू कन्सर्न नेपाल

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । तथापि नेपालको कुल जनसंख्या दुई करोड ४० लाखमध्ये ५४ प्रतिशत जनता मात्र साक्षर छन् । १६ वर्षभन्दा मुनिका बालबालिकाको संख्या नेपालमा करिब एक करोडको हाराहारीमा छ । अझै पनि ५ देखि १० वर्ष उमेरका करिब पाँचलाख बालबालिका विद्यालय जानबाट वञ्चित छन् भने १० वर्षमाथिका बालबालिका अधिकांश मात्रामा श्रममा लागेका छन् । विद्यालय गएका बालबालिकामा पनि आधाभन्दा बढीले प्राथमिक शिक्षा पूरा नगर्दै बीचमा नै विद्यालय छाड्ने गरेका छन् । देशमा बढ्दै गएको द्वन्द्व, बढ्दो गरीबी, हाम्रो सामाजिक संरचनामा विद्यालयका भौतिक पूर्वाधारको अभावजस्ता कारणले बालबालिकाले विद्यालय छाड्छन् । यसरी विद्यालय छाडेका अधिकांश बालबालिका श्रमका विभिन्न क्षेत्रहरूमा कार्यरत छन् । विद्यालय जानबाट बञ्चित यस्ता श्रमिक बालकालिकामध्ये पनि गरीब, दलित, जनजाति र विपन्न समुदायका बालबालिका बढी छन् ।

शिक्षा पाउनु हरेक बालबालिकाको अधिकार हो । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिको धारा २८ ले बालबालिकाले पाउने शिक्षा अनिवार्य तथा निःशुल्क हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी डकार घोषणापत्र अनुसार नेपालले पनि 'सन् २०१५ सम्ममा सबैका लागि शिक्षा' पुऱ्याउन एक अभियान नै चलाएको छ । यसअन्तर्गत सन् २००९ सम्मका लागि एउटा कार्ययोजनासमेत तयार गरिसकेको छ । सबैलाई शिक्षा दिन यही कार्ययोजनाअनुसार सरकारी तथा गैह्रसरकारी निकायबाट काम भइरहेको छ ।

कन्सर्न नेपालका अनुसार हाल नेपालमा २६ लाख बालवालिका श्रमका विभिन्न ८० वटा क्षेत्रमा कार्यरत रहको तथ्य छ । तीमध्ये अधिकांश बालबालिका शिक्षा स्वास्थ्य पौष्टिक आहारजस्ता आधारभूत आवश्यकताबाट वञ्चित हुनुका साथै श्रमशोषणको मारमा समेत परेका छन् । श्रमिक बालबालिकाअन्तर्गत पनि जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिकाको अवस्था हरेक किसिमले दयनीय देखिन्छ । कन्सर्नको सर्भेक्षण अनुसार नेपालमा गिटी कुट्ने, बालभरिया, होटल र चिया पसलमा काम गर्ने, इँटाभट्टामा काम गर्ने तथा प्राविधिक क्षेत्रमा काम गर्ने बालश्रमिकहरूको संख्या क्रमशः ३२ हजार, ४६ हजार, ७२ हजार, ६० हजार र १० हजार रहेको छ ।

श्रमिक बालबालिकालाई शिक्षा दिलाउनका लागि रोजगारदाताको सहयोग निकै महत्वपूर्ण देखिन्छ । त्यसका लागि उनीहरूलाई सचेत गर्नु आवश्यक छ । चाहे संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि होस्, सन् २०००को सहस्राब्दी विकासको लक्ष्य होस् वा सन् २००२ मा न्युयोर्कमा भएको बालअधिकारसम्बन्धी विश्वशिखर सम्मेलनले ल्याएको बालबालिका लागि सुहाउँदो संसारका लागि बनेको १० वर्षे कार्ययोजना नै किन नहोस्, यी दस्तावेजहरूमा बालबालिकाको शिक्षाको अधिकारलाई प्राथमिकता दिइएको छ ।

विश्वका प्रायः सबै राष्ट्रले पारित गरेको डकार घोषणापत्र अनुसार सन् २०१५ सम्म 'सबैका लागि शिक्षा' भन्ने प्रतिवद्धताको कार्यान्वयनका लागि नेपालमा हालसम्म गरिएका प्रयासहरूलाई हेर्दा लक्ष्य प्राप्ति गर्न त्यति सजिलो नभएको देखिन्छ । त्यसैले यो अभियान पूरा गर्नका लागि सरकार तथा यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संघसंस्था र नागरिक समाज सबै एकीकृत ढङ्गबाट अघि बढ्नु आवश्यक छ ।

यस विषयमा श्रमिक बालबालिकाको आफ्ना भनाइ बुझ्न कन्सर्न नेपालले श्रमिक बालबालिकाको शैक्षिक अधिकारको विषयलाई लिएर हालै एउटा बालसहभागितामूलक कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । आआफ्नो शैक्षिक अधिकारको विषयलाई लिएर बालश्रमिकहरूले समूहगत छलफलबाट थुप्रै

मुद्दाहरू उठाए । सहभागी बालश्रमिकहरूले शिक्षाबाट बञ्चित भइरहनुका मूल कारणहरूमा निम्न कुराहरूलाई प्रमुख रूपमा जोड दिएका थिए :

- कमजोर आर्थिक अवस्था,
- लैङ्गिक, जातीय भेदभाव, दुर्व्यवहार, अवहेलना, हेप्ने चलन,
- काम गर्ने तथा पढ्ने समय एउटै हुनु,
- विद्यालयमा श्रमिक बालबालिका बढी हेपिनु,
- विद्यालय टाढा तथा यातायातको अभाव हुनु,
- शैक्षिक सामग्रीको कमी तथा महङ्गो शिक्षा हुनु,
- रोजगारदाताहरूले बालश्रमिकहरूलाई पढ्ने समय नदिनु,
- बालश्रमिकहरूको योगदानको कदर नगरिनु आदि ।

बालश्रमिकहरू स्वयंद्वारा उठाइएका यी समस्याहरू विचारणीय छन् र यसमा ध्यान नदिएका खण्डमा डकार घोषणाअनुरूप सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने नारा मात्र नारामै सीमित हुनेछन् ।

त्यस्तै छलफलमा श्रमिक बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन निम्न बुँदाहरूमा विचार पुऱ्याउनुपर्ने कुरा उठाएका थिए ।

- श्रमिक बालबालिकाले बसाइँसराइ गर्दा अधिराज्यका जुनसुकै विद्यालयमा गई समान किसिमले पढ्न पाउनुपर्ने,
- श्रमिक बालबालिकालाई श्रम अनुसार समय मिल्ने विद्यालयको व्यवस्था गरिनुपर्ने,
- श्रमिक बालबालिकाको पढाइ नि:शुल्क हुनुपर्ने,
- दूरशिक्षाको व्यवस्था गरिनुपर्ने,
- सीपमूलक शिक्षाको व्यवस्था गर्नुपर्ने,
- शिक्षामा द्वन्द्वको प्रभाव हटाउनुपर्ने,
- जेहेन्दार बालश्रमिकलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिनुपर्ने,
- शिक्षामा गुणस्तर बढाउनुपर्ने,
- शिक्षकलाई तालिम दिएर सक्षम बनाउनुपर्ने आदि ।

काठमाडौँमा सम्पन्न बालश्रमिकहरूको शैक्षिक अधिकारको कार्यशाला गोष्ठीले विभिन्न सरोकारवालाहरूको भूमिका विषयमा पनि छलफल गरी निम्न मुद्दाहरू अघि सारेको थियो ।

- अभिभावकले पैसाको लोभले काममा पठाउनुभन्दा बालबालिकाको पठनपाठनमा विशेष ध्यान दिनुपर्ने,
- समुदायले श्रमिक बालबालिकालाई प्रोत्साहन दिनुका साथै श्रमिक बालबालिकाका लागि विषेश छात्रवृत्तिको गरिनुपर्ने व्यवस्था,
- सञ्चारजगतले श्रमिक बालबालिकाको समस्या र समाधानको उपाय तथा शिक्षाको महत्वबारे वर्णन गरेर समाज र सरकारसमक्ष दवाव सृजना गर्नुपर्ने,
- रोजगारदाताले श्रमिक बालबालिकालाई विद्यालय जान समय मिलाई दिनुपर्ने,
- बालबालिकाहरूको आफ्नै क्लबहरूमार्फत् अभिभावकलाई चेतनशील बनाउन सहयोग गर्नुपर्ने आदि ।

कन्सर्न नेपालको बालश्रमसम्बन्धी राष्ट्रिय सर्भेक्षण प्रतिवेदनहरूका आधारमा हेर्ने हो भने अधिकांश बालश्रमिकहरूले आफ्नो कमाइबाट परिवार चलाइरहेको पाइएको छ । यी बालबालिका आफ्नो श्रमबाट भएको आम्दानीबाट आफू र आफ्नो परिवारको जीविका चलाउँदै आएका छन् । त्यस्तै यी बालबालिकाले राज्यको कुल गार्हस्थ उत्पादनमा १० प्रतिशत योगदान दिएका छन् । यसको अर्थ बालश्रमिकलाई तत्काल कामबाट वञ्चित गर्नु हुँदैन र सकिँदैन पनि । उनीहरूलाई यी श्रमका क्षेत्रबाट मुक्त गर्नका लागि तत्काल जीविकोपार्जनका विकल्पहरू दिनुपर्दछ । श्रममा लागेका यी बालबालिकालाई शिक्षा दिने काम कम चुनौतीपूर्ण छैन । पहिलो कुरा त उनीहरूले आफ्ना मालिकहरूबाट अनुमति लिनुपर्ने, पढ्नका लागि आवश्यक समय मिलाउनुपर्ने काम त्यति सजिलो छँदैछैन । यी बालबालिकाका निम्ति शिक्षा दिनका लागि उनीहरूका लागि उपयुक्त हुने समय र स्थानमा पठनपाठनको व्यवस्था मिलाउनुपर्दछ । एक त यी बालबालिका चलायमान हुने हुँदा शिक्षा दिनु चुनौतीपूर्ण छ, अर्को कुरा उनीहरूलाई उपयोगी र समयानुकूल शिक्षा दिने व्यवस्था नभएका कारण यी श्रमिक बालबालिकाको शैक्षिक अवस्था कमजोर भएको छ ।



फोटो : [illegible]

तसर्थ, बालश्रमिकहरूलाई उनीहरूको समय सुहाउँदो, ठाउँ सुहाउँदो वैकल्पिक शिक्षा दिनुपर्ने विषयमा पनि बालश्रमिकहरूको उक्त गोष्ठीमा व्यापक छलफल भयो। बालश्रमिकहरूलाई विषेश किसिमको लचकदार शिक्षा (Flexible Education) सञ्चालन गरेर उनीहरूको शिक्षाको स्तर उकास्नुपर्दछ। बालश्रमिकहरूले काम नगरिकन भोकभोकै शिक्षा प्राप्त गर्न सक्दैनन्। त्यस्तै बालश्रमिकका अभिभावकहरूले पनि कामबाट प्राप्त आम्दानी छोडेर विद्यालयतिर पठाउने काममा वास्ता राख्दैनन्। तसर्थ, श्रमिक बालबालिकाको काम गर्ने क्षमताको साथै एक समय चाहे त्यो दुई घण्टा अवधिको मात्रनै किन नहोस् औपचारिक वा अनौपचारिक तवरबाट शिक्षा उपलब्ध हुने व्यवस्था गर्न सकेमा 'सबैका लागि शिक्षा' भन्ने मूल नाराको सदुपयोग हुन सक्ला। यो अवधारणा नेपालका लागि नयाँ भए तापनि यसअघि नै भारतलगायतका केही देशहरूमा प्रयोग गरिसकिएका छन् र त्यसका सकारात्मक परिणामहरू पनि देखिएका हुन्। नेपालमा भने यो अवधारणाको प्रभावकारी कार्यन्वयन गर्न सकिएमा यसले श्रमिक बालवालिलाई शिक्षाको अवसर मात्र प्रदान गर्ने होइन सन २०१५ सम्ममा सबैलाई शिक्षा प्रदान गर्ने लक्ष्यले प्राप्तिका लागिसमेत मद्दत पुग्नसक्छ।

## Street kids sore over media sensationalising their woes

*By Bishnu Prasad Aryal/The Rising Nepal*

DHARAN, Dec. 17: Street children in Sunsari district are irritated with media for sensationalising their plight – neither they want to talk about their woes on how they came to the street nor do they want to be called street children'.

"Many people from various organisations came to interview us and take photographs, but they do nothing for us and they never return. No one comes to share our pain in reality but only to profit from our miseries," said Saroj Rai of Daju-Bhai Child Club, the only club of the children living in the streets. There are about 70 street children in Dharan.

Rai said that he had been interviewed more than 10 times by the local and national media persons but their condition has not improved. "Rather, it has worsened."

"So don't ask me more about how I was thrown to the gutter of the street and living a dog's life. I can't hope much from you too," he expressed his perception to this reporter. The children said that they were slightly better off after they established the club about five years ago. The club has done more for us than the assurances given by the elite groups, they said. "We share pains and try to console each other," Rai said.

Street children, who are in dire condition, are brought to the contact centre of a local organisation, Underprivileged Children Association (UPCA) Nepal, which has encouraged and helped them to establish the club.

After visiting the contact centre, some of the children, however, do not hesitate to tell their tales of grief and anguish.

Dil Bahadur Khadka, 16, left home four years ago as his father used to kick him frequently. "Sometimes, I used to bunk the classes and smoke with my friends," said Khadka. "As my father knew it, I was severely beaten. Then, I decided to leave the house," he added. Khadka comes from a poor family of five daughters and three sons. But disgusted by the abominable life — picking plastics and rusted metals, having to go without food and straying as mongrels in the cold and deserted streets, he remembers that home is where the heart is. "I visit home occasionally."

"When I reach my home, my father scold me with vulgar words like 'khate' (a mean word for street children). Then I don't like to stay there even for a moment and come back to the street," he said.

"ifteen-year-old Umesh BK's life is no less touching than others. "My father went to India when I was small. But he never returned." His mother eloped with another man with his two younger brothers. "I was abandoned," BK went on.

"A cousin told me to visit the contact centre where I am sheltered now. I am studying in Class 5," he added.

All these children are also worried of the insurgency that has added panicky miseries in their lives. "The conflict takes the lives of elders. Those death tolls turn into a demon orphaning and pushing us in the streets," they said.

"We have raised the voices on domestic violence, exploitation and child rights," said Rai. "But we do not dare to speak against the conflict due to the fear."

However, it is a good sign that children of child clubs across the country have started voicing against their deplorable condition.

According to Rajiv Lochan Adhikari, manager of the Consortium of Organisations Working for Child Clubs, there are 3,000 child clubs working under 40 organisations in 22 districts.

# बालबालिकाका अनुभवहरु

## बालक्लबसँगको मेरो संलग्नताले ममा सकारात्मक परिवर्तन ल्याउन मद्दत गरेको छ

सन्जोग ठकुरी/हातेमालो सञ्चार

"बालक्लबलाई गैह्रसरकारी संघसंस्थाहरूले आफ्नो खाने बाटो मात्र बनाएका छन् ।" मैले एकदिन यो वाक्य कुनै एउटा कार्यक्रममा सुनेको थिएँ । यस वाक्यले मलाई धेरै प्रश्नहरू एकैपल्ट सोच्न बाध्य तुल्यायो– के बालक्लब खोल्न सहयोग गरिदिने संस्थाले आफ्नो ढुकुटी भर्न मात्र बालक्लब खोल्न सहयोग पुऱ्याएका होलान् त ? मेरो तर्फबाट भन्दा के म आफू संलग्न रहेको संस्था र उसले बालक्लबको सहजीकरण गरेर खाने बाटो मात्र पहिल्याएको हो र ? के बालक्लबले म र मजस्तै बालक्लबमा लागेर काम गरिरहेका बालबालिकामा कुनै परिवर्तन ल्याएको छैन त ? म र मेरा साथीहरूमा बालक्लबमा सामेल हुनुभन्दा पहिले र त्यसमा सहभागी भएपछि अहिलेको स्थितिमा केही पनि भिन्नता भएको छ वा छैन त ? बालक्लब आउनु र नआउनुले म र मेरा साथीहरूको जीवनमा केही पनि फरक पारेको छैन त ? के नेपालमा रहेका झण्डै सात हजारभन्दा बढी बालक्लबहरूले खाने र खुवाउने बाटोमात्र पहिल्याएका होलान् त ? यदि हो भने बालक्लबमा लागेका त्यति धेरै बालबालिकाले बिनाकाम आफ्नो समय खेर फालिरहेका छन् भन्नुपर्ने हुन्छ, के अवस्था त्यस्तो हो त ? के हामी बालबालिका बालक्लबको नाममा शोषित भइरहेका छौं भन्ने हो त ? यिनै प्रश्नहरूका सन्दर्भमा मैले आफू, मेरो आफ्नो बालक्लबमा संलग्नता अनि ममा आएका परिवर्तनहरू तथा मैले गुमाएका कुराहरूसमेतका सन्दर्भमा आफैंलाई नियालेर हेर्ने जमर्को गरेको छु ।

आफ्नै बारेमा घोत्लिंदै जाँदा मैले आजभन्दा १० वर्ष अघि अर्थात् सन् १९९५ देखिका कुराहरू सम्झन थालें । त्यस समयमा सायद म त्यस्तै तीनचार कक्षामा पढ्थें होला । त्यतिबेला हातेमालो बालक्लबको एउटा समूह मेरो विद्यालयमा भ्रमण कार्यक्रमअन्तर्गत आएको थियो । त्यस समूहले मेरो विद्यालयमा चेतनामुखी नाटक प्रदर्शन गऱ्यो । त्यस समूहमा एकजना मेरो कक्षामा नै पढिरहेको साथी पनि थियो । मेरो विद्यालयमा उनीहरूको आगमन यो सन्जोगको लागि ठूलो संयोग हुनपुग्यो । किनभने, मलाई सानैदेखि नाटकमा अभिनय गर्ने रुचि थियो । मेरा बुबा टुरिष्ट गाइड हुनुभएकोले कहिलेकहीं उहाँले घरमा विभिन्न देशका अतिथिहरू ल्याउने गर्नुहुन्थ्यो । त्यतिबेला म उहाँहरूलाई विभिन्न क्षणहरू र अवस्थाहरूको विभिन्न किसिमबाट अभिनय गरेर देखाइदिन्थें । सो समूहका साथीहरूसँग कुरा गर्दा मभित्र रहेको अभिनय गर्ने मेरो इच्छा त्यस समूहमा सामेल भएर काम गर्दा पूरा हुने सम्भावना मैले देखें ।

मेरो विद्यालयको सो समूहमा सामेल भएर नाटक देखाउन आउने साथीको नाम निर्मल हो । म उनलाई निर्मल दाइ भनेर सम्बोधन गर्थें । अन्ततः म उनै निर्मल दाइसँग हरेक हप्ता शुक्रबार विद्यालय छुट्टी भएपछि हातेमालो बालक्लब जान थालें । त्यहाँ हरेक हप्ता शुक्रबार हामी विभिन्न विद्यालयका साथीहरू भेला हुन्थ्यौं र बालक्लबका तर्फबाट के-के कार्यक्रम गर्ने, बालक्लबलाई कसरी अघि बढाउने भन्ने जस्ता विषयहरूमा छलफल गर्ने गर्थ्यौं । त्यस्तै हातेमालो सञ्चार (हातेमालो बालक्लबको मातृसंस्था) ले रेडियो नेपालबाट प्रसारण हुने बाल रेडियो कार्यक्रमहरू सुनी त्यसका राम्रा र सुधार गर्नुपर्ने पक्षहरूबारे चर्चा परिचर्चा पनि गर्ने गर्दथ्यौं ।

त्यसैताका हातेमालो सञ्चारले एक्का (ECCA) नामक संस्थासँग मिलेर वातावरण संरक्षण शिविरको आयोजना गरेको थियो । मैले त्यसमा सहभागी हुने मौका पनि पाएँ । वास्तवमा हातेमालो बालक्लबबाट सहभागी हुन लागेको र घरबाट टाढा बस्नुपर्ने गरी भाग लिन गएको त्यो नै मेरो पहिलो कार्यक्रम थियो । मलाई सम्झना छ कि त्यस शिविरमा सहभागी हुन जानका लागि अनुमति पाउन मैले मेरो परिवारसँग धेरै नै आग्रह गर्नुपरेको थियो । मलाई शुरुमा त त्यस शिविरमा सहभागी हुन पाउँदिनँ कि झैँ लागेको पनि थियो । अन्त्यमा धेरै प्रयासपछि मेरा बुबाले मलाई अनुमति दिनुभयो । अनि मैले त्यस शिविर कार्यक्रममा सहभागी हुने मौका पाएँ । हामीले सो शिविरको अन्तिम दिन विभिन्न समूह बनाई नाटक प्रस्तुत गर्‍यौं । त्यतिबेला मैले राम्रो अभिनय गर्न सकेको भनेर धेरै दाईदिदीहरूको, साथीहरूको र अभिभावकहरूको स्याबासी पाएको थिएँ । यसबाट मलाई अझै थप हौसला मिल्यो ।

हातेमालो बालक्लबबाट कुनै विशेष कार्यक्रममा सहभागी भएको त्यही नै मेरो लागि पहिलो कार्यक्रम थियो । यसरी झण्डै ७ वर्षको उमेरमा सबै सहभागी, अभिभावकहरूका अगाडि बिना कुनै तालिम अभिनय गर्नु मेरा लागि ज्यादै नै चुनौतीपूर्ण रहेको थियो । तर उहाँहरूको हौसला र हातेमालोको मप्रतिको विश्वासले मलाई आफ्नो व्यक्तित्व विकास गर्न थप उर्जा दियो र धेरै पछिसम्म अर्थात् अहिलेसम्म पनि प्रेरित गरिरहेको छ । यसै क्रममा मैले हातेमालो सञ्चारको आयोजनामा सर्वनाम नाट्य संस्थाबाट सञ्चालन भएको एकहप्ते सडकनाटक तालिममा सहभागी हुने मौका पनि पाएँ । उक्त नाटकसम्बन्धी तालिम लिएपछि मात्र मैले नाटक क्षेत्रमा केही छुट्टै पहिचान पाउन सफल भएँजस्तो मलाई लाग्दछ । त्यसपछि म हरेक शनिबार साँझ ५:१५ देखि ५:३० सम्म रेडियो नेपालबाट प्रसारण हुने हातेमालो रेडियो कार्यक्रममा प्रसारित हुने बालनाटकमा पनि नियमित रूपमा सहभागी भएँ । नेपालभरि प्रसारण हुने उक्त नाटकमा कलाकार बन्नु मेरा लागि थप अवसर र चुनौती भएको थियो । त्यहीँबाट नै मैले राष्ट्रियस्तरका धेरै कलाकार दाईदिदीहरूसँग भेट्ने मौका पाएँ, उहाँहरूसँग घुलमिल हुने र धेरै कुराहरू सिक्ने मौका पाएँ । त्यसैताका नेपाल टेलिभिजनबाट प्रसारण हुने केही बालकार्यक्रमहरूमा समेत मैले अभिनय गर्ने अन्य विभिन्न ढङ्गबाट सहभागी हुने मौका पाएँ ।

साँच्चै भन्नुपर्दछ, घरछिमेकतिर, मेरा बुबाआमाले मेरो अनुहार टेलिभिजनमा हेर्न र आवाज रेडियोमा सुन्न पाउँदा उहाँहरू धेरै खुसी हुनुभयो । झन् मैले बालअधिकार तालिम लिन पाएपछि त मेरो परिवार र मेरो छिमेकमा समेत बालक्लबको प्रभाव बढ्न गयो । पहिलेपहिले म अरूसँग त के कुरा परिवारमा नै पनि आफ्ना कुराहरू, व्यक्तिगत समस्याहरू राख्न डराउँथे, लजाउँथे । म कहीं पनि त्यति बोल्ने गर्दिनथेँ । म कुनै पनि कुरा कसैसँग पनि सल्लाह र छलफल गर्ने गर्दिनथेँ । म सानो छँदा मेरो भकभकाउने बानी पनि थियो । बोल्यो भने साथीहरूले मलाई जिस्क्याउँथे, त्यसैले पनि म बोल्न झन् हिचकिचाउँथेँ । त्यस्तो स्थितिले गर्दा मलाई अरूको दुःखमा हाँस्नु हुँदैन, खिल्ली उडाउनु हुँदैन भन्ने प्रेरणा त दियो नै तर मप्रति हुने त्यस्तो व्यहारको विरुद्ध केही बोल्न सक्ने मेरो हिम्मत भने ममा त्यसबेला हुँदैनथ्यो । तर, बालक्लबमा आएपछि बिस्तारै मेरो त्यो बानी पनि हराउँदै गयो । मैले आफ्नो अधिकारका विषयमा मात्र होइन कर्तव्यकोबारेमा पनि बुझ्ने मौका पाएँ । त्यसपछि म बिस्तारै सबैका सामु बोल्न सक्ने भएँ । जीवनमा आएका सानातिना समस्याहरू आफू र परिवारबाटै हल गर्न थालेँ । अहिले मेरो परिवारमा दैनिकजसो बेलुकी खाना खाने समयमा हामी एकआपसमा दिनभरका घटना सुनाउने, छलफल गर्ने गर्छौं । अनि म र बालक्लबबाट प्रेरणा पाएर मेरा सँगैका साथीहरूको परिवारमा पनि यस्तै छलफल हुन्छ भनेर भनेको सुन्दा मलाई रमाइलो लाग्छ । वास्तवमा बालक्लबमै आएर परिवारसँग छलफल गर्ने, मिल्ने, सँगै काम गर्ने, घुम्ने र दुःखसुखमा साथ दिने अवस्थाको सिर्जना गर्न सकिएको हो भन्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु । यो अवस्थासम्म पुर्‍याउन मलाई बालक्लबले नै सहयोग गरेको हो भन्ने कुरामा कहीं कतै पनि कुनै शङ्का छैन ।

हाल म आफूले लिएका तालिमहरूबाट सिकेका कुराहरू आफूमा मात्र सीमित नराखी आफ्नो

# मेरी साथी रामकुमारीको कथा

रीताकुमारी हमाल, बालसल्लाहकार सदस्य, कन्सोर्टियम,
श्री सिद्धनाथ बालक्लब झलारी, कञ्चनपुर

रामकुमारी रानाको जन्म महेन्द्रनगरस्थित रिछ्राहा भन्ने गाउँमा एउटा गरीब परिवारमा भएको हो। उनको एउटा भाइ छ र आमाबाबु हुनुहुन्छ। आमाबाबु खेतीपाती गरी परिवारको जीविका चलाउनुहन्छ। उहाँहरूले रामकुमारीको भाइलाई विद्यालय भर्ना गरिसक्नुभएको छ तर रामकुमारीलाई भने विद्यालय पठाउनुभएको छैन। रामकुमारी भने विद्यालय जान र पढ्नलेख्न भनेपछि हुरुक्कै हुन्छिन्। उनले धेरैचोटि बुवाआमासँग आफूलाई "विद्यालय पठाइदिनुस् म पनि पढ्छु" भनेर आग्रह गरेकी छन्। उनका बुवाले जहिले पनि "छोरी भएर पढ्नुपर्छ र ? छोरीले त घरको काम गर्नुपर्छ" भनेर उनको अनुरोधलाई नकार्ने गर्नुभएको छ। कहिलेकहीँ त उहाँ उनलाई गाली पनि गर्ने गर्नुहुन्छ। रामकुमारीको गाउँमा एउटा बालक्लब पनि स्थापना भएको थियो र रामकुमारीले यसका बारेमा थाहा पाएपछि उनी पनि बालक्लबमा सदस्य भइन्।

आफू सदस्य भैसकेपछि रामकुमारीले बालक्लबकी अध्यक्ष रमालाई आफ्नो पढ्ने इच्छा हुँदाहुँदै पनि पढ्न नपाएकोमा दुःख प्रकट गरिन्। रमा अहिले १५ वर्षकी भएकी छिन् र उनी आफू कक्षा ९ मा अध्ययनरत छिन्। उनको बालक्लबमा भएका र नभएका बालबालिकालाई आफूले सकेको सहयोग गर्ने बानी छ। उनी यसरी रामकुमारीको कुरा सुनेपछि रामकुमारीलाई पनि सहयोग गर्न सकिन्छ कि भनेर चिन्तनशील भइन्। उनले भोलिपल्ट नै बालक्लबका सम्पूर्ण सदस्यहरूलाई भेला गराइन् र यसबारेमा छलफल गराइन्। त्यसपछि बालक्लबका सदस्यहरूले रामकुमारीको घरमा गई उनका आमाबाबुसँग कुरा गर्ने निधो गरे। उनीहरूले रामकुमारीका बाबुआमालाई सम्झाउँदै भने, "हेर्नुस् आमाबाबा, छोराछोरी दुबैलाई स्कुल पठाउनुपर्छ। छोराले गर्ने काम छोरीले गर्न नसक्ने केही छैन। अब पहिलेपहिलेको जस्तो अन्धविश्वास लिएर बस्ने जमाना छैन। अब अन्धविश्वास हटाउनुस् र आफ्नो छोरीको भविष्य बनाउनतिर लाग्नुहोस् । तपाईंहरूले छोरीलाई पढ्ने मौका दिनुभयो भने भविष्यमा उनले केही काम गर्न सक्छिन्। केही नभए पनि चिठीपत्र त पढ्न सक्छिन्।" यसरी रमा र साथीहरूले सम्झाउँदा रामकुमारीका आमाबाबुले उनलाई पनि स्कुल पठाउने निर्णय गरे। रामकुमारी पनि खुसी भइन् र बालक्लबका साथीहरू पनि खुसी भए। रामकुमारीका बाबाआमा पनि आफ्नो अबुझपनलाई सुधार गर्न सकिएकोमा खुसी हुनुभयो।

यसरी भोलिपल्टदेखि रामकुमारी पनि विद्यालय गइन् र विद्यालय जान पाएकोमा खुसी हुँदै उनी मेहनतका साथ पढ्न थालिन्। अहिले उनी एस.एल.सी. दिएर गाउँकै प्राथमिक विद्यालयमा पढाउने गर्छिन्। त्यस गाउँका धेरैजसो पढ्न नपाएका छोरीहरू र तिनका आमाबाबुले पनि रामजकुमारीको लगनशीलतालाई देखेर आफ्ना छोरीहरूलाई पनि विद्यालय पठाउन थालेका छन्। अहिले रामकुमारीका आमाबाबु बालक्लबदेखि धेरै नै खुसी हुँदै त्यसप्रति आभार व्यक्त गर्नुहुन्छ।

रामकुमारी विद्यालय गएपछि उनमा आएका परिवर्तनलाई हेर्दा सबै बाबाआमाले बालबालिकाको चाहनालाई बुझिदिनुपर्दछ। उहाँहरूले बालक्लबको महत्वलाई समेत बुझी छोराछोरीलाई यी अवसरहरू प्रदान गरी बालबालिकाको जीवन उज्यालोतर्फ डोऱ्याउने परिस्थिति ल्याइदिनुहुन हामी सबै अभिभावकहरूमा अनुरोध टक्र्याउन चाहन्छौं।

यस लेखमार्फत् मेरो मनमा उब्जेका भावनाहरूलाई बाहिर प्रस्तुत गर्नमा सहयोग गर्ने श्री कुलबहादुर डगौरालाई विशेष धन्यवाद दिन चाहन्छु।

बालक्लबमा, राजधानीका तथा राजधानी बाहिर भएका अन्य बालक्लबहरूमा पनि बाँड्ने गरेको छु। त्यस्तै हातेमालो बालक्लबमा रहेर मैले बालबालिका सम्बन्धी दक्षिण एसियाली देशहरूका क्षेत्रीय कार्यक्रमहरूमा पनि सहजीकरण गर्ने र श्रोतव्यक्तिका रूपमा काम गर्ने मौका पाएको छु। आज यो अवस्थासम्म आइपुग्न मलाई हातेमालो बालक्लब अनि यसको बालअधिकारका लागि बालसहभागिता भन्ने अवधारणाका कारण सहयोग पुगेको तथा सम्भव भएको हो।

यसैबीच हातेमालो बालक्लबका तर्फबाट सन् २००२ को मे महिनामा न्यूयोर्कमा आयोजना भएको संयुक्त राष्ट्रसङ्घको बालबालिकाका लागि विशेष बैठक (United Nations General Assembly Special Session on Children-UNGASS) मा सहभागी हुन पाउँदा र त्यस कार्यक्रममा बालबालिकामध्ये उत्कृष्ट वक्ताको पुरस्कारसमेत पाउँदा मलाई धेरै खुसी लागेको थियो। त्यतिबेला मलाई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली बालबालिकाको आवाजलाई सहज ढङ्गबाट उठाउन सकेको अनुभूति भएको थियो। यसबाट मैले नेपालकै इज्जत बढाउन सकेको महसूस गरेको थिएँ। एकजना बालक र बालिका भनेको त्यस देशकै नागरिक हुन्, परिवर्तनका संवाहक हुन् अनि राष्ट्रकै प्रतिनिधि हुन् भनेर त्यसपछि मलाई अनुभव भयो। सोही कार्यक्रमको अनुगमन र फलोअपस्वरूप श्री ५ को सरकार, केन्द्रीय बालकल्याण समिति, सेभ द चिल्ड्रेन, कन्सोर्टियम, युनिसेफ लगायतका संस्थाहरूको सहयोगमा आयोजित बालबालिकासम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २००५-२०१५ तर्जुमा प्रक्रियामा हातेमालो बालक्लबका तर्फबाट मैले सहभागी हुने अवसर पाएँ। यसबाट मलाई वास्तवमै बालबालिका पनि देशकै एउटा जिम्मेवार व्यक्ति हुन् भन्ने कुरालाई राष्ट्रले पनि स्वीकार गरेको कुरा महसूस भयो।

हाल म हातेमालो बालक्लबको एक साधारण सदस्यबाट सल्लाहकारका रूपमा रहेको छु। अनि हातेमालो बालक्लबबाट बालबालिकाको उमेरहद पार गरिसकेका भूतपूर्व सदस्यहरू मिली हातेमालो सञ्चारकै मातहतमा स्थापना गरेको हातेमालो युथ ग्रुपको एक सदस्यका रूपमा रहेको छु। यस ग्रुपबाट २०६१ सालमा राष्ट्रव्यापी बालनाटक महोत्सव पनि आयोजना भएको थियो। हातेमालो बालक्लबको सहजीकरण गर्ने गरेको हुँदा मलाई त्यस राष्ट्रव्यापी बालनाटक महोत्सवको संयोजकको भूमिका निर्वाह गर्न ठूलो सहयोग पुग्यो, जुन जिम्मेवारी वहन गर्ने क्षमता मलाई मेरो १० वर्षे हातेमालो बालक्लबको अनुभवले सहयोग गरेको थियो।

बालबालिकाले मात्र बालबालिकाका खास समस्या बुझ्छन् भन्ने मान्यताअनुरूप बालक्लबको प्रतिनिधित्व गर्दै विगत ३ वर्षदेखि हातेमालो सञ्चारको कार्यकारिणी समितिको सदस्यका रूपमा रही बालक्लबका समस्याहरूका बारेमा आवाज उठाउनुका साथै संस्थाको नीतिनियम तर्जुमा गर्ने काममा पनि सहभागी भइआएको छु। सन् १९९६ तिरबाट नाटकको बालकलाकारको रूपमा शुरु भएको मेरो बालक्लबको यात्रा हातेमालो बालक्लबको साधारण सदस्यबाट हातेमालो सञ्चारको कार्यकारिणी सदस्यसम्म पुगेको छ। हाल हातेमालोमा बालपत्रकार तथा सहजकर्ताकै रूपमा आफूलाई स्थापित गर्न म सक्षम भएको छु। त्यस्तैगरी हालका दिनहरूमा म हातेमालोले सञ्चालन गरिरहेको एउटा रेडियो कार्यक्रम पनि चलाउँछु। र विशेषगरी किशोर–किशोरी तथा युवाहरूमा फैलँदै गएको दुर्व्यसनका विरुद्ध साप्ताहिक रूपमा रेडियो कार्यक्रम सञ्चालन गरिरहेको छु। त्यस्तै गरी सर्वनामजस्तो नाट्यसंस्थाको कलाकारका रूपमा आफूलाई स्थापित गराउन पनि मलाई मेरो क्लबले धेरै मद्दत गरेको छ।

यसबीचमा मसँगका, मभन्दा पहिले र पछि आएका धेरै बालबालिका बालक्लबका सदस्य भए र तिनले बालक्लब पनि छोडेर गए। तर मैले छोडिनँ किनकि बालक्लबले नै मलाई नयाँ परिचय दियो। बालक्लबमै लागेका कारणले गर्दा आज म एक कुशल पत्रकार, सहजकर्ता तथा प्रशिक्षक, कलाकार, रेडियो कार्यक्रम प्रस्तोताका रूपमा अगाडि आउन सकेको छु। त्यसभन्दा पनि ठूलो कुरा भनेको मैले मेरो परिवारमा आफ्नो कुराहरू राख्ने परिपाटीको विकास गर्न सकेको छु। मेरो परिवारको पारिवारिक छलफलमा पनि हामी छोराछोरीहरूको सक्रिय र समान सहभागिता हुन थाल्यो। हामीबीचको सम्बन्ध सहज र सौहार्दपूर्ण रहेको छ।

पहिलो पटक एक्का क्याम्प (ECCA Camp) मा सहभागी हुँदा अन्तिम दिन नाटक प्रदर्शनीमा मेरो परिवारबाट कोही पनि हेर्न आउनुभएको थिएन। तर आज हातेमालो आइसकेपछि भएको मेरो व्यक्तित्व विकास अनि हातेमालो बालक्लबका बारेमा उहाँहरूको बुझाइमा विकास भएपछि आजकल यस्ता कार्यक्रमहरूमा उहाँहरू आउनुहुन्छ र मलाई हौसला दिनुहुन्छ। त्यतिमात्र नभएर कहिले कहीं त "खै, हातेमालोबाट केही कार्यक्रमहरू भएको छैन?" भनेर

पनि सोध्नुहुन्छ । मेरो यो कथा त एउटा उदाहरण मात्र हो । वास्तवमा यो एकजना सन्जोग र हातेमालो बालक्लबको मात्र नभएर नेपालभरिका धेरैजसो बालक्लबमा क्रियाशील भएका सदस्यहरूको कथा हो भन्न अत्युक्ति नहोला । तथापि बालक्लबका अन्य सदस्य साथीहरूले मैलेभन्दा फरक किसिमबाट अवसर पाएका हुन सक्दछन् ।

यदि बालक्लबले बालअधिकार अनि यसको प्रवर्द्धनका लागि बालसहभागिताको पाइग्रा नसमातेको भए आज बालक्लबका हिमायतीहरू चाहे बालबालिका होऊन् वा वयस्क होऊन्, उनीहरू आ-आफ्ना क्षेत्रमा सक्रिय रूपले कार्यरत रहन सक्दैनथे होला । हातेमालो मात्र होइन नेपालका थुप्रै बालक्लबहरू तथा संघसंस्थाहरूले पनि बालक्लवका हिमायतीहरूलाई जन्म दिएको छ । बालक्लबका हिमायतीहरूका उदाहरणमा म अहिले केही साथीहरूलाई सम्झिरहेको छु । उहाँहरूमा अशोक शिवाकोटी, निर्मल बलामी, सुवास न्यौपाने, लोकेन्द्र शाक्य, प्रवेश के.सी., सविन सिंह, विक्रम खनाल, उकास श्रेष्ठ, लक्ष्मी नापित, नन्दकिशोर चौधरी, तिलोत्तम पौडेल, भीममाया प्रजापति, सुशील पन्त, विदुर वि.क., दिलमाया घिसिङ, गुरुशरण सदा, सुस्मा के.सी., आत्माराम न्यौपाने, आन्विका गिरी, कृति भट्टराई, सरला खड्का, सोनु चौधरी, रामभरोसी महतो केही त्यस्ता नामहरू हुन् जो सबै विभिन्न बालक्लबबाट उठेर अनुकरणीय उदाहरणहरू बन्न सफल हुनुभएको छ । मेरा यी साथीहरूले बालअधिकारका क्षेत्रमा छुट्टै पहिचान र स्थान बनाइसक्नुभएको छ । त्यत्तिमात्र नभएर धेरै संख्यामा रहेका बालअधिकार तथा बालक्लबका हिमायती साथीहरू आज विभिन्न संघसंस्थाहरूमा सक्रिय छन् भने कति साथीहरू विभिन्न स्थानीय रेडियो, एफएम, पत्रपत्रिकाहरूमा कार्यरत छन् । त्यसैगरी कतिजना आफ्नै संघसंस्था स्थापना गरी बालअधिकार र मानवअधिकारका लागि सक्रिय छन् भने कतिचाहिँ अभिनयका क्षेत्रमै नाटक, रङ्गमञ्च अनि फिल्मी क्षेत्रमा योगदान दिई नाम कमाइरहनुभएको छ ।

तर, अचेल ठूला संघसंस्थाहरूबाट सुन्नमा आउँछ– "बालक्लबहरूले बालबालिकाको व्यक्तित्व विकासमात्र गरेर पुग्दैन । बालक्लबहरूले समाजमा के परिवर्तन गरे त ?" मलाई लाग्छ समाजको परिवर्तन सकारात्मक रूपमा परिवर्तन आएको व्यक्तिबाटै हुन्छ । जसरी एकजनाको नकारात्मक व्यक्तित्वले समाजमा नकारात्मक गतिविधि मच्चाउन सक्छ, त्यसरी नै एकजना बालक वा बालिकाको व्यक्तित्व विकासले सिङ्गो समाजलाई परिवर्तन गर्नसक्छ । वास्तवमा वयस्कहरूले कुनै एक संस्था खोली सामाजिक परिवर्तनका लागि काम गर्छन्, त्यसरी नै बालक्लबले समाजमा परिवर्तन गर्न जिम्मेवारी लिनुपर्छ भन्ने मान्यता मलाई ठीक हो जस्तो लाग्दैन । तर पनि हामीसँग धेरै उदाहरणहरू छन्– बालबालिकाले बालक्लबका माध्यमबाट सिक्ने र सिकाउने क्रममा समाजका लागि समेत धेरै योगदान दिइरहेका छन् । समाजमा रहेका कुरीतिहरू जस्तैः बालविवाह, चेलीबेटी बेचबिखन, श्रमशोषण, धुम्रपान निषेध, सरसफाइ आदिका बारेमा जनचेतना तथा कार्यक्रमहरू सफतापूर्वक सञ्चालन गरिरहेका छन् । समाज परिवर्तनका लागि यी जेजति कार्यक्रमहरू भए ती सबै बालबालिकाको सहभागिता, योग्यता र क्षमता अनुसार भएका हुन् भन्ने कुरा सबैले बुझिदिए हुन्थ्यो जस्तो लाग्छ । साथै, वयस्कहरूबाट जुन किसिमको अपेक्षा गरिन्छ त्यसरी नै बालबालिकाबाट अपेक्षा गर्नु ठीक हो जस्तो पनि लाग्दैन ।

यसै सन्दर्भमा, "बालक्लबलाई गैह्रसरकारी संघसस्थाहरूले आफ्नो खाने बाटो मात्र बनाएका छन् ।" भन्ने प्रश्न उठेको हुनसक्छ । तर, मेरो अनुभवले भन्छ, बालक्लब वास्तवमै बालअधिकारको विकासका लागि महत्वपूर्ण छ । कतिपय अवस्थामा बालक्लबको नामबाट केहीले फाइदा उठाएका हुनसक्छन् । तर, त्यसको दोष बालबालिकाका तथा सबै बालक्लब र तिनलाई सहयोग गर्ने सबै गैह्रसरकारी संस्थाहरूलाई दिनु उपयुक्त हुँदैन कि ? बरु, बालक्लबहरूलाई खाने भाँडो बनाएको देख्ने र थाहा पाउनेहरूले कुरा र दोष मात्र नदिई बालअधिकारको संरक्षणका लागि त्यस्ता संस्थाहरूलाई कारवाही गर्न स्पष्ट रूपमा अगाडि बढ्नुपर्ने देखिन्छ । यदि यस्तो भएमा बालबालिका तथा बालक्लबहरूलाई बालअधिकारको विकास गर्नका लागि झन् हौसला मिल्ने थियो ।

# बालक्लबमा मेरो संलग्नता र ममा आएका केही परिवर्तनहरू

अमर शर्मा हातेमालो बालक्लब, बालकोट, भक्तपुर

देशभरि छरिएर रहेका बालक्लबहरूसँग कार्य गर्ने संस्थाहरूको साझा समूह (कन्सोर्टियम) हो । देशका विभिन्न २२ जिल्लामा रहेका यसका सदस्य संस्थाहरूसँग हालसम्म लगभग ३००० बालक्लबहरू आबद्ध छन् भने करिब ८०,००० बालबालिकाले ती बालक्लबबाट प्रत्यक्ष लाभ पाइरहेका छन् । बालक्लबलाई सुदृढीकरण गर्नु र बालसहभागिताको प्रवर्द्धन गर्नु कन्सोर्टियमको मुख्य उद्देश्य रहेको छ । बालक्लबहरू बालबालिकाको विकासतर्फ सम्बन्धित हुन्छन् भने कन्सोर्टियमचाहिँ बालक्लबहरूको विकाससँग सम्बन्धित संस्थाहरूको क्षमता अभिवृद्धि र अनुभवहरूको साटासाट एवं देशमा बालक्लब अभियानलाई अगाडि बढाउन प्रयत्नशील छ । त्यसैले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा कन्सोर्टियम बालबालिकाको विकाससँग सम्बन्धित संस्था हो ।

वास्तवमा बालक्लबहरू भनेका बालबालिकालाई नभई नहुने संस्था हुन् किनभने यसले बालबालिकाका जीवनमा र समाजमा सकारात्मक परिवर्तन ल्याउन राम्रो भूमिका खेलेका छन् । कुनै पनि बालक्लबमा बालबालिका समावेश भएपछि, उनीहरू कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुन थालेपछि मात्र त्यस बालक्लबको आन्तरिक विकासमा तिब्रता आउन थाल्दछ । त्यसो भएपछि बालक्लबमा संलग्न भएका बालबालिकाको विकासले पनि गति लिन थाल्दछ ।

मेरै आफ्नै उदाहरण लिने हो भने पनि शुरूशुरूमा मलाई क्लबमा जाँदाखेरी ज्यादै लाज लाग्दथ्यो । अरू सबै बालबालिका अरूहरूका सामुन्ने धक नमानी बोलेको देख्दा र आफूचाहिँ बोल्न नसक्दा कहिलेकहीँ त मलाई हिनताबोधसमेत हुन्थ्यो । त्यसो भए पनि मैले बालक्लबमा जाने कुरालाई निरन्तरता दिई नै रहेँ । बालक्लबमा मैले पाएका अवसरहरूले मलाई धेरै सिक्ने अवसर र वातावरण दियो । अरूहरूका अगाडि आफ्ना कुराहरू निर्धक्क बोल्न निरन्तर उत्प्रेरणा र हौसला पाएका कारण ममा आन्तरिक क्षमतामा धेरै नै परिवर्तनहरू भए । बालक्लबमार्फत् सूचनाको पहुँच भएका कारण ममा नेतृत्वशक्तिको पनि विकास भयो । आम जनताका सामू सडक नाटक देखाउने, स्टेज कार्यक्रमहरू चलाउने, ठूला-ठूला सभामा आफ्ना विचार धक नमानीकन राख्न सक्ने इत्यादि कुराहरूको विकास ममा भयो । समाजमा पनि मलाई सबैले माया, स्नेह र हौसला दिन थाले । तत्पश्चात् मैले विभिन्न अवसरहरू पनि पाउन थालेँ । मैले 'काँचुली' नामक टेलिचलचित्रमा पनि मुख्य भूमिका खेल्ने अवसरसम्म पाएको छु ।

वास्तवमा भन्नुपर्दा बालक्लब जानुभन्दा पहिले म पढाइमा पनि कमजोर विद्यार्थीमा गनिन्थेँ । तर बालक्लब आउन थालेपछि मैले पढाइको महत्व बुझेँ र यसले मलाई पढाइमा पनि सहयोग मिल्यो । अन्ततोगत्वा म सधैँ कक्षामा पासमात्र हुने विद्यार्थीले एस.एल.सी. परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएँ । यसबाट मेरो परिवारका सबै सदस्यहरू साथीभाइलगायत छरछिमेकीहरूसमेत औधि खुशी हुनुभयो । अहिले म मेरो समाजको दृष्टिकोणमा एक मेहनती र असल स्वभाव भएको बालकका रूपमा चिनिन्छु । यसैका कारणले मैले अहिले एउटा गैह्रसरकारी विद्यालयमा शिक्षकको जागिर पनि पाएको छु । म मेरो क्लबप्रति र यसले मेरो जीवनमा ल्याउन सकेको परिवर्तनका प्रति अति नै गौरवान्वित छु । म बालक्लबमा आवद्ध नभएको भए, बालक्लबमार्फत् अवसरहरू र वातावरण नपाएको भए शायद एउटा आवारा केटा पो हुन्थेँ होला कि !

विगत डेढ वर्षदेखि म कन्सोर्टियमको बालसल्लाहकार मञ्चको सदस्य पनि रहेको छु । यो सबै देन मेरो बालक्लबकै कारण भएको हो भन्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु । र बालक्लबमा सहभागी भएका

मेरा अरू साथीहरूले पनि मैले जस्तै आफूलाई विकास गर्न सकून् म यही कामना व्यक्त गर्न चाहन्छु । आफूलाई कस्तो रूपमा विकसित गराउने भन्ने कुरा धेरै हदमा हामी आफूमा नै भर पर्दछ तथापि बालक्लबले हामीहरूलाई उपलब्ध गराएको सकारात्मक वातावरण वास्तवमै अतुलनीय छ भन्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु ।

बालक्लबमा संलग्न सबै साथीहरूलाई शुभकामनाका शब्द व्यक्त गर्न चाहन्छु, धन्यवाद ।

## ब्यक्तित्व बिकासको निम्ति बालक्लब

रीताकुमारी हमाल/ श्री सिद्धनाथ बालक्लब झलारी, कञ्चनपुर/बालसल्लाहकार सदस्य, कन्सोर्टियम

मेरो नाम रीताकुमारी हमाल हो । म अहिले १६ वर्षमा प्रवेश गरेकी छु । मेरो जन्म कञ्चनपुर जिल्लाको कलुवापुर भन्ने गाउँमा निम्नवर्गीय परिवारमा भएको हो । त्यतिबेला म गाउँकै भीम आदर्श स्कूलमा कक्षा ५ मा पढ्थें । हाम्रो गाउँमा २०५४ सालमा सिद्धनाथ बाक्लबको स्थापना भएको थियो । तर, म सानै भएका कारणले मैले बालक्लबको महत्व बुझेकी थिइनँ । बालक्लब भन्नाले के बुझिन्छ भन्ने कुराको ज्ञान नभएका कारणले हाम्रा दाजुभाइ र दिदीहरूले बालक्लबमा जाऔं भन्दा मान्दिनथें । तर जब बालक्लबमा खेल सामग्रीको व्यवस्था गरियो त्यसपछि हरेक हप्ता शुक्रबार त्यस क्लबका सदस्यहरू खेल सामग्री लिएर केहीबेर खेलेर अनि बालक्लबका बारेमा जानकारी दिने गर्थें । म पनि खेल खेल्न पाउने रहरले सधैं बालक्लबमा जान्थें ।

त्यसबेला बालक्लबमा सिकाएका कुराहरू राम्ररी बुझ्दै जाँदा बालक्लबको महत्व बुझ्न पुगें । अनि म पनि २०५८ सालमा बालक्लबको सदस्य बन्न पुगें । पछि म औपचारिक रूपमा सदस्य भएका कारणले क्लबका दाजुदिदीहरू हामीलाई विभिन्न सांस्कृतिक कार्यक्रमहरू एवं बालदिवसमा सहभागी गराई नाच्ने, गाउने, विभिन्न किसिमका प्रतिभाहरू देखाउने मौका र हौसला पाएँ । अनि पछि हामीले पनि बालक्लबको महत्व राम्ररी बुझिसकेका थियौँ । यसरी हाम्रो बालक्लबका अग्रणी अथवा दिदीदाजुहरूको अहिले विवाह भैसकेको छ र उहाँहरू अहिले बालक्लबमा हुनुहुन्न । त्यसकारण हाम्रो बालक्लबको निर्णय अनुसार अहिले म सिद्धनाथ बालक्लबको उपाध्यक्ष पदमा रही बालक्लबमा सहभागी भई क्लबका कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछु । उपाध्यक्षका नाताले भन्नुपर्दा मैले विभिन्न किसिमका तालिम, गोष्ठी र कार्यक्रममा भाग लिने अवसर प्राप्त गरेकी छु । यसले गर्दा आज म निर्धक्कसँग बोल्न र मनमा लागेका कुराहरू अरूसँग राख्न सक्ने भएकी छु ।

हाम्रो यो समाजमा रहेको अन्धविश्वासले गर्दा गाउँघरमा छोराछोरीमा हुने भेदभाव र जातजातिबीच हुने भेदभावबारे हामीले बालक्लबको तर्फबाट सडकनाटक देखाएर समाजमा रहेका कुरीतिहरूलाई हटाउन जनचेतनामूलक कार्यक्रमहरू गर्दै आइरहेका छौं । अहिले कञ्चनपुर जिल्लामा NNSWA द्वारा गठन गरिएको १०० भन्दा बढी बालक्लबहरूका सदस्यहरू बालक्लबबारे बुझ्ने अवसर पाएर एकदमै प्रभावित भएका छन् । र, हामी पनि एकदमै खुसी भएका छौं । मलाई यहाँसम्म ल्याइपुऱ्याउन बालक्लबले धेरै सहयोग गरेको छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु । यस्तै अवसरहरू लिएर अगाडि बढ्न म बालअधिकार प्राप्त गर्न सचेत रूपमा जुटिरहनुभएका बालबालिकाकालाई आग्रह गर्न चाहन्छु ।

बालबालिकाले बालक्लबमा लागेर आफ्नो बालप्रतिभा र क्षमताको विकास गर्दै गए भने भविष्यमा देश सञ्चालन र विकास कार्यमा नैतिक जिम्मेवारी बहन गर्न सक्ने खालका नागरिक तयार हुनेछन् । साथै उनीहरू देशलाई विकास र शान्तिको बाटोमा अगाडि बढाउन सक्षम हुनेछन् जस्तो मलाई लाग्दछ ।

*यो लेख तयार गर्न सहयोग गर्नुहुने श्री कुलबहादुर डगौरालाई विषेश धन्यवाद छ ।*

# हामीले केही सफलता हात पारेका छौं

गोमा गुरुङ श्री सुनौलो बालक्लब, प्यार्जुङ ९ कत्रेनी, लम्जुङ

लम्जुङ जिल्लाका विकट गाउँ विकास समितिहरूमा महिला आपसी सहयोग केन्द्रको सहयोगमा बालबालिकाको सहभागिताबाट श्री 'सुनौलो बिहानी बालक्लब' को स्थापना भएको हो । यस बालक्लबको स्थापनाले हाम्रो जस्तो विकट क्षेत्रका बालबालिकाले पनि बालअधिकारबारे बुझ्ने र बालसहभागिताका लागि काम गर्ने अवसर पाएका छन् ।

संस्थाको विधिवत स्थापना भएपछि हामीले सदस्य साथीहरूको सहभागितामा विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं । साथै अरू धेरै कार्यक्रमहरू गर्न हामीले प्रयास गरिरहेका छौं । हामी यस अवधिमा केही महत्वपूर्ण कामहरू सम्पन्न गर्न सफल भएका छौं । हामीले स्थानीय समुदायमा भएका बालबालिकाका लागि जोखिमपूर्ण कामहरूबाट उनीहरूलाई बाहिर निकाल्न र समुदायमा भएका थुप्रै समस्याहरू समाधान गर्न पहल गरिरहेका छौं । हाम्रो बालक्लबले हालसम्म गरिआएका महत्वपूर्ण कार्यहरूमा बालक्लबको लागि आर्थिक सङ्कलन, समुदायमा सरसफाइ अभियान सञ्चालन, बालक्लबको नियमित बैठक र कार्यक्रममा सबै साथीहरूको नियमित सहभागिता तथा बालविवाह रोक्ने अभियान आदि पर्दछन् ।

आर्थिक सङ्कलनबाट आएको रकमलाई बालक्लबहरूले गरीब तथा असहाय परिवारका र टुहुरा बालबालिका अनि विशेष कारणबाट विद्यालय जान नपाएका बालबालिकालाई सहयोग गर्ने गरेका छन् । हामी बालक्लबमा आएर साथीहरूलाई परेका समस्याका बारेमा छलफल गरी आफैं समाधानका उपायहरू खोजी गर्ने काम गर्दछौं । हामी सदस्यहरूले आफूले सिकेका कुराहरूलाई सकेसम्म व्यवहारमा प्रयोग गर्ने गरेका छौं । हाम्रो बालक्लबले हालसम्म गरेको सबैभन्दा महत्वपूर्ण काम भनेको बालविवाह रोक्ने अभियानको सञ्चालन नै हो । समुदायमा बालविवाह रोक्ने क्रममा हामीले आफ्ना सृजनात्मक सोचाइ र सीपको प्रयोग गरेर अभिभावक तथा बालबालिकामा चेतना जगाउने काम गरेका छौं । आवश्यकता अनुसार अभिभावकहरूसँग अन्तरक्रिया गर्ने र उहाँहरूलाई सम्झाउने र आवश्यक पर्दा बुद्धिजीवीको सहयोग लिने काम पनि हामीले गर्दै आएका छौं । त्यतिले पनि नपुगेका ठाउँमा कानुनी प्रावधानका कुरासमेत उठाएर बालविवाह रोक्ने सम्मका कामहरू गर्दै आएका छौं ।

आशा छ, हामी भविष्यमा पनि यस श्री सुनौलो बिहानी बालक्लबमार्फत् समाजमा रहेका कुरीति तथा कुप्रथा हटाउन सफल हुनेछौं । हाम्रो यस बालक्लबको अभियानमा सम्बद्ध सबैको हौसला एवं सहयोगको खाँचो छ ।

The Himalayan Times
Published on April 5, 2005
By: Rajendra Manandhar

# CHILD CLUBS FLOURISHING

Shanti Tamang, a six grader of Sharma Rashtriya High School, has more things to do than just go to school and complete her home work. These days, she is planning a three-day training for her fellow club members on child to child behaviour.

"I'm confident that I can train my friends on how to behave with another child and expect the same from him or her," she said. She said the three-day training includes different tactics for behavior change and leadership development.

Tamang is one of the over 30 members of Bal Bikas Child Club at Chuchhepati. All the members have different talents and the club has provided them with a platform for competitive performance for the past five years. The members, aged eight to fourteen, spend around two hours at the club on "ridays and discuss contemporary issues from the children's perspective.

The club is one among the over 7,000 child clubs working in a loose network for child development throughout the country. Shyam Ghimire, 14, the chairman of the club, said children enjoy free, interaction when there is no "adult" intervention or control and encourage one another to built a new rights-based vision.

"We enjoy imagining our own world and work to make the world suitable for us. Through our songs, poems and dramas we remind the adults what our rights are", he said.

The members also visit other child clubs and interact with them. Occasional interaction with parents and adults provide them an opportunity to disclose practical problems they may face in an orthodox society.

Sushil Achary, a facilitator at Bal Bikash Samaj, an NGO working in the field of child rights, says the child clubs have become very useful platforms for the children to socialize themselves, build up confidence and create pressure on the policy-making level in implementing the international child rights conventions.

Sushila Adhikari, Secretary at the Consortium of Organization Working for Child Clubs, said child clubs can be named one of the exemplary achievements of Nepal towards the implementation of child rights.

Though child clubs are very successful in Nepal, lots of things are yet to be done, she says. Though government statistics report over 7,000 child clubs in Nepal, the Consortium has traced only 3,000.

# बालक्लबहरू बालबालिकाको जीवन र समुदायमा परिवर्तनका कारक बन्न सक्दछन्

चन्द्रिका खतिवडा, सेभ द चिल्ड्रेन, नर्वे

"भौतिक सुख-सुविधा दिएर र विद्यालयमा पढ्न पठाएर मात्र बालबालिकाको समग्र विकास हुने रहेनछ। बालबालिकालाई सामाजिक काममा सहभागी हुने अवसर दिएमा उनीहरू सिर्जनात्मक हुने रहेछन्। उनीहरूलाई बढी सामाजिक र सहयोगी बन्न बल पुग्ने रहेछ।" तनहुँ जिल्ला बन्दीपुर गा.वि.स. वडा नं. ६ झप्रीफाँटको विद्यालयमा अध्यापनरत शिक्षक श्री कृष्णचन्द्र भट्टराईको बुझाइ हो यो। आफ्नो गाउँमा खुलेको बालक्लबको उपलब्धि देखेर उनलाई त्यसो भन्न कर लागेको हो। बालक्लबमा कृष्णचन्द्रका छोरा सुवासलगायत उनको गाउँका ८ देखि १८ वर्ष उमेरका बालबालिका संलग्न भएका छन्।

अर्चलबोट गा.वि.स.वडा नं. ४ उपल्लो अलैंचे गाउँकी संगीता सुँयल परिवारको आर्थिक अवस्था कमजोर भएका कारणले गर्दा शुल्क तिर्न नसकेर स्कूल जान पाएकी थिइनन्। उनलाई बालक्लबका साथीहरू मिलेर कापी, कलम, स्कूलड्रेस आदिका लागि सहयोग गर्ने निधो गरे। २०६१ भाद्रदेखि संगीता विद्यालय जान थालिन्। संगीता भन्छिन् "परिवारको आर्थिक स्थितिका कारण विद्यालय जान नपाउँदा मलाई साह्रै दुःख लागेको थियो। आफ्नो उमेरका साथीहरू स्कुलड्रेस लगाएर झोला बोकेर स्कुल गएको देखेर म कल्पन्थें। तर अहिले बालक्लबका साथीहरूले मलाई सहयोग गरेकाले पढ्ने अवसर पाउँदा खुशी छु। म अहिले दुई कक्षामा पढ्छु।" संगीता अहिले स्थानीय बालक्लबको सक्रिय सदस्य भएकी छन् र बालक्लबको बैठकमा पनि नियमित आउँछिन्।

श्री कालिका प्राथमिक विद्यालय पन्थेडाँडा, भलायखर्क गा.वि.स.मा स्कुलमा कक्षाकोठा पर्याप्त नहुँदा बालक्लबले यसका लागि आवाज उठायो। बालक्लबका सदस्यहरू आफ्नो माग लिएर महिला आपसी सहयोग केन्द्रमा गए। महिला आपसी सहयोग केन्द्रले सो मागलाई सेभ द चिल्ड्रेन, नर्वेसम्म पुऱ्यायो। सेभ द चिल्ड्रेन, नर्वेले पनि उक्त जायज मागमा सुनुवाइ गर्दै समुदायको सहयोगसमेत परिचालित गर्ने गरी कक्षाकोठा निर्माण गर्न सहयोग दियो। यसरी सबैको सामूहिक प्रयत्नबाट थप कक्षाकोठाको निर्माण सम्पन्न गरियो। अहिले स्कूलमा बालबालिकालाई फर्निचरको सुविधा पनि पुगेको छ। कक्षा ५ सम्म पढाइ हुने यस विद्यालयमा हाल १९२ जना विद्यार्थीहरू अध्ययनरत छन्।

"बालक्लबका भाइबहिनीहरूले गाउँघरमा सफा सुग्घर भएर बसौं, सफा खाऔं र स्वस्थ बनौं भन्ने जस्ता सन्देशहरू भएका सानासाना साइनबोर्ड टाँसी सरसफाइ अभियान सञ्चालन गरिरहेका छन्। उनीहरू फुर्सदका समयमा खेलमात्र नखेली बालक्लबमा गएर पत्रपत्रिका पढ्ने गरिरहेका छन्। बालक्लबमा रहेका बालबालिकाले गाउँसमाजमा सानातिना थुप्रै परिवर्तन गर्न गराउन सघाएका छन्।" पाल्पा जिल्लाको देवीनगर गा.वि.स.का एक अभिभावक प्रसन्नता व्यक्त गर्दछन्।

"बालक्लबको गठनपछि बालबालिकाले आफ्नो गाउँटोल सरसफाइ र कोष सङ्कलन गर्ने र विद्यालय नजाने बालबालिकालाई विद्यालय जान अभिप्रेरित गर्ने कामलाई निरन्तर रूपमा अगाडि बढाएका छन्। बालक्लबका परिवारको आर्थिक अवस्था नाजुक भएको कारण विद्यालयमा नियमित नभएका बालबालिकालाई सहयोग गरेका छन्। बालबालिकाले बालक्लबको आन्तरिक कोषबाट दुईजना बालिकालाई विद्यालय भर्ना गरिदिनुका साथै आफ्नै कोषबाट सात सय रुपैयाँबराबरको पोशाक, कापीकलमसमेत दिएका छन्। अहिले ती बालिकाहरू नियमित विद्यालय जान्छन्। उनीहरूको पढाइमा प्रगति देखिएको छ।" महिला आपसी सहयोग केन्द्रका एक सहजकर्ता बालक्लबको कामका बारेमा बताउँछन्।

नेपालका विभिन्न समुदायहरूमा कार्यरत बालक्लबका कामका सन्दर्भमा व्यक्त भएका यी र यस्तै भनाइहरूले बालक्लबका कामका बारे केही प्रकाश पार्दछन्। बालक्लबहरूले बालबालिकाको सहभागिताको अधिकारलाई बढावा दिनका

लागि आफूहरूलाई क्रियाशील बनाएका प्रशस्त उदाहरणहरू देखिन थालेका छन् । साथै यी उदाहरणहरूले बालबालिका आफ्ना अधिकारका धारक (Right holders) हुन् र आफ्नो उमेर, अवस्था र बढ्दो क्षमता अनुसार अधिकारप्राप्तिका सन्दर्भमा समेत सक्रियतापूर्वक काम गर्न सक्दछन् भन्ने मान्यतालाई केही मात्रामा पुष्टि गरेको पाइन्छ ।

बालसहभागिता संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिको एउटा महत्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्तले बालबालिकाको अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरू र व्यक्तिहरूका सामु चुनौति पनि दिएको छ । किनभने, तिनीहरूले महासन्धिको दीर्घकालीन सोच अनुसार बालबालिकाको अर्थपूर्ण सहभागिता हुनेगरी बालअधिकारको सम्मान गर्न एवं बालबालिकालाई "**नागरिक**" तथा "**सक्रिय व्यक्ति**" का रूपमा हेर्ने गरी ठोस कार्य गर्नुपर्ने देखिन्छ । साथै वयस्क व्यक्ति तथा संस्थाहरूले बालबालिकाका जीवनमा सकारात्मक प्रभाव पर्ने र उनीहरूको मानव व्यक्तित्व विकास हुने क्रियाकलापमा बालबालिका स्वयंलाई सहभागी गराउन बालअधिकारसम्बन्धी महासन्धिले स्पष्ट दिशानिर्देश गरेको छ ।

महासन्धिमा उल्लेख भएका बालसहभागितासम्बन्धी प्रावधानहरूले बालबालिकाको निर्णय गर्ने क्षमताको कदर गर्दछ । बालबालिकाले आफूलाई सरोकार भएको विषयमा निर्णय प्रक्रियामा भाग लिन पाउनुपर्दछ, भन्दछ । बालसहभागिताले उनीहरूलाई आफ्नो भावना, मनको कुरा व्यक्त गर्न पाउने, स्वतन्त्र अभिव्यक्ति दिन पाउने अधिकार सुनिश्चित गर्दछ । आफ्ना यस्ता विचार बालबालिकाले अन्य बालबालिका वा वयस्कसँग आदानप्रदान गर्दछन् र त्यसको उचित कदरसमेत हुनुपर्दछ । त्यसैगरी, परिवारलगायत अन्य सामुहिक भेला, छलफलमा बालबालिकाको संलग्नता, र संघसंस्था खोल्न पाउने कुरासमेतलाई बालसहभागिताअन्तर्गत समेटिएका छन् । बालबालिकाको विचार एवं आवाज वयस्कले सुन्नु र त्यसको उचित रूपमा कदर हुनु पनि बालसहभागिताकै पक्ष हुन् ।

यसर्थ, बालसहभागिताको प्रवर्द्धनमा कार्यरत संस्थाहरूले बालबालिकाका सबै खालका अधिकारहरूलाई आदर एवं मान्यता दिने उपयुक्त वातावरण तयार पार्नुपर्दछ । यसका लागि तिनीहरूले एकातिर बालबालिकाको सशक्तीकरण गर्नुपर्दछ भने अर्कोतिर वयस्कहरूको क्षमता अभिवृद्धि गर्ने गरी प्रक्रियाहरू, तरिकाहरू तथा विधिहरूमा जोड दिनुपर्ने हुन्छ । त्यसैकारण पनि बालसहभागिता एउटा जटिल विषय हो । यसले बालबालिकाप्रति गरिने वयस्कहरूका सोच तथा व्यवहारमा परिवर्तन गर्न प्रयत्न गर्नुका साथै बालबालिका र वयस्कबीचको शक्तिसम्बन्धलाई बुझ्ने र त्यसलाई उचित रूपमा व्यवस्थापन गर्ने विधिगत प्रक्रियाहरूको जानकारीसमेत हुनु आवश्यक हुन्छ ।

यसका लागि स्वयं बालबालिका तथा किशोरकिशोरीहरू तथा समुदायमा क्रियाशील बालक्लब वा बालमञ्चका सदस्यहरूले उनीहरूका अभिभावक, परिवार, समुदाय र माथिल्लो तहसम्म अर्थपूर्ण सहभागिता बढाउन आवश्यक ज्ञान, सीप र धारणामा सुधार ल्याउन सकिएमा त्यो उपलब्धिमूलक हुनेछ । निश्चित रूपमा बालबालिका र बालक्लबसँग काम गर्ने संस्थाहरूले बालबालिकाको जीवनमा सकारात्मक र दीगो परिवर्तन ल्याउने दिशामा तिनीहरूका प्रयासलाई परिलक्षित गर्ने तथा बालसहभागितालाई समग्र बालअधिकारको वृहत सन्दर्भमा लिइनु आवश्यक हुन्छ ।

यसको अहम् कारण के पनि हो भने व्यक्तिले आफ्नो व्यक्तित्व विकासका लागि सानै उमेरदेखि धेरै विषयहरूको ज्ञान हासिल गर्नुपर्ने हुन्छ । पारिवारिक वातावरण, सामाजिक संरचना आदिजस्ता थुप्रै पक्षहरूले मानिसको जीवन र विकासका साथै उसको स्वभावमा प्रभाव पार्दछ । सरल व्यवहार, मित्रवत आचरण, मीठो बोली, आफ्नो दैनिक क्रियाकलापमा लागिपर्ने जोसुकैलाई पनि समाजले असल व्यक्ति भनेर मान्दछ र ऊ समाजमा योग्य नागरिक ठहरिन्छ । बालक्लबले बालबालिकाको प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्दछ भन्ने कुरा बालक्लबमा संलग्न भएका बालबालिकाका व्यक्तिगत जीवनमा देखिएका सफलतालाई विश्लेषण गर्दा देखिन्छ । तथापि, यसका लागि बालबालिकालाई उपयुक्त र पर्याप्त सूचना, जानकारी प्रदान गर्नु जिम्मेवार व्यक्ति तथा निकायको कर्तव्य हुनजान्छ । जेहोस् बालक्लबले बालबालिकालाई समाज उपयोगी र सक्षम व्यक्ति बन्न सानै उमेरदेखि सहयोग पुऱ्याउँदै आएको छ ।

बालसहभागिताका सन्दर्भमा आउने अर्को महत्वपूर्ण प्रसङ्ग भनेको सहभागिता केका लागि र कसको फाइदाका लागि भन्ने हो । बालसहभागिता समग्र बालअधिकारको स्थितिमा

परिवर्तन गर्नका लागि हो र यसमा संलग्न बालबालिका तथा किशोरकिशोरीहरूको जीवनमा तत्काल नै सकारात्मक परिवर्तन ल्याउने खालको हुनुपर्दछ । त्यसरी नै सहभागिताका प्रक्रियाले उनीहरूलाई भविष्यमा समाजमा सक्रिय वयस्क जीवन बिताउन सक्ने हुनका लगि आवश्यक ज्ञान, सीप तथा धारणाहरू सिक्ने तथा प्रजातान्त्रिक प्रक्रियामा अभ्यस्त गराउने दिशामा परिलक्षित हुनुपर्दछ । यसरी हेर्दा बालसहभागिता र सहभागितामूलक प्रक्रियाले प्रथमतः संलग्न भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई प्रत्यक्ष फाइदा पुऱ्याउने काम गर्नुपर्दछ । यसमा कसैको दुईमत नहोला तर अहम् सवाल भनेको कसरी त्यस्तो फाइदालाई उल्लेख्य बनाउने र बढीभन्दा बढी बालबालिकाका हितमा परिलक्षित गर्ने र त्यसका लागि सहयोगी संस्थाहरूको भूमिका, जिम्मेवारी, कर्तव्य र रणनीतिक सोचहरू कस्तो हुनुपर्दछ भन्ने कुराहरूमा पनि महत्वका साथ हेक्का राखिनुपर्दछ । निर्विवाद रूपमा बालबालिकालाई सहभागी हुन आमन्त्रण गर्ने संस्था वा व्यक्तिले सहभागिताको प्रक्रियाबाट प्रशस्त फाइदा लिन सक्दछन् । त्यस्तो फाइदामा तिनीहरूका अधिकारमुखी कार्यक्रमहरूमा बालबालिका तथा किशोरकिशोरीहरूका अवधारणा ल्याएर त्यसलाई अझै दरिलो बनाउनेदेखि कार्यक्रमको अपेक्षित परिणाम सहज रूपमा र प्रभाकारी रूपमा हासिल गर्नु आदि पर्न सक्दछन् ।

बालअधिकारको प्रत्याभूतिका लागि बालबालिका तथा किशोरकिशोरीहरूले आफ्ना अधिकार बुझ्नुपर्दछ । यो पहिलो र महत्वपूर्ण पक्ष हो । बालसहभागिताले बालबालिका तथा किशोरकिशोरीहरूलाई त्यस्तो अवसर प्रदान गर्दछ । यसबाट उनीहरूलाई अधिकारप्राप्तिका दिशामा आवाज उठाउन तथा उनीहरूको अधिकारको हनन्का विरुद्ध जुट्न एवं जिम्मेवार निकायलाई घच्घच्याउनसक्ने समेत बनाउँछ । यसका साथै अधिकारबारेको जानकारीले बालबालिका तथा किशोरकिशोरीहरूलाई आफ्ना दौंतरीहरू तथा आफ्ना साथीहरूको हकअधिकारको सम्मान गर्न तथा त्यसको परिपालनाका लागि काम गर्न समेत प्रेरित गर्दछ । यसो गर्नु भनेको अधिकारका वरिपरि सक्रिय भएर लाग्नु हो र आफ्नो नागरिक दायित्वलाई बुझ्नु हो । बालसहभागिताको प्रक्रियामार्फत् बालबालिका तथा किशोरकिशोरीहरूले त्यस्तो गर्न सक्दछन् । समाजमा आफू र अरूहरूको अधिकारलाई बुझ्ने तथा त्यसलाई मान्यता दिने अधिकारको वृहत्तर सोचलाई सहभागितामूलक प्रक्रियामा बालबालिकाको संलग्नताले सहज रूपमा निखार ल्याउने काम गर्दछ । बालक्लबमा भएको बालबालिका तथा किशोरकिशोरीहरूको सहभागिताले अधिकारका यी र यस्तै विषयहरूलाई महसूस गर्ने, त्यसका लागि आवश्यक रूपमा वकालत गर्ने काम गरिरहेका पाइन्छन् । बालबालिका तथा किशोरकिशोरीहरूले शिक्षा, बालविवाह, बालश्रम, द्वन्द्वप्रभावित बालबालिकाका अधिकार, बालबालिकामाथि हुने भेदभाव आदिजस्ता मुद्दा उठाउने र त्यसका सम्बन्धमा गरेका कामलाई यसै परिप्रेक्ष्यमा लिन सकिन्छ ।

बालबालिका तथा किशोरकिशोरीहरूले सहभागितामूलक क्रियाकलापमार्फत् समुदाय, जिल्ला र राष्ट्रियस्तरमा वयस्क संस्थाहरू र व्यक्तिहरूसँग तालिम, गोष्ठी, अभिमुखीकरण र छलफल तथा अन्तरक्रियाका माध्यमबाट समुदायमा बालअधिकारका बारेमा चेतना जगाउन र बालअधिकारको महसूसीकरण गर्न गराउन सघाउ पुऱ्याएका छन् । यसबाट उनीहरूले बालअधिकारलाई व्यवहारमा उतार्न थालेका छन् जुन कुराहरूलाई यस लेखमा शुरुमा टिपिएका केही उदाहरणले पनि देखाएका छन् । साथै बालबालिका तथा किशोरकिशोरीहरूले जिम्मेवार व्यक्तिहरू तथा संस्थाहरूसमक्ष आफ्नो, आफ्ना दौंतरीहरूको र समुदायको अधिकारको माग गर्न सक्ने हुन थालेका छन् । यो भनेको समुदाय तहमा नै अधिकारमा सचेत व्यक्तिहरूको जमात (Critical Mass) तयार हुनु हो । यो बालक्लब अभियान र बालसहभागिताले ल्याएको सकारात्मक उपलब्धि हो

यसरी बालक्लबमा संगठित भई बालबालिका तथा किशोरकिशोरीहरूले आफ्नो व्यक्तित्व विकास गर्ने, दक्ष तथा असल नागरिकका लागि पूर्वाधार बनाउने, अधिकारको बुझाइसहित सक्षम वयस्क जीवनका लागि तयार हुने लगायतका काममा सफल देखिएका छन् । बालसमूहहरूमा संगठित भएबाट बालबालिकामा जीवन उपयोगी सिकाइ प्रभावकारी भएको देखिन्छ । त्यसैले पनि बालक्लबको आफ्नै विशेष महत्व रहेको थाहा हुन्छ । यसर्थ, बालक्लबका संरचना बालबालिका तथा किशोरकिशोरीहरूलाई मात्र नभएर सम्पूर्ण समुदायकै सन्दर्भमा समेत आवश्यक रहेको देखिन्छ ।

*प्रस्तुत लेखमा समावेश गरिएका उदाहरणहरू सेभ द चिल्ड्रेन, नर्वे नेपालका बालक्लब सहयोग कार्यक्रमका साझेदार संस्थाहरूका प्रतिवेदन तथा लिखतहरूबाट साभार गरिएका हुन् ।*

# बालसहभागिताका सम्बन्धमा सेभ द चिल्ड्रेनको कामको न्यूनतम स्तर एवं रणनीतिहरू

अनुवाद र सम्पादन: चन्द्रिका खतिवडा सेभ द चिल्ड्रेन, नर्वे

## बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूबारे परिचय

### व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरू के के हुन्?

बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरू भनेको त्यस्तो दस्तावेज हो जसले कार्य सम्पादनको अपेक्षित स्तर वा तहका बारेमा व्याख्या गर्दछ । यी न्यूनतम स्तर एवं रणनीतिहरूले बालबालिका तथा अन्य व्यक्ति वा संस्थाहरूले सेभ द चिल्ड्रेनको बालसहभागिताको अभ्यासबाट के कुरा अपेक्षा गर्न सक्दछन् भन्ने कुरालाई उल्लेख गर्दछ । यी न्यूनतम स्तर एवं रणनीतिहरू सेभ द चिल्ड्रेनको बालसहभागितासम्बन्धी सबै कामहरूका सन्दर्भमा लागू हुन्छ र यसले सेभ द चिल्ड्रेनका कर्मचारीहरूले कार्य सञ्चालन गर्ने तौरतरिकाहरू र उनीहरूबाट अपेक्षा गर्न सकिने न्यूनतम व्यवहारहरूको स्तरसमेतमा लागू हुनेगरी निर्धारण गरिएको छ । बालसहभागिताका सम्बन्धमा यी व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूलाई सेभ द चिल्ड्रेनको बालसहभागितासम्बन्धी कार्यगत अवधारणपत्र (position statement) का सापेक्षतामा प्रयोग गरिनुपर्दछ ।

### बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतमस्तर एवं रणनीतिहरू किन चाहियो त?

बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतमस्तर एवं रणनीतिहरूको पहिलो उद्देश्य भनेको सेभ द चिल्ड्रेनको सबै कार्यक्रमहरूका प्रक्रियाहरूमा उच्चस्तरको बालसहभागिताको स्तर कायम गर्नु र त्यसमा एकरूपता सुनिश्चित गर्नु हो । बालसहभागिताका न्यूनतम स्तर एवं रणनीतिहरूले कार्यक्षेत्रमा कार्यरत कर्मचारीहरू तथा साझेदार संस्थाका कर्मचारीहरूलाई उनीहरूका सहभागितामूलक कार्यप्रणाली तथा अभ्यासहरूमा निरन्तर सुधार गर्नका लागि सहयोग र मार्गनिर्देशका लागि एउटा ढाँचा उपलब्ध गराउने उद्देश्य राखेको छ । जुन प्रायः सेभ द चिल्ड्रेन संगठनहरू, यसका साझेदारहरू तथा तिनले काम गर्ने बालबालिकासमेतबाट स्वीकृत वा मान्यताप्राप्त भएको हुन्छ ।

यो बालसहभागिताका न्यूनतमस्तर एवं रणनीतिहरू तलका सन्दर्भमा उपयोग गर्न सकिन्छ:

- सेभ द चिल्ड्रेनका कर्मचारीहरूलाई उनीहरूका बालसहभागिताका सम्बन्धमा भएका अभ्यास तथा व्यवहारहरूको पहिचान गर्ने वा स्वमूल्याङ्कन गर्ने र त्यसमा गरिनुपर्ने सुधारहरू क्षेत्रहरू पहिचान गर्ने,
- बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्ने कर्मचारीहरूमा बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूको कार्यान्वयन गर्न चाहिने धारणा, सीप तथा आत्मविश्वास छ भनी यकीन गर्नका लागि उनीहरूको क्षमता अभिवृद्धिसम्बन्धी तालिम तथा अन्य पद्धतिबारे जानकारी हासिल गर्ने,
- व्यावहारिक प्रयोगको न्यूनतमस्तर एवं रणनीतिहरूको अभ्यास निश्चित स्तरभन्दा तल खस्केका खण्डमा उनीहरूमा थप उत्तरदायित्व वा जिम्मेवारीपना बढाउन तथा त्यस्तो अवस्थालाई चुनौति दिने आधार तयार गर्ने,
- सहभागितामूलक पद्धति वा अभ्यासमा बालबालिकाका सहभागिताका लागि सुरक्षित तथा सार्थक वातावरण तयार गर्ने र सहभागिताबाट उत्पन्न हुन सक्ने जोखिमलाई कम पार्ने,
- सेभ द चिल्ड्रेनको अर्थसंगत बालसहभागितासम्बन्धीको बुझाइलाई बालबालिकाका संस्था वा संगठनहरू तथा अन्य साझेदार संस्था तथा व्यक्तिहरू र बालबालिकासँग कार्य गर्ने संघसंस्थाहरूसँग आदानप्रदान गर्ने ।

## बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूको कार्यान्वयन

बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरू बालबालिकासँग काम गर्ने सेभ द चिल्ड्रेनका कर्मचारी तथा प्रयोगकर्ताहरूलाई बालसहभागिता प्रवर्द्धन गर्न मार्गनिर्देशका रूपमा तयार गरिएका हुन् । व्यावहारिक प्रयोगको प्रत्येक न्यूनतम स्तर एवं रणनीतिहरूमा केही निश्चित सूचकहरू तयार गरिएका छन् जसले सो न्यूनतम स्तर एवं रणनीतिहरू ठीक ढङ्गबाट पूरा गरिँदैछ भनी जाँच गर्न सकियोस् ।

व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूलाई सान्दर्भिक तथा उपलब्धिहासिल गर्न सकिने गरी तयार गरिएका छन् । साथै, सेभ द चिल्ड्रेन कार्यरत रहेका विभिन्न देशहरूको सन्दर्भ तथा परिस्थितिमा हुने ठूलो विविधताले गर्दा यी व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूलाई स्थानीय परिस्थितिसँग सुहाउँदो र उपयोगी हुने गरी ढाल्नुपर्दछ ।

सेभ द चिल्ड्रेनका कर्मचारीहरूले बालसहभागिताका यी व्यावहारिक प्रयोगको न्यूनतमस्तर एवं रणनीतिहरूलाई सेभ द चिल्ड्रनेको बालसहभागितासम्बन्धी कार्यगत अवधारणपत्र (Position statement) का सापेक्षतामा प्रयोग गरिनुपर्दछ ।

## निर्देशक सिद्धान्तहरू

बालसहभागिताका यी व्यावहारिक प्रयोगको न्यूनतमस्तर एवं रणनीतिहरू बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिबाट लिइएका निम्न सामान्य सिद्धान्तका आधारमा व्याख्या गरिनुपर्दछः

- बालबालिकाका कुरा सुनिनुपर्ने अधिकार हुनुका साथै आफूलाई प्रभावित गर्ने सबैजसो विषयमा आफ्ना विचारहरू स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने तथा उनीहरूलाई अभिव्यक्ति, विचार, संगठन तथा सूचना प्राप्त गर्ने स्वतन्त्रता तथा अधिकार छ ।
- बालबालिकाका उमेर तथा परिपक्वताका आधारमा उनीहरूको सहभागितालाई प्रोत्साहित तथा सहजीकरण गर्नका लागि आवश्यक उपायहरू अवलम्बन गरिनुपर्छ ।
- बालसहभागिताले बालबालिकाको सर्वोत्तम हितलाई प्रवर्द्धन गरी हरेक बालबालिकाको व्यक्तिगत विकासलाई प्रोत्साहित गर्नुपर्दछ ।
- सबै बालबालिकालाई भेदभावरहित ढङ्गबाट समान सहभागिताको अधिकार छ ।
- सबै बालबालिकालाई छलकपट (Manipulation), हिंसा, दुर्व्यवहार तथा शोषणबाट सुरक्षित हुने अधिकार छ ।

## परिभाषा

**बालबालिका/किशोरकिशोरीहरू**

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिका अनुसार बालबालिका भन्नाले अठारवर्षमुनिका हरेक मानवलाई बुझिन्छ ।

**सहभागिता**

सहभागिता भनेको निर्णयप्रक्रियामा नै प्रभावित गर्नु र त्यसमा परिवर्तन ल्याउनु हो । बालसहभागिता भनेको अपाङ्गतामा भएका तथा जोखिम अवस्थामा रहेका बालबालिकालगायत सबै बालबालिकाले आफूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने कुनै पनि विषयमा पूर्ण जानकारीका साथ सूचित भइ (Informed) तथा स्वेच्छाले (Willing) गरिएको सहभागिता हो । बालसहभागिता भनेको एक मान्यता (Value) हो जुन सबैखाले कार्यक्रमहरूमा र सबै ठाउँहरू घरपरिवारदेखि सरकार तथा स्थानीय स्तरदेखि अन्तर्राष्ट्रियस्तर समेतमा सान्दर्भिक हुन्छ ।

### न्यूनतम स्तर एवं रणनीति : १
### एक नैतिक पद्धति वा दृष्टिकोणः पारदर्शिता तथा इमान्दारिता
### (An Ethical Approach: Transparency and Honesty)

**के ?**

वयस्क व्यक्तिहरूका संगठन तथा त्यसका कार्यकर्ताहरू सहभागितामूलक अभ्यासमा तथा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने कुरामा नैतिकवान एवं प्रतिवद्ध हुनेछन् ।

## बालसहभागिताको व्यावहारिक प्रयोगको न्यूनतम स्तर एवं रणनीतिहरूको सिंहावलोकन

न्यूनतमस्तर एवं रणनीति : १
**एक नैतिक पध्दति वा दृष्टिकोण: पारदर्शिता तथा इमान्दारिता**
**(An Ethical Approach: Transparency and Honesty)**

न्यूनतमस्तर एवं रणनीति : २
**बालबालिकाको सहभागिता सान्दर्भिक तथा स्वेच्छिक हुनेछ**
**(Children's Participation is Relevant and Voluntary)**

न्यूनतमस्तर एवं रणनीति : ३
**बालबालिका सुहाउँदो वा बालमैत्री तथा बालबालिकालाई सक्षम बनाउने खालको वातावरण**
**(A Child Friendly, Enabling Environment)**

न्यूनतमस्तर एवं रणनीति : ४
**सहभागितामा समानता र समता**
**(Equality and Equity in Participation)**

न्यूनतमस्तर एवं रणनीति : ५
**कर्मचारीहरू प्रभावकारी तथा आत्मविश्वासी हुनेछन्**
**(Staff are Effective and Confident)**

न्यूनतमस्तर एवं रणनीति : ६
**बालसहभागिताले बालबालिकाको सुरक्षा तथा संरक्षणलाई बढावा दिन्छ**
**(Participation Promotes the Safety and Protection of Children)**

न्यूनतम स्तर एवं रणनीति : ७
**अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्नु**
**(Ensuring Follow-up and Evaluation)**

## किन ?

वयस्क व्यक्ति तथा बालबालिकाबीच शक्ति (शक्तिसम्बन्ध) तथा स्तर (Status) बीच नकार्न नसकिने किसिमका (Inevitable) असमानताहरू छन् । बालबालिकाको सहभागितालाई असल वा आदर्श र सार्थक वा औचित्यपूर्ण बनाउनको लागि एउटा नैतिक पद्धतिको आवश्यकता पर्दछ ।

## यो न्यूनतम स्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- बालबालिका आफ्ना विचार तथा भावनाहरू स्वतन्त्ररूपले अभिव्यक्त गर्न सक्षम छन् र ती विचार तथा भावनालाई उचित सम्मानका साथ व्यवहार गरिनुपर्दछ ।
- स्थानीय समुदायस्तरका सामाजिक, आर्थिक, साँस्कृतिक, परम्परागत अभ्यासहरूका साथसाथै बालबालिकाका उमेर र परिपक्वतासमेतको प्रभाव (Implication) लाई स्पष्टताका साथ बुझ्ने ।
- बालबालिकाका सहभागिताको स्पष्ट उद्देश्य हुनुका साथै यसका मापदण्डहरू (Parameters) का सम्बन्धमा इमान्दारिता छ । आफूहरूले निर्णय प्रक्रियामा के कस्तो प्रभाव पार्न सकिन्छ र अन्तिम निर्णय कसले गर्नेछन् भन्ने कुरा बालबालिकाले स्पष्ट रूपमा बुझ्दछन् ।
- संलग्न सबैजना (बालबालिका, वयस्क तथा सरोकारवालाहरू) को भूमिका तथा जिम्मेवारीहरू प्रष्टरूपमा उल्लेख हुनुका साथै त्यसबारेमा स्पष्ट बुझाइ छ र आपसमा सहमत भइएको छ ।
- बालबालिकासँग लक्ष्य तथा उद्देश्यहरूबारे प्रष्टसँग सहमत भइएको छ ।
- बालबालिकालाई उनीहरूको सहभागिताका सम्बन्धमा आवश्यक र सान्दर्भिक सूचना एवं जानकारीहरू प्रदान गरिनुका साथै त्यसमा उनीहरूको पहुँच रहेको छ ।
- बालबालिकालाई सम्भव भएसम्म शुरु वा प्रारम्भदेखि नै सहभागी गराइएको छ र उनीहरूले सहभागितामूलक प्रक्रियाहरू तय गर्नमा तथा सोको विषयवस्तुलाई प्रभावित गर्न सक्छन् वा सक्षम छन् ।

- बालबालिकालाई उनीहरूको सहभागिताबारे विचार गर्न समय दिइन्छ भने उनीहरूले सोका बारेमा आफू व्यक्तिगत रूपमा सुसूचित भएर स्वीकृति दिएका छन् ।
- सहभागितात्मक प्रक्रियामा संलग्न बाह्य वयस्कहरूलाई बालबालिकासँग काम गर्नका लागि संवेदनशील बनाइएको छ, तिनीहरू आफ्नो भूमिकाप्रति स्पष्ट भएका छन् र तिनीहरू बालबालिकाका कुरा सुन्न तथा उनीहरूबाट सिक्न इच्छुक छन् ।
- संघसंस्थाहरू तथा कार्यकर्ताहरूले आफूले गरेका प्रतिबद्धताका सम्बन्धमा बालबालिकाप्रति जिम्मेवार बनाइन्छन् ।
- बालबालिकाको वृहत्तर बालबालिकाका समूहको प्रतिनिधित्व गर्नुपर्ने अवस्था भएको खण्डमा प्रतिनिधिहरूको छनौट प्रजातान्त्रिक तथा भेदभावरहितताको सिद्धान्तमा आधारित भएर गरिनेछ ।
- सहभागिताका लागि सशक्तीकरण गरिएका बालबालिकाले जीवनका अन्य सन्दर्भहरूमा उनीहरूको सहभागितामा भएका वा हुनसक्ने व्यवधानहरूका प्रसङ्गसमेतलाई उचित रूपमा ध्यान दिइनेछ र त्यसका सम्बन्धमा उनीहरूसँग छलफल गरिनेछ ।

न्यूनतम स्तर एवं रणनीति : २

**बालबालिकाको सहभागिता सान्दर्भिक तथा स्वेच्छिक हुनेछ**

**(Children's Participation is Relevant and Voluntary)**

### के ?

बालबालिकाले आफूलाई प्रत्यक्ष वा परोक्षरूपमा असर पार्ने कामहरू तथा मुद्दाहरूमा सहभागी हुनेछन् र उनीहरूलाई ती विषय वा सवालमा सहभागी हुने वा नहुने भन्ने कुरा छनौट गर्ने स्वतन्त्रता रहन्छ ।

### किन ?

बालबालिकाको सहभागिता उनीहरूको व्यक्तिगत ज्ञानमाथि आधारित हुनुपर्छ । अर्थात्, त्यसो भनिनुको अर्थ यो बालबालिकासँग आफ्नो जीवनका बारेमा भएका सूचना तथा जानकारीहरू एवं बुझाइ र उनीहरूलाइ असर पार्ने विषय वा सवालबारेका सूचना तथा अन्तर्दृष्टिमा आधारित हुनु हो । बालबालिकाका उनीहरूका आफ्ना अन्य प्रतिवद्धताहरूलाई सम्मान वा पहिचान गर्दै बालबालिकाले आफ्नै ढङ्गले अर्थात् उनीहरूका सर्तअनुसार र उनीहरूसँग उपलब्ध भएको समयमा उनीहरूको छनौट अनुसार सहभागी हुन सक्छन् ।

### यो न्यूनतम स्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- बालसहभागिताका विषय वा सवालहरू संलग्न हुने बालबालिकासँग साँचो अर्थमा सान्दर्भिक र महत्वपूर्ण हुनेछन् र उनीहरूको ज्ञान, सीप तथा क्षमता सुहाउँदो वा त्यसमाथि आधारित भएका हुनेछन्
- बालबालिकाको सहभागिताका लागि छनौट तथा प्रतिनिधित्वका आधारहरू वा योग्यताहरू निर्धारण गर्नमा समेत उनीहरू सहभागी भएका हुनेछन्
- बालबालिकालाई उनीहरूको सहभागिताका बारेमा पर्याप्त सूचना एवं जानकारी र आवश्यक सहयोग दिइएको छ जसका कारणबाट उनीहरूले सुसूचित भइ आफ्नो सहभागिताका बारेमा निर्णय लिन सक्षम होऊन् ।
- बालबालिकाको सहभागिता स्वेच्छिक हुनेछ र बालबालिकाले आफूलाई मन नलागेमा वा चाहेमा कुनै पनि बेला सहभागी हुनबाट पछि हट्न सक्छन्
- बालबालिकाले उनीहरूको क्षमता तथा रुचिअनुरूप हुने गरी उनीहरूलाई उपयुक्त हुने ढङ्ग, स्तर तथा गतिमा सहभागी हुन पाउनुपर्दछ ।
- बालबालिकाले घरमा, काम गर्ने ठाउँमा वा विद्यालयमा उनीहरूको प्रतिवद्धता तथा त्यहाँ दिनुपर्ने समयलाई सम्मान गर्दै वा त्यससँग तादात्म्यता मिलाउँदै उनीहरूलाई सहभागी गराइनुपर्दछ ।
- काम गर्ने तरिका तथा सहभागिताका विधिहरू स्थानीयस्तरका सहयोगी संरचनाहरू, परम्परा, ज्ञान तथा प्रचलन वा अभ्यासमा आधारित भएर मात्र गरिएको हुनुपर्छ र तिनीहरूले सामाजिक, आर्थिक, साँस्कृतिक तथा परम्परागत अभ्यासहरूलाई मर्यादा गर्नुपर्दछ ।

न्यूनतम स्तर एवं रणनीति : ३

## बालबालिका सुहाउँदो वा बालमैत्री तथा बालबालिकालाई सक्षम बनाउने खालको वातावरण

**(A Child Friendly, Enabling Environment)**

### के ?

बालबालिकाले आफ्नो सहभागिताका लागि सुरक्षित, स्वागतयोग्य तथा उत्साहवर्द्धक वातावरणको अनुभूति गर्नेछन् ।

### किन ?

बालबालिकाको सहभागिताको गुणस्तर तथा त्यसबाट फाइदा उठाउन सक्ने क्षमता मूलरूपमा बालसहभागिताका लागि र सकारात्मक वातावरण बनाउन भए गरिएका प्रयासहरूले महत्वपूर्ण रूपमा प्रभावित पर्दछ ।

### यो न्यूनतम स्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- बालबालिकासँग काम गर्दा उनीहरूको आत्मसम्मान तथा आत्मविश्वास बढाउने किसिमबाट काम गरिनुपर्दछ । यसबाट उनीहरूलाई आफूहरूले योगदान दिनसकेको कुरा महसूस होस् र त्यसरी योगदान दिनका लागि आफूहरूसँग उपयुक्त अनुभव तथा धारणाहरू छन् भन्ने कुरासमेत महसूस हुन सकोस् ।
- बालबालिकाका सहभागिताका विधि वा तरिकाहरू बालबालिकासँगको साझेदारीमा निर्माण गरिनुपर्दछ ताकि उनीहरूले आफूले चाहेअनुरूपको माध्यमबाट आफूहरूलाई अभिव्यक्ति गर्ने तथा सामाजिक, आर्थिक, साँस्कृतिक र पारम्परिक दृष्टिकोणहरूलाई उचित ढङ्गबाट आत्मसात गर्नुका साथै सहभागी हुने बालबालिकाको उमेर, परिपक्वता, शैक्षिक स्तर तथा उदयोन्मुख क्षमताहरूसमेतलाई यथेष्ट रूपमा सम्मान गर्न सकियोस् ।
- गुणस्तरीय बालसहभागिताका लागि पर्याप्त समय तथा स्रोत उपलब्ध गराइएको छ ।
- वयस्कहरूलाई बालबालिकाको सहभागिताको महत्वका बारेमा उचित ढङ्गबाट संवेदनशील बनाइएको छ र तिनीहरूलाई बालसहभागितामा सकारात्मक रूपमा भूमिका निर्वाह गर्न सचेतना जगाएर, आफ्ना कामहरूका बारेमा फर्केर हेर्ने वा त्यसप्रति प्रतिविम्बित (Reflection) गराएर तथा क्षमता अभिवृद्धि गराएर सक्षम पनि बनाइएका छन् ।
- बालबालिकालाई सुहाउँदो वा बालमैत्री खालको बैठकस्थलको चयन तथा प्रयोग गरिनेछ जहाँ बालबालिकाले शान्त, आरामदायक तथा आवश्यक सुविधा प्राप्त भएको महसूस गर्नेछन् र त्यस्तो ठाउँ उनीहरूको सहज पहुँचमा हुनेछ । त्यस्ता बैठक स्थलहरू अपाङ्गतामा रहेका बालबालिकाका लागि समेत सहज पहुँच हुने खालको हुनुपर्दछ ।
- संगठनात्मक वा कार्यालयसम्बन्धी प्रक्रियाहरू बालबालिकालाई सघाउन वा सहजीकरण गर्नेगरी (न कि उनीहरूलाई तर्साउन) निर्माण वा आवश्यक सुधार गरिन्छ र सो वातावरणले कम अनुभव भएका बालबालिकालाई समेत स्वागत गर्न सकोस् ।
- बालबालिकाकालाई प्रभावकारी रूपमा सहभागी हुन सक्षम हुनेगरी उनीहरूलाई आवश्यकतानुसार सूचना आदानप्रदान गरिनेछ र आवश्यक सीप तथा दक्षता अभिवृद्धि गर्न सहयोग पुऱ्याइनेछ ।
- बालबालिकालाई के र कस्ता खालका सूचना वा जानकारीहरू आवश्यक छन् भन्ने बारेमा बालबालिकालाई सोधिनुका साथै उपलब्ध सूचनालाई सही वा उपयुक्त समयमा, बालमैत्री ढाँचामा तथा बालबालिकाले बुझ्न सक्ने भाषामा बालबालिकासँग आदानप्रदान गरिनेछ ।
- विभिन्न राष्ट्रियभाषा र मतृभाषाहरूको प्रयोग गर्ने बालबालिकाका भेटघाट र सहकार्यको अवस्थामा विषयवस्तुसम्बन्धी लिखतहरूलाई बालबालिकाले बुझ्न सक्नेगरी र उनीहरूको पहुँच पुग्नेगरी रूपान्तर वा व्याख्या गरी त्यस्ता छलफलहरूमा बालबालिकाको पूर्ण सहभागिता गराउने ढङ्गबाट व्यवस्थित गरिनुपर्दछ ।
- बालबालिकासँगका सबैखाले छलफलहरूमा अप्राविधिक भाषाको प्रयोग गरिनेछ र कथम्कदाचित प्राविधिक भाषा वा खास खालका शब्दावली (Jargon) को प्रयोग गर्नुपर्ने भएमा त्यस्ता प्राविधिक शब्दावलीको स्पष्ट व्याख्या गरिनुपर्छ ।

न्यूनतम स्तर एवं रणनीति : ४

### सहभागितामा समानता र समता

**(Equality and Equity in Participation)**

### के ?

बालसहभागितासँग सम्बन्धित कामले समाजमा विद्यमान रहेको भेदभाव तथा बाहिर पारिएका (Exclusion) वा पार्ने खालका स्वरूपहरू वा प्रचलनहरूलाई पुनर्पुष्टि वा सुदृढ बनाउने (Reinforce) खालको नभएर तिनलाई चुनौति दिने हुनुपर्छ।

### किन ?

बालबालिका वयस्कहरूभैँ समस्वभाव समूह (Homogeneous group) हुँदैनन् । तसर्थ सहभागिताले सबै बालबालिकालाई उमेर, लिङ्ग, क्षमता, भाषा, सामाजिक उत्पति, वर्ग, जातीयता, भौगोलिक स्थिति आदिका आधारमा निरपेक्ष रही अर्थात् भेदभाव नगरी समानरूपमा अवसर प्रदान गर्नुपर्छ।

### यो न्यूनतम स्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- सबै बालबालिकाले सहभागिताका लागि समानरूपमा अवसर प्राप्त गर्नुपर्छ। उनीहरूलाई उमेर, लिङ्ग, क्षमता, भाषा, सामाजिक उत्पत्ति, वर्ग, जातीयता, भौगोलिक स्थिति आदि लगायतका कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन र गरिनेछैन भनी सुनिश्चित गरिनुपर्दछ ।
- बालसहभागिता केहीलाई मात्र नभएर सकेसम्म सबै बालबालिकालाई लक्षित गरिएको हुनुपर्छ । यसको अर्थ केन्द्रमा बालबालिकाका प्रतिनिधिलाई आमन्त्रित गर्नुको सट्टा स्थानीयस्तरमा वा उनीहरूकै ठाउँहरूमा गइ बालबालिकालाई सहभागी बनाउन सकिएमा उपयोगी हुनेछ ।
- बालबालिकासँगका सहभागितामूलक अभ्यासहरू विभिन्न समूहका बालबालिकाका आवश्यकता, अपेक्षा तथा परिस्थितिलाई सम्बोधन गर्ने गरी लचिलो खालको हुनुपर्छ। साथै यस पक्ष वा विषयलाई नियमित रूपमा सुपरिवेक्षण गरिनुपर्दछ ।
- बालबालिकाका उमेर समूह, लैङ्गिक भूमिका तथा क्षमतालाई बालबालिकाका सहभागितालाई व्यवस्थित गर्ने सन्दर्भमा उचित रूपमा सरोकारको विषय बनाइन्छ। उदाहरणका लागि सूचना वा जानकारी प्रस्तुत गर्ने सन्दर्भमा वा त्यसका तरिका[illegible] यस सवाललाई उचित ध्यान पुऱ्याइनुपर्दछ ।
- विभिन्न उमेर समूहका बालबालिकाले के गर्न सक्छ[illegible] वा के गर्न सक्दैनन् भन्ने कुरामा कुनै पनि किसिमक[illegible] पूर्वानुमान वा मान्यता बनाइने छैन ।
- यदि कतिजना बालबालिकाले सहभागी हुन सक्छ[illegible] भन्ने सीमा भएको अवस्थामा सम्भव भएस[illegible] बालबालिका स्वयंलाई एउटा प्रक्रियाका मातहत [illegible] कार्यक्रममा सहभागी हुनका लागि आफ्ना प्रतिनि[illegible] साथीहरूको छनौट गर्ने अवसर प्रदान गरिनुपर्छ
- समुदायमा रहेका प्रभावकारी वयस्कहरूलाई भेदभाव[illegible] पारिएका समूहका बालबालिकाको सहभाग[illegible] जुटाउन सहयोग गर्नका लागि वा समुदायको सम[illegible] जुटाउन संलग्न गराउन सकिन्छ ।

न्यूनतम स्तर एवं रणनीति : ५

### कर्मचारीहरू प्रभावकारी तथा आत्मविश्वासी हुनेछन्

**(Staff are Effective and Confident)**

### के ?

बालसहभागितासम्बन्धी काममा संलग्न व[illegible] कर्मचारीहरू तथा व्यवस्थापकहरूलाई उच्चस्तरमा [illegible] गर्न सक्ने गरी तालिम प्रदान गरिएको छ र उनीहरू[illegible] यथोचित रूपमा समर्थन र सहयोग दिइएको छ ।

### किन ?

वयस्क कार्यकर्ताहरूमा आवश्यक समझदारी तथा [illegible] भएका खण्डमा मात्र तिनीहरूले अर्थपूर्ण[illegible] बालसहभागितालाई प्रभावकारी एवं आत्मविश्व[illegible] साथ अगाडि बढाउन सक्दछन् ।

### यो न्यूनतमस्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- सम्पूर्ण कर्मचारी तथा व्यवस्थापक[illegible] बालसहभागिताका सम्बन्धमा सुसूचित गर[illegible] छ र तिनीहरूले बालसहभागिताप्रति प्रतिबद्ध[illegible] बारेमा राम्ररी बुझेका छन् ।
- संस्थाका कर्मचारी एवं पदाधिकारीहरू[illegible] सहभागितामूलक अभ्यासका लागि [illegible]

बालबालिकासँग प्रभावकारिता तथा आत्मविश्वासका साथ काम गर्न उनीहरूलाई सक्षम बनाउन आवश्यक एवं उचित तालिम, विधिहरू र अन्य विकासका अवसरहरू प्रदान गरिएको छ ।

- कर्मचारीहरूलाई उचित रूपमा सहयोग तथा सुपरिवेक्षण प्रदान गरिएको छ र तिनीहरूका कामको सहभागितामूलक तरिका तथा विधिहरूको माध्यमबाट मूल्याङ्कन गर्ने गरिन्छ ।
- कर्मचारीहरूको नियुक्ति, छनौट, वृत्तिविकास तथा अनुभवहरूको आदानप्रदानका अवसरहरूका माध्यमबाट उनीहरूमा विशिष्ट खालका प्राविधिक सीप वा योग्यताहरू जस्तैः सञ्चार, सहजीकरण, द्वन्द्वव्यवस्थापन वा बहुसाँस्कृतिक समुदायमा काम गर्ने सम्बन्धी सीप आदि बढाइनेछ ।
- कर्मचारी तथा व्यवस्थापनबीचको सम्बन्ध उचित एवं नमूनायोग्य व्यवहारमा टिकेको हुन्छ र तिनीहरूले एक अर्कालाई सम्मानपूर्ण तथा इमान्दारीका साथ व्यवहार गर्नेछन् ।
- कार्यक्रमका व्यवस्थापक तथा कर्मचारीहरू, जसका लागि सहयोग बालबालिकाका सहभागिता आफैंमा एउटा महत्वपूर्ण व्यक्तिगत वा साँस्कृतिक परिवर्तनका रूपमा रहेको हुन्छ, तिनीहरूलाई आवश्यक सहयोग प्रदान गरिन्छ ता कि तिनीहरूले सहभागितालाई समस्याका रूपमा नलिऊन् ।
- कर्मचारीहरू बालबालिकालाई रचनात्मक रूपमा सहभागी गराउने मामिलामा आफ्ना जस्तोसुकै विचार वा राय र चिन्ताहरूलाई प्रकट गर्न सक्दछन् र तिनीहरूका त्यस्ता विचार वा चिन्तालाई उचित रूपमा सम्बोधन गरिनेछ ।

न्यूनतम स्तर एवं रणनीति : ६

**बालसहभागिताले बालबालिकाको सुरक्षा तथा संरक्षणलाई बढावा दिन्छ**

**(Participation Promotes the Safety and Protection of Children)**

## के ?

बालसंरक्षण नीतिहरू तथा प्रक्रियाहरूले बालबालिकाको सहभागिता वा उनीहरूसँगका कामका लागि आवश्यक खाका तयार गर्दछन् । ध्यान दिऔं, सेभ द चिल्ड्रेनका कर्मचारीहरूले यी व्यावहारिक प्रयोगका न्यूनतम स्तर एवं रणनीतिहरूलाई संस्थाको बालसंरक्षण नीतिका सापेक्षतामा प्रयोग गर्नुपर्दछ ।

## किन ?

संघसंस्था वा संगठनहरूको आफूले काम गर्ने बालबालिकाको स्याहार र रेखदेख गर्ने कर्तव्य हुन्छ र सहभागिताका सन्दर्भमा बालबालिकामाथि हुन सक्ने दुर्व्यवहार तथा शोषणलगायतका अन्य नकारात्मक परिणाम वा जोखिमलाई जतिसक्दो न्यूनीकरण गर्ने गरी काम गर्नुपर्ने उत्तरदायित्व हुन्छ ।

## यो न्यूनतमस्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- बालसहभागिताको योजना गर्दा तथा त्यसको कार्यान्वयन वा व्यवस्थापन गर्दा बालबालिकाका संरक्षणको अधिकार र तत्सम्बन्धी आवश्यकताहरू सबभन्दा महत्वपूर्ण हुन्छन् भन्ने कुरामा ख्याल गरिनुपर्दछ ।
- सहभागितमूलक कार्यमा संलग्न भएका बालबालिका आफ्नो दुर्व्यवहारबाट सुरक्षित हुने अधिकारका बारेमा सचेत हुन्छन् र आवश्यक परेका खण्डमा सहयोगका लागि कहाँ जाने भन्ने कुरा उनीहरूलाई थाहा हुन्छ ।
- बालबालिकामाथि हुनसक्ने सम्भावित जोखिम कम पार्न तथा दुर्व्यवहारलाई रोक्न सुरक्षासम्बन्धी व्यवस्थामा हेक्का पुऱ्याइनुपर्दछ । उदाहरणका लागि यसअन्तर्गत बालबालिकाको सदैव उचित सुपरिवेक्षण तथा संरक्षण गरिएको छ, उनीहरूका गाउँघरभन्दा टाढा आवासीय रूपमा गरिने कार्यक्रममा हुनसक्ने जोखिमका बारेमा सजग भइएको छ र बालक वा बालिका अरू बालक वा बालिकाबाट हुनसक्ने दुर्व्यवहारबाट संरक्षित छन् भन्ने कुरा सुनिश्चित गरिनुपर्दछ ।
- कर्मचारीले आफ्नो कानुनी तथा नैतिक कर्तव्यहरू तथा उत्तरदायित्वहरू (उदाहरणका लागि उनीहरू आफ्नो व्यवहारलाई बालसंरक्षण नीतिअनुकूल संयमित बनाउन तथा अरूहरूको अनुचित

व्यवहारबारे उजुरी परेमा के गर्ने भन्ने सम्बन्धमा) का बारेमा बुझेका हुनेछन् ।

- बालबालिकाका केही समूहले भोग्ने खास किसिमका जोखिमहरूका बारेमा तथा सहयोग प्राप्त गर्ने क्रममा त्यस्ता खास समूहले बेहोर्नुपर्ने थप बाधाव्यवधानहरूका सम्बन्धमा बालसंरक्षण प्रक्रियाहरूले पहिचान गरेका हुनेछन् ।
- बालबालिकाले आफ्ना कुरा अभिव्यक्त गर्ने, अभियान सञ्चालन गर्ने वा कुनै खास विषय वा मुद्दामा वकालत गर्ने सन्दर्भमा बालसहभागिता गराउँदा आइपर्नसक्ने जोखिमहरूका बारेमा सावधानीसाथ मूल्याङ्कन वा आँकलन गरिएको हुन्छ । पहिचान गरिएका त्यस्ता जोखिमहरूका आधारमा बालबालिकाको स्वपहिचान (Identity) लाई सुरक्षित गर्न वा ती बालबालिकालाई आवश्यक सुरक्षा प्रदान गर्न त्यसको अनुगमन गर्न उदाहरणका लागि उनीहरूको समुदायमा सुरक्षित ढङ्गले पुनःएकीकरण होस् भन्ने यकीन गर्न आवश्यक कदमहरू चालिएको हुनेछ ।
- बालबालिकाद्वारा दिइएका सबैथरी सूचना वा जानकारीहरूको उपयोग वा प्रयोग गर्न उनीहरूको स्वीकृति लिनुपर्छ र गोप्य मानिएका सूचना वा जानकारीलाई सदैव सुरक्षित गरिनुपर्दछ ।
- कुनै पनि बालबालिकाको कुनै पनि खालको फोटो, भिडियो वा डिजिटल चित्र उनीहरूको स्वीकृतिबेगर लिइनु वा प्रकाशित गरिनु हुन्न । खास प्रयोजनमा त्यसो गर्नुपरेमा सोही कारण खुलाएर स्वीकृति लिएर मात्र प्रकाशित गरिनुपर्दछ ।
- अन्यथा, सहमति भएको अवस्थामा बाहेक बालसहभागिताका सन्दर्भमा सङ्कलित सूचना वा जानकारीपछि कुनै व्यक्ति वा बालबालिकाको समूहसम्म पुग्न वा उनीहरूको अन्य प्रयोजनमा खोजी गर्न उपयोग गरिनु हुँदैन ।

न्यूनतमस्तर एवं रणनीति : ७

**अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्नु**

**(Ensuring Follow-up and Evaluation)**

## के ?

बालसहभागिताप्रति सम्मान भनेकै त्यस प्रक्रियामा उनीहरूको संलग्नताका सम्बन्धमा पृष्ठपोषण दिने वा आवश्यकता अनुसार अनुगमन गर्ने र बालबालिकाको सहभागिताको गुणस्तर तथ प्रभावको मूल्याङ्कन गर्ने प्रतिवद्धतालाई सम्मान गरिनुपर्दछ

## किन ?

बालबालिकाले बालसहभागिताको प्रतिफल के हो त्यसबाट केकस्तो उपलब्धिहरू हासिल भए भन्ने कुरा थाहा पाउनुपर्दछ र उनीहरूका योगदानलाई कसरी उपयोग गरिन्छ भनी बुझ्नु महत्वपूर्ण हुन्छ । साथै पनि महत्वपूर्ण हुन्छ कि, जहाँ उचित वा उपयुक्त हुन्छ उनीहरूलाई अनुगमन प्रक्रिया वा क्रियाकलापमा भाग लिने अवसरसमेत उपलब्ध गराइनेछ । एउटा प्रमुख सरोकारवाला समूहका रूपमा बालबालिकालाई अनुगमन तथा मूल्याङ्कन प्रक्रियाको अभिन्न अङ्ग मानिनुपर्छ

## यो न्यूनतम स्तर एवं रणनीतिलाई कसरी पूरा गर्ने त ?

- बालबालिका अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी भएका हुन्छन् ।
- बालबालिकालाई उनीहरूको सहभागिताको अवधि कुनै निर्णय भएको भए सो निर्णयको परिणामका बारेमा र आगामी कदमहरू र उनीहरूको संलग्नताको मूल्यका बारेमा तथा सहभागिताको महत्वकाबारे सकेसम्म छिटो तथा स्पष्ट रूपमा उनीहरूलाई पृष्ठपोषण दिइएको हुनेछ ।
- त्यस्तो किसिमको पृष्ठपोषण संलग्न सबै बालबालिकामा पुगेको हुनेछ ।
- बालबालिकालाई सहभागिताको प्रक्रियाप्रति उनीहरूलाई कस्तो लाग्यो र त्यसमा उनीहरूको सन्तुष्टि वा असन्तुष्टि र त्यसमा के कसरी र कस्तो सुधार ल्याउन सकिन्छ भनी उनीहरूको धारणा सोधिएको हुनेछ
- अनुगमन तथा मूल्याङ्कनका परिणामहरू सुगम बालमैत्री तथा उपयुक्त ढङ्गले संलग्न बालबालिकामा पुऱ्याइएको हुनेछ । साथै उनीहरूको पृष्टपोषणलाई भविष्यमा हुने सहभागितामूलक कार्यक्रममा उपयोग गरिएको हुनेछ ।

मूल्याङ्कनमार्फत् पहिचान गरिएका गल्तीहरूलाई यथोचितरूपमा स्वीकार गरी सिकिएका पाठहरूद्वारा भविष्यमा सहभागिताका प्रकृयालाई सुधार गरिनेछ भन्ने प्रतिवद्धता जाहेर गरिएको हुनेछ ।

# सहजकर्ताका अनुभवहरु

## बालक्लबमा संलग्न बालबालिका र स्थानीय सामुदायिक संस्थासँगको अन्तरसम्बन्ध

शालिकराम पोखरेल/बेस, पाल्पा र चन्द्रिका खतिवडा/सेभ द चिल्ड्रेन, नर्वे

**बालक्लबहरुमा संगठित भएका बालबालिकाले आफू, परिवार तथा समुदायमा परिवर्तन गर्ने मात्र नभएर उनीहरुले समाजमा परिवर्तनको संवाहक (Change agent) को रुपमा समेत भूमिका निर्वाह गर्न सक्छन् । आदिकालदेखि समुदायमा अगुवाहरु जन्मँदै अएका थिए, जन्मँदै छन् र जन्मिरहनेछन् । यो निरन्तरको प्रक्रिया हो । समाजलाई गलत दिशामा जानबाट रोक्ने र आफ्नो समुदायको कल्याण तथा समुन्नतिका निम्ति लागिपर्ने यस्ता अगुवाहरु नै वास्तवमा परिवर्तनका संवाहक हुन् ।**

यस्ता संवाहककहरू कसरी उत्पादन हुन्छन् ? यसको उत्तर हाम्रै गाउँघरतिर फर्किएर खोज्न सकिन्छ । समाज आफैंमा एउटा विशाल संरचना हो, जहाँ धेरै स्वभाव र प्रवृत्तिका मान्छेहरू बसोबास गर्छन् । समाजमा सज्जन र बदमास दुबै खालका मानिसहरू हुन्छन् । बदमासलाई सज्जन बनाउने मान्छेहरू पनि त्यहाँ हुन्छन् । र, समाजमा सज्जन मानिसको मति पनि कहिलेकहीँ खति हुन सक्दछ । हाम्रा गाउँघरमा मर्दा र पर्दा सहयोग गर्ने संस्कृति यद्यपि छ । त्यही संस्कृति कसैका लागि अनुकरणीय हुन्छ भने कसैका लागि विद्रोहका लागि आधारसमेत हुन्छ । समाजमा सहयोगको संस्कृतिलाई हुर्काउन खोज्ने, बहुजनको हित र कल्याणका लागि व्यक्तिगत स्वार्थबाट माथि उठेर काम गर्न सक्ने व्यक्ति नै आजको समाजमा परिवर्तनको संवाहक हुन्छ । उसको योगदानलाई समाजले सम्झन्छ, त्यसमा गुन मान्दछ अनि सो व्यक्ति अझै धेरै गर्न उत्साहित हुन्छ ।

अहिले गाउँठाउँमा बालक्लबहरू खुल्ने र समुदायका लागि काम गर्ने प्रचलन व्यापक भएको छ । बालक्लबमा रहँदा एउटा बालक वा बालिकाले थुप्रै कुरा सिक्छ । उसले समुदायको संस्कृतिलाई माया गर्न सिक्छ । समुदायको सम्पत्तिको संरक्षण गर्ने, अरूलाई सम्मान/स्नेह गर्ने तथा अरूको अधिकारको कदर गर्न र आफ्नो कर्तव्य पालन गर्न सिक्छ । समुदायमा सानै भए पनि सकारात्मक परिवर्तन ल्याउन अगुवाइ गर्न सिक्छ । ऊ सामाजिक विसंगतिहरूविरुद्ध आवाज उठाउन र त्यसमा शान्तिपूर्ण ढङ्गबाट परिवर्तनका लागि पहल गर्न रुचाउँछ । उसले समूहगतरूपमा काम गर्न सिक्छ । ऊ समस्यासँग डराउँदैन, बरु त्यसको पहिचान गर्न, समाधानका वैकल्पिक उपायहरू खोज्न जान्दछ र त्यसो गर्न अरूहरूलाई पनि मद्दत गर्दछ । आफू अनुशासनमा रहने र अरूलाई पनि अनुशासित बन्न सघाउँछ । ऊ सूचनामा सदैव आफ्नो पहुँच बढाउन खोज्छ र त्यसका उपायहरूका बारेमा सिक्दछ । उसले व्यावहारिक ज्ञानबाट आफूलाई सधैं प्रशिक्षित गरिरहन्छ । यसरी नै भोलिको समाजको खाका कोर्नमा एउटा महत्वपूर्ण सदस्यका रूपमा अचम्मसँग ऊ आफू समुदायमा स्थापित भइरहेको हुन्छ ।

बालबालिकासँग काम गरिरहेका संस्थाहरूको सफलतालाई विश्लेषण गर्दा के देखिन्छ भने बालक्लबले बालबालिकालाई समाजमा परिवर्तनका संवाहक बन्न हौस्याइरहेको छ, र त्यसका लागि उनीहरूलाई वातावरण प्रदान गरिरहेको देखिन्छ । उदाहरणका लागि लिंदा, वि.सं.२०४९ सालमा पाल्पाको एउटा विकट गाउँमा खुलेको संस्था पछौटेपन उन्मुलन समाज (बेस) लाई प्रारम्भमा सदस्य पाउन गाह्रो

थियो । १३ जना सदस्यहरूबाट सुरु भएको यो संस्थामा धेरै पछिमात्र सदस्यहरू बढ्ने क्रम द्रुत भयो । बेसले आफ्नो कार्यक्षेत्रमा बालबालिकालाई बालक्लब गठन गर्न सिकाउने तथा तिनीहरूको संस्थागत विकासका लागि सहजीकरणको काम गर्दै आइरहेको थियो र छ । बेसको कार्यक्षेत्रका चार गा.वि.स.भित्र वि.सं.२०५७ मा ३२ वटा बालक्लबहरू संगठित भएर बालबालिका अगाडि आए । तथापि बेसको कार्यक्षेत्रमा लगभग वि.सं.२०५० देखि नै बालबालिका बालक्लबमा संगठित हुन थालिसकेका थिए । बेसका सन्दर्भमा कुरा गर्दा बालक्लबबाटै काम गरेर संस्थाको सदस्य र कर्मचारी वा सहजकर्ता बन्ने सौभाग्य पाएका धेरै साथीहरू हुनुहुन्छ । यसो हुन थालेपछि बेसमा सदस्यताका लागि समाजसेवी व्यक्तिहरूको खाँचो हुन छाड्यो । बालक्लबमा काम गरेर वयस्क भएका तरुणहरू धमाधम संस्थाको सदस्य हुन थाले । अहिले बेसमा ८ जना सामाजिक परिचालकमध्ये बालक्लबको नेतृत्व गरेर आएका चारजना सामाजिक परिचालक तथा ७४ जना सदस्यमा १४ जना सदस्यहरू बालक्लबको नेतृत्वपछि संस्थामा सक्रिय रूपमा लागेका व्यक्तिहरू छन् । उत्साहजनक रूपमा, बालक्लबबाटै उत्पादन भएका एक सदस्य बेसको उपसचिवसम्म बन्न सक्षम भएका छन् । यी त केही उदाहरण मात्र हुन् । पाल्पा तथा अन्य जिल्लामा बालक्लब कार्यक्रम सञ्चालन गर्ने अन्य सहयात्री संस्थाहरूमा पनि संस्थाको कर्मचारी तथा सदस्यता बालक्लबबाटै उत्पादन भएर आएका व्यक्तिहरू संलग्न भएका छन् ।

बालक्लबबाट उत्पादन भएका तरुणहरूको सहयोगी संस्थाको सदस्य/कर्मचारी मात्र होइन समुदायमा रहेर काम गर्न तयार भएका विविध संरचनाहरूमा पनि जबर्जस्त सहभागिता रहेको छ । जस्तैः गाउँ बालसंरक्षण समिति, निर्माण तथा उपभोक्ता समितिहरू, स्वयंसेवक शिक्षक, सामुदायिक पशुस्वास्थ्य कार्यकर्ता, मनोसामाजिक कार्यकर्ता आदि । यसरी नै बालक्लबबाट दीक्षित भएका युवतीहरू तथा महिलाहरू माथि समावेश गरिएका क्षेत्रका साथसाथै आमासमूहको नेतृत्व सम्हाल्नसमेत पुगेका छन् । बालक्लबबाट दीक्षित भएका व्यक्तिहरू जहाँजहाँ पुगेका छन्, ती संस्था र निकायहरूमा बालबालिकाका सवालहरू उच्च प्राथमिकतामा परेका छन् । लामो समयसम्म स्थानीय निकायको निर्वाचन नभएकाले बालक्लबबाट आएका युवायुवतीहरूले निर्वाचित जनप्रतिनिधिका रूपमा भूमिक निर्वाह गर्न भने पाएका छैनन् तथापि भोलिका दिन निर्वाचन भयो भने त्यस क्षेत्रमा पनि उनीहरूको सहभागि ज्यादै उल्लेख्य रहन्छ र गराउनु पनि पर्छ । कमसेक पनि बालक्लब कार्यक्रम लागु भएको पूर्वी पाल्पा आमजनसमुदायको मनस्थितिको सामान्य विश्लेषणले य अवस्थाको सङ्केत गर्दछ । बालक्लबबाट दीक्षित भए युवा (युवती) हरूले स्थानीय सरकारको बागडोर सम्हाल खण्डमा ती व्यक्तिहरू र उनीहरू संलग्न भएका निकाय बालबालिकाका सवालहरू पक्कै पनि उच्च प्राथमिक पारिनेछ र त्यो अवस्था हामी बालबालिकाको सहभागि प्रवर्द्धनका क्षेत्रमा कार्यरत अर्थात् बालक्लब अभियान जुटेका व्यक्ति तथा संस्थाहरूका लागि एउटा आत्मसन्तोष एवं गौरवको विषय बन्नेछ ।

यसो किन भनिएको हो भने बालबालिकालाई यस क्षे सशक्त बनाएर ल्याउन थुप्रै व्यक्ति तथा संस्थाहरूले ठू मात्रामा समय, स्रोत र सीपको लगानी गरेका छ नेपालमा बालक्लबहरूको संस्थागत विकासका लागि द चिल्ड्रेन, नर्बे नेपालको सहयोग उल्लेख्य छ । से चिल्ड्रेन, नर्बे नेपालले पाल्पा, तनहुँ, लम्जुङ, प उदयपुरलगायतका जिल्लाहरूमा सातवटाभन्दा स्थानीय संस्थाहरूसँगको साझेदारीमा सन् २००० नै **बालक्लब सहयोग कार्यक्रम** सञ्चालन गर्दै आ छ । यस कार्यक्रमअन्तर्गत बालक्लबहरूलाई संस्थ विकासका लागि नियमित सहजीकरण, बालक्ल संस्थागत व्यवस्थापन, नेतृत्वविकास, बालअधि बालभित्तेपत्रिका प्रकाशन, जीवनोपयोगी सीप, विक लागि सडकनाटक आदि जस्ता विषयहरूमा तालिम आयोजना र सञ्चालन भइआएको छ । त्यसैगरी कार्य बालबालिकालाई विभिन्न सभासम्मेलन, कार्यशाला छलफल/अन्तर्क्रिया, अनुभव आदानप्रदानका अध्ययन/अवलोकन भ्रमणहरूमा सहभागी उनीहरूलाई ज्ञान, सीप तथा धारणगतरूपमा अनि सक्रिय बनाउने कामहरूमा कार्यक्रमका सा संस्थाहरू निरन्तर रूपमा क्रियाशील छन् । यी संस्थ बालक्लबहरूलाई उनीहरूको आफ्नै पहलकदमी सक्रियतामा स्थानीय समुदायमा भएका बालबालि सवालहरूमा सकारात्मक परिवर्तन ल्याउन का

सञ्चालन गर्न उनीहरूलाई सानोतिनो आर्थिक सहयोग दिने काम पनि गरिँदै आइएको छ । यसले समुदायमा स्पष्ट किसिमबाट आफ्नो काम तथा उपादेयतालाई उजागर गर्ने अवसर बालक्लबलाई मिलिरहेको छ ।

**बालक्लब सहयोग कार्यक्रम**का साझेदार संस्थाहरूले बालक्लबका प्रतिनिधिहरूलाई संस्थाको संस्थागत संरचनामा नै बालसल्लाहकार समिति गठन गरेर संस्थाको निर्णयप्रक्रियासम्म बालबालिकाका आवाज तथा सरोकारलाई स्थायी ढङ्गले पुऱ्याउने प्रक्रिया सुरु गरेका छन् । यसमा बेस पनि अग्रपङ्क्तिमा नै छ । सेभ द चिल्ड्रेन, नर्वे नेपाल र **बालक्लब सहयोग कार्यक्रम**का साझेदार संस्थाहरूले बालक्लब परिचालनको क्षेत्रमा हासिल गरेको अनुभव बालअधिकार आन्दोलनका सन्दर्भमा महत्वपूर्ण पुँजी बनेका छन् भन्नुमा अत्युक्ति हुनेछैन । बालबालिकाका क्षेत्रमा काम गर्ने संस्थाका रूपमा स्थानीय र जिल्लातहमा छुट्टै छवि बनाएका यी साझेदार संस्थाहरूले भोलिका दिनमा दातृसंस्थाको सहयोग विना पनि बालक्लबको संस्थागत विकास र बालक्लब अभियानलाई निरन्तरता दिनका लागि काम गरिरहने छन् भन्ने कुरामा विश्वस्त हुने आधारहरू प्रसस्तै देखिएका छन् ।

न्यूनतम स्रोत र सुविधा लिएर आफ्नो क्षेत्रका बालबालिकाको क्षमता अभिवृद्धि र उनीहरूको हकअधिकारको प्रवर्द्धनमा अहोरात्र लागिरहेका यी संस्थाहरूले अब आफूले विगत तीनचार वर्षदेखि निरन्तरता दिएर गरेको कामको उपलब्धिका केही परिसूचकहरू फेला पार्न थालेका छन् । कार्यक्षेत्रका समुदायमा बालक्लबहरू बालबालिकाका हकअधिकारका लागि काम गर्ने महत्वपूर्ण संस्थाका रूपमा स्थापित हुनु आफैँमा एउटा महत्वपूर्ण सूचक हो । किनभने, समुदायले आमासमूहलगायतलाईजस्तै बालक्लबलाई पनि आफ्नो समाजको अङ्गका रूपमा स्वीकार गरेको स्थिति छ ।

नेपालमा विगत केही वर्षदेखि एक नौलो प्रयासका रूपमा बालबालिका आफैँले आफ्ना संगठनहरू सञ्चालन गर्ने बढ्दो क्रममा छ । 'यसको श्रेय केही हदसम्म समाज एवं विकासप्रक्रियाहरूमा बालबालिकाले खेल्न सक्ने भूमिकाहरूप्रति वयस्कहरूको बढ्दो विश्वासलाई जान्छ । वास्तवमा यो संयुक्त राष्ट्रसंघको **बालअधिकारसम्बन्धी महासन्धि**का सिद्धान्त तथा प्रावधानको प्राकृतिक परिणाम हो । 'बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाका निम्ति काम गर्ने संघसंस्थाहरूलाई बालबालिकाका जीवनका वास्तविकतासँग बढी नजिकिन तथा तिनीहरूसँग काम गर्ने उपयुक्त उपाय वा तरिकाहरूको खोजी गर्न चुनौति दिन्छ । यसको मतलब बालबालिकालाई लाभकारी, निष्क्रिय, पीडित वा महिलाको पुच्छरका रूपमा नलिई विकासमा साझेदारको रूपमा लिनुपर्दछ भन्ने हो ।'[१]

उल्लिखित सोचलाई आआफ्नो ढङ्गबाट अगाडि बढाइरहेका छन् । उदाहरणका रूपमा हाल बेसको कार्यक्षेत्रमा रहेका कुल ७,५३३ घरपरिवारमध्ये ३,८९१ भन्दा बढी घरपरिवार बालक्लबहरूको कार्यक्रमको दायरामा समेटिइसकेका छन् भने कुल २,४२३ परिवारका बालबालिका बालक्लबमा समावेश भएको देखिन्छ । अर्थात्, ती परिवारका बालबालिका विभिन्न बालक्लबहरूमा सक्रिय रूपमा आबद्ध भएका छन् या भनौं बालक्लबको अभियानमा स्वतः सञ्चालित हुन पुगेका छन् । यस क्षेत्रमा सक्रिय रहेका १०७ वटा बालक्लबमा २,५८३ बालक तथा २,४९१ जना बालिका गरी कुल ५,०७४ जना बालबालिका समाहित भएका छन् । बालक्लबका सदस्य बालबालिकाबाट त्यहाँको समाजको संरचना अनुसार नै प्रतिनिधित्व हुने गरेको देखिन्छ । परिणामस्वरूप उल्लिखित बालक्लबहरूमा ३३३ जना बालक र ३०२ जना बालिका दलित परिवारबाट बालक्लबमा आबद्ध भएका छन् भने १४८ बालक अनि १३६ बालिका आदिवासी परिवारबाट बालक्लबमा सक्रिय सदस्यका रूपमा कार्यरत छन् ।[२] यसकारण यी सबै बालबालिका भोलि समाजमा अधिकार बुझेका, समाजमा सकारात्मक परिवर्तन ल्याउन कटिबद्ध तथा मानव समुदायको हितका लागि प्रतिबद्ध अनि सक्रिय नागरिकका रूपमा तयार हुने कुरामा हामी विश्वस्त छौं ।

यसरी स्थानीय सामाजिक संस्थाहरूको बालक्लबको समग्र विकास र विस्तारमा ठूलो लगानी त भएको छ नै, यसका साथै बालक्लबहरूले पनि यी सहयोगी संस्थाहरूलाई शक्ति दिएका छन् । यी दुबैमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । हिजोका बालक्लबका सदस्यहरू आज संस्थाको कार्यकर्ता बन्न आइपुगेका

छन् । आजका बालबालिका अवश्य पनि भोलि सामाजिक संस्थाको कार्यकर्ता बन्छन् । र, भोलि फेरि उनीहरूले आफ्नो उत्तराधिकारीका रूपमा बालबालिकालाई बालक्लबमा समाहित गर्दै जानेछन् । यसरी यो प्रक्रिया निरन्तर चलिरहनेछ । यही निरन्तरताको क्रम सँगसँगै बालक्लबहरू समाजमा एउटा अपरिहार्य सामाजिक रीतिका रूपमा स्थापित हुनेछन् र समाजमा परिवर्तनका वाहकका रूपमा रहिरहनेछन् । यही र यस्तै भविष्य... सोचलाई साकार बनाउन हामी यस अभियानमा स... व्यक्ति र संस्थाहरूको ध्यान एकाग्र हुनुपरेको छ । ... र सहयोग संगठितरूपमा परिलक्षित हुन र परिचा... हुनुपरेको छ । ता कि भोलिको हाम्रो समाज र दे... भविष्य जिम्मा लिन आजका बालबालिका पूर्ण रू... तयार होऊन् र सक्षम होऊन् ।

[1] ज्यास्मिन राजभण्डारी, रोजर हर्ट र चन्द्रिका खतिवडा (२००१), नेपालका बालक्लबहरू: एक प्रजातान्त्रिक प्रयोग, सेभ द चिल्ड्रेन नर्वे र यु. एस्., काठमाण्डौं, नेपाल ।

[2] हेर्नुहोस् बालअभियान सन् २००५ जनवरीदेखि अप्रिल, बेस, पाल्पा ।

## समाज परिवर्तनमा विद्यार्थी क्लब

**अनमोलमणि पौडेल, नेपाल समाचा...**
**माघ २६, २०६१, फेब्रेवरी ८, २००...**

बालबालिकालाई उनीहरूको परिवेश, समय र सामाजिक वातावरणअनुकूल बनाउन सामजिक गतिविधिमा उनीहरूको प्रत्यक्ष सहभागिता आवश्यक छ । यो प्रयास विद्यालयतहदेखि नै शुरू हुनुपर्दछ । यसले भविष्यनिर्माणको खुड्किलोमा रहेका बालबालिकाले त्यसका लागि सक्षम बन्ने अवसर पाउनेछन् र त्यो प्रयास विद्यार्थीहरूलाई समेटेर समुदाय वा विद्यालयमा बालक्लब निर्माण गरिदिने हो भने पूरा हुन सक्छ ।

बालबालिका निरङ्कुशताभन्दा स्वतन्त्रता मन पराउँछन् । उनीहरू परिवर्तनका वाहक हुन् । विद्यार्थीहरूको बालक्लबले उनीहरूलाई प्रजातान्त्रिक अभ्यास सिकाउँछ । निष्पक्ष निर्णय, स्वतन्त्रता र अधिकारबारे जानकारी दिन्छ । विचारको सम्मान, रचनात्मक कार्य, सामाजिक-सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विनाभेदभाव स्वतन्त्रतापूर्वक उनीहरू निर्णय गर्न सक्ने बन्न सक्छन् ।

विद्यार्थी र बालबालिकाले ल्याउने परिवर्तन दीगो हुन्छ । बालबालिकाले समाजमा जगाउने चेतना गाढा हुन्छ । उनीहरूले आफ्ना उमेरकाहरूलाई समेटेर सही दिशामा लान सक्छन् । बालक्लबका विद्यार्थीहरू भन्छन्-"हामी स्वतन्त्रतापूर्वक निष्पक्ष र प्रजातान्त्रिक निर्णय गर्न सक्छौं । भेला, सभा, सम्मेलनमा बोल्न डराउनेहरू स्पष्ट तार्किक अभिव्यक्ति दिन सक्ने बन्छन् ।

किताबी ज्ञान मात्रै महत्वपूर्ण होइन । विद्यालयतहका विद्यार्थी सामाजिक परिवर्तनसँग बेखबर हुन्छन् । वास्तविक समाज पत्ता लगाउन पनि बालबालिकाको सङ्गठन आवश्यक छ । राजनीतिक आस्थाबाट पर रहेर सामाजिक परिवर्तनमा लाग्न सक्ने विद्यार्थी बालबालिकाले समाजलाई सकारात्मक बाटोमा लान सक्छन् । उनीहरू समाजमा रहेको पु... फरक र असमानतालाई छोट्याउन सक्छन् ।

विद्यालयका बालक्लबहरूले विद्यार्थीहरूको समस्या आ... समाधान गर्छन् । बालहकहितलाई प्राथमिकता दिन्छ... बालक्लबहरूसँग सहकार्य गर्दै आएका बाग्लुङस्थित ... पोखरा युवाक्लबका उपाध्यक्ष विद्यापति शर्मा विद्यार्थी... गैह्रराजनीतिक समूह बनाउनुपर्ने धारणा रा... "प्रजातान्त्रिक व्यवस्थाको अनुभव बालबालिकाले गराउ... उनी भन्छन् -"वातावरण र स्वास्थ्यप्रति मात्र होइन उ... राष्ट्रिय समस्याप्रति पनि उत्तिकै गम्भीर बन्छन्... बालक्लबहरू आफैँले भित्तेपत्रिका प्रकाशन गर्ने, खे... पुस्तकालय सञ्चालन गर्ने भएकाले उनीहरूमा निरङ्कुश... भावनाको अन्त्य, आपसी मेलमिलाप, विद्या... सरसफाइमा उनीहरूको लगाव हुन्छ" -शर्मा भन्छन्

बालबालिकालाई कार्यक्रममा प्रत्यक्ष सहभागी गराएकै ... उनीहरूको सिर्जनात्मक विकास हुँदैन । एक दश... विशेष गरी २०५८ सालपछि नेपालमा करिब हजा... बढी बालक्लब खुले विद्यालय र समुदायमा । तिनले स... देखाएको क्रियाकलाप र सामाजिक चासो, उनीहरूले उ... आवाजले उनीहरूले चाहेको स्वतन्त्रतालाई पुष्टि गरि... छ । बालबालिका परिवर्तका वाहक हुन् । उनीहरू ... निरङ्कुशता मन पराउँदैनन् । स्वतन्त्रता उनीहरूको ... चाहना हो । उनीहरू घस्रने गँड्यौला होइनन्, ब... स्वतन्त्र उड्ने पुतली हुन् । विशेषगरी माध्यमिक र ... माध्यामिकमा खोलिने बालक्लबले विद्यालय, सम... राष्ट्रका लागि योगदान गर्न सक्छन् । ठीकबेठीक गतिवि... जान्न सक्छन् र त्यसबारे सचेत बनाउन सक्छन् ।

# बालबालिका र सहभागिता

शुभराज पोखरेल/सिविन नेपाल

बालबालिका सदैव नयाँ कुरा सिक्न जिज्ञासु, प्रश्न गरिरहने, तुरुन्तै नक्कल गरिहाल्ने, केही गरिरहने, आफैं गरेर हेर्न चाहने स्वभावका हुन्छन् । बालबालिकाको यस व्यवहारलाई सामान्य रूपमा हेरिनु तथा व्यवहार गरिनु हुँदैन । किनकि एकदेखि तीन वर्षसम्मको उमेरमा कुनै बालबालिकाले राम्रो अवसर र वातावरण पाएमा एकै समयमा दुई वा सोभन्दा बढी भाषा सिक्न सक्दछन् भन्ने सबैले स्वीकारेको उदाहरण हामीसमक्ष विद्यमान छ । बालबालिकाले बाल्यअवस्थामा जेजति सिक्न सक्दछन्, युवा तथा प्रौढावस्थामा त्यति सम्भव हुँदैन ।

बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले बालबालिकाको सहभागिताको अधिकारलाई सर्वप्रथम स्पष्ट प्रावधानसहित अगाडि ल्यायो । यसमा बालबालिकालाई आफूलाई असर पार्ने कुनै पनि विषय वा कार्यमा आफ्नो विचार प्रकट गर्न पाउने र सो विचारले उचित मान्यता पाउनुपर्ने, जानकारी प्राप्त गर्ने र त्यसबारे आफ्नो धारणा राख्न पाउने अधिकार प्रदान गरेको छ । त्यसैगरी उमेरको बढ्दो क्षमताअनुसार विचार, विवेक तथा अरूसँग भेटघाट गर्न पाउने र संघसस्थामा भाग लिन वा खोल्न पाउने अधिकारहरू पाउनुपर्ने व्यवस्था गरेको छ । बालबालिकाले आफ्नो अधिकार उपयोग गर्दा अर्काको अधिकार हनन् नहुने गरी प्रयोग गर्नुपर्ने जस्ता अधिकार उनीहरूको जिम्मेवारीभित्र पर्दछ । साथै उनीहरूको हित तथा संरक्षणका कार्य गर्दा कुनै पनि आधारमा भेदभाव गर्न नहुने, बाबुआमा वा अभिभावकको उचित मार्गदर्शन सदैव भइरहनुपर्नेजस्ता कुराहरूलाई बालसहभगिताको अधिकारका सन्दर्भमा विशेष रूपमा उठाएको पाइन्छ ।

त्यसैले बालबालिकालाई आफ्ना वरिपरि हुने सामाजिक, साँस्कृतिक, सामुदायिक, पारिवारिकलगायतका सम्पूर्ण गतिविधिमा सहभागी गराउनुपर्दछ । बालबालिकाको आफ्नो जीवनमा प्रभाव पार्ने हरेक विषय तथा अन्य पारिवारिक, सामुदायिकजस्ता प्रत्येक विषयमा प्रत्यक्ष सहभागी भई उनीहरूले आफ्नो विचार अभिव्यक्त गर्न पाउनुपर्दछ । त्यस्ता विषयहरूको निर्णयप्रक्रियाका क्रममा हुने छलफलमा प्रत्यक्ष रूपमा भाग लिई उनीहरूको भनाइ राख्ने अवसर प्रदान गर्नुपर्दछ र त्यसमा सुनुवाइ भएमा बालबालिकाको विकासको विषयले पूर्णता पाउँदछ । साथै परिवार, समुदाय, राज्यले बालबालिकालाई विनाभेदभाव समान रूपमा सामाजिक मूलधारमा समेट्नुपर्दछ । यस क्रममा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनुपर्दछ । यसो भएमा नै वास्तविक सहभागिता भएको ठहरिनेछ । यसो हुनु भनेको बालबालिकाले आफैं गरेर, छोएर, हेरेर जान्न बुझ्नका लागि सिक्ने अवसर दिनु हो । यसो हुनु नै वास्तविक रूपमा सहभागिता हुनु हो ।

## सहभागिताले बालबालिकामा पार्ने सकारात्मक प्रभाव

- आआफ्नो क्षेत्रमा सक्षम र विभिन्न कारणले जोखिममा परेका बालबालिकालाई सुसूचित गराएर वा स्वेच्छाले कुनै कार्यमा सहभागी गराउँदछ । फलस्वरूप प्रत्यक्ष वा अप्रत्यक्ष सहकार्यमा बाँधिन्छन् ।
- बालसहभागिता यथार्थपरक र निष्कपट हुनुपर्दछ । प्रत्येक कामको सुरुवात देखि नै हरेक क्रियाकलापमा बालबालिकालाई समावेश गरिनुपर्दछ यस प्रक्रियाले उनीहरू स्वतः सशक्तीकृत हुन्छन् ।
- बालसहभागिता एक महत्वपूर्ण सिद्धान्त हो । यो संयुक्त राष्ट्रसंघको महासभाबाट पारित बालअधिकारसम्बन्धी महासन्धिको एक अङ्ग हो । यसले बालबालिकाको विकासको हक, दीर्घजीवन र सुरक्षाको हकका साथसाथै सहभागिताको अधिकारलाई अझ धेरै महत्वका साथ लिएको छ ।
- बालसहभागिता निरन्तर विकास हुने अवधारणा हो । यो एउटा मान्यता हो, जसले अरू सबै कार्यक्रमहरूलाई उछिनेर परिवारदेखि सरकार, गाउँदेखि अन्तर्राष्ट्रिय जगतसम्म फैलन सफल भएको छ ।

सहभागिताले बालबालिकामा आफ्नो अस्तित्वबोध गराउँदछ। म केही हुँ भन्ने बोध गराउँदछ। उनीहरूको आवाज सुनिन्छ। उनीहरू महत्वपूर्ण हुन्छन् । योगदान दिन्छन् । समस्याको पहिचान र समाधानबारे थाहा पाउँदछन्। निर्णय गर्ने सम्पूर्ण प्रक्रियामा सहभागी हुन्छन्। आफ्नो क्षमता र प्रतिभाको विकास गराउँदछन्। नयाँ कुरा सिक्छन्। समस्या समाधानको अङ्ग हुन्छन्। सामुदायिक गतिविधि गर्न संगठित हुन्छन्। ठूला मानिससँग अन्तर्क्रिया गरी सम्बन्धविस्तार गर्न सक्षम हुन्छन्।

## यसलाई सहभागिता मान्न सकिँदैन

बालसहभागिताका नाममा वयस्कले आफ्नो शक्तिको दुरूपयोग गर्नु। वयस्कले सधैं बालबालिकाको उच्चतम हितमा काम नगर्नु। बालबालिाको हितलाई सार्वजनिक नीतिमा उचित स्थान नदिनु वा, बालसहभगिता देखावटी गराउनु, ठूला मानिस (युवा) हरूले बालबालिकालाई पैसा कमाउने साधन बनाउनु हुँदैन। बालसहभागितामा आइपर्ने हरेक समस्याहरूको समाधान गर्ने जिम्मेवारी ठूला मानिस (युवा) हरूको पनि हो। बालसहभागिताका लागि राम्रो (सहज) वातावरण तयारी गरी दिनु ठूला (युवा) हरूको दायित्व हो। यसो गरिएन भने सहभागिता नभएर बालबालिकालाई ठूलाहरूले प्रयोग गरेको मात्र ठहरिनेछ।

## नेपाली बालबालिका र बालसहभागिता

प्रत्येक बालबालिकाको मायालु, स्नेही वातावरणमा शारीरिक, मानसिक, बौद्धिक र मनोवैज्ञानिक विकास गर्न पाउने अधिकार हुन्छ। तर हाम्रो देशमा धेरैभन्दा धेरै बालबालिका पोषण, शिक्षा, स्वास्थ्य, स्याहार, संरक्षणजस्ता आधारभूत अधिकारबाट वञ्चित छन्। भोक, रोग, र गरिबीका कारण लाखौं बालबालिका श्रम गर्न बाध्य भइरहेका छन्। यसरी श्रम गरिरहेका बालबालिका श्रमशोषणको, मानसिक, शारीरिक दुर्व्यवहारबाट सदैव पीडित रहेका छन्। यस्तो अवस्थामा बालबालिकाको सहभागिताको अधिकारले सार्थकता पाउन सक्दैन। यसैगरी हाम्रा परिवार तथा समाजले बालसहभागिताको महत्व नबुझिरहेको अवस्थामा सहभागिता गराउने वा उनीहरूलाई मान्यता दिने अवस्था नै रहेन भने सहभागिता गराइरहेका पनि छैनन्। यसरी सहभागिताविहीन अवस्थामा हुर्केका बालबालिकामा आत्मविश्वासको कमी, डराउने, सीप एवं जानका[illegible] अभावका कारण उनीहरूको सम्पूर्ण विकासकामा नै [illegible] परेको छ भने बालबालिकाको जीवनमा असर [illegible] प्रत्येक निर्णयहरूमा ठूलाहरूले गर्ने कारण [illegible] बालबालिकामा नराम्रो असर पर्ने गरेको छ।

## बालबालिका र सहभागिताको सवाल

बालसहभागिताको विषयलाई चर्चा गर्दा बालबालि[illegible] सहभागिताको जिम्मा बालबालिकाको लागि काम [illegible] सीमित संघसस्थाको विषयको रूपमा रहेको देखिन्[illegible] संघसस्था र बालबालिकाको सहभागिताको म[illegible] हेर्दा पनि संघसस्थाहरूले तयार गरेको कार्यक्[illegible] बालबालिकाले सहभागी हुनुपर्ने देखिन्छ। [illegible] कार्यक्रमहरू बालबालिकाको आफ्नो विषय र उनी[illegible] विकासको पक्षभन्दा पनि सम्बन्धित संस्थाले तयार [illegible] विषय र कार्यक्रमहरू हुने गरेका छन् जसमा कुनै [illegible] अनुसार वातावरण, बालविवाह, सरसफाइ, बचत, [illegible] झाडाबान्ता, चेलीबेटी बेचबिखन, बालअ[illegible] मानवअधिकार, धुम्रपान, जाँडरक्सीविरुद्ध अ[illegible] एच.आई.भी/एड्स, सामुदायिक वन आदि कार्यक्[illegible] लागि बालक्लबहरू गठन गरी उनीहरूमार्फत् सचे[illegible] कार्यक्रमहरू गराइँदै आएको पाइएको छ। [illegible] माध्यमबाट पनि बालबालिकाको व्यक्तित्व विक[illegible] बालसहभागिता नभइरहेको अवस्थामा उ[illegible] सहभागितामा टेवा नपुऱ्याएको होइन। तर, आन्[illegible] राखेर भन्ने हो भने, के यी बालक्लबहरूद्वारा स[illegible] कार्यक्रमहरू वास्तविक अर्थमा बालसहभागि[illegible] बालबालिकाका लागि केन्द्रित छन् त ?

बालबालिकाको सहभागिताको विषयलाई सार्थक [illegible] हो भने, बालकालिकाले स्थानीय स्तरमा आफैं[illegible] समस्याको पहिचान गरी सो समस्याका लागि [illegible] भनी ठूला मानिसहरूसँग छलफल गरी कार्यक्र[illegible] गर्नुपर्दछ। उक्त विषयहरूमा स्थानीय स्तरम[illegible] साधन स्रोतहरूको प्रयोग गर्दै बालबालिका, अ[illegible] समुदाय र सहयोगीको सहकार्यमा स्थानीय [illegible] बालसहभागितका गतिविधि अगाडि [illegible] लैजानुपर्दछ। यसैगरी संघसंस्थाले पनि कार्यक्रम [illegible] स्थानीय स्तरमा बालबालिकाले छनोट गरेका वि[illegible]

समुदायको पनि सरोकारको विषयलाई प्राथमिकता दिनुपर्दछ । यसका साथै बालसहभागितालाई सार्थक बनाउनका लागि संघसस्थाहरूले परिवारमा बालसहभागिता बढाउनका निमित्त परिवारलाई यसको महत्वका बारेमा बुझाउनु र त्यहीँबाट वातावरण तयार गराउँदै लैजानुपर्दछ । यसैगरी विद्यालय, समुदाय, गाउँ विकास समिति/नगरपालिका, जिल्ला हुँदै राष्ट्रदेखि अन्तर्राष्ट्रिय स्तरसम्म पनि सहभागितालाई बढाउन सकिन्छ । तर, हाम्रो देशका बालबालिकाले परिवार समाजदेखि नै सहभागिताको कुनै अवसर पाएका छैनन् । तिनलाई कुनै संस्थाले आफ्नो विषयको कार्यक्रममा अगाडि बढाउने उद्देश्यले बालसमूह बनाई कार्यक्रमको अवधि सकिएपछि सहभागिताको विषय नै टुङ्गिने खालका कार्यक्रम सञ्चालन गर्दा के साँच्चिकै बालसहभागिताको विषय अगाडि बढ्न सक्ला त ? यो सबैका लागि खुल्ला प्रश्नका रूपमा रहेको छ ।

# त्रासले गाउँ छाड्ने साथीहरूलाई रोक्न थाले विद्यार्थी

**अनमोलमणि पौडेल, नेपाल समाचारपत्र**
**भार्ते/लम्जुङ, माघ २५, सोमबार, २०६१ (फेब्रुअरी ७, २००५)**

अपहरणको त्रासले विद्यालय छाड्ने विद्यार्थी फर्काउन जिल्लाको ग्रामीण क्षेत्रका विद्यार्थीले चेतनामूलक कार्यक्रम थालेका छन् । उनीहरूको यस प्रयासले विद्यार्थीहरूमा परिवर्तन देखिएको छ ।

स्थानीय महिला आपसी सहयोग केन्द्रका कार्यक्रम संयोजक दाना अधिकारीका अनुसार अपहरणको त्रासले लम्जुङका विद्यार्थी गाउँ छाड्दै शहरी क्षेत्र जान थालेका थिए । सो क्षेत्रबाट विद्यार्थी बाहिरिन थालेपछि भोटेओडारस्थित भक्ति नमूना उच्च मा.वि.मा विद्यार्थीको चाप बढेको थियो ।

त्रासका कारण विद्यार्थी नबाहिरिउन भनेर विद्यार्थीहरू शैक्षिक संस्थामा शान्तिपूर्ण र भयमुक्त वातावरण निर्माणमा सहयोग पुऱ्याउन आह्वान गरिरहेका छन् । विद्यार्थीहरूलाई फर्काउन उनीहरूले कार्यक्रम शुरू गरिसकेका छन् ।

जिल्लामा रहेका बालक्लबहरू त्यस कार्यमा सक्रिय छन् । बालचेतना बालक्लब देउरालीका अध्यक्ष सन्तोष अधिकारी विद्यार्थी र शिक्षकमा परेको त्रासका कारण पढ्ने वातावरण नभएको बताउँछन् । "तर हामी विद्यालय नछाड्न साथीहरूलाई भनिरहेका छौं", सूर्योदय मा.वि. भार्तेमा कक्षा ९ मा अध्ययनरत उनले नेपाल समाचारपत्रसँग भने- "शैक्षिक संस्थालाई शान्तिक्षेत्रका रूपमा विकास गर्नुपर्छ ।"

समुदायमा रहेका बालक्लबहरूले बालअधिकार, शिक्षा, स्वास्थ्य, सरसफाइबारे पनि चेतनामूलक सडक नाटकलगायतका कार्यक्रम चलाइरहेका छन् । उनीहरू आफैं टोल तथा विद्यालय सरसफाइ गर्ने, बालबालिकालाई पढ्ने अवसर मिलाउने काममा अघि सर्छन् । "यसले गाउँमा रक्सी खान कम भएको छ " - उनीहरूको अनुभव छ । महिला आपसी सहयोग केन्द्रले ७० बालक्लबलाई सघाउँदै आएको छ ।

देउसी, भैलो तथा क्लबका सदस्यहरूबाट उठाउने लेबी शुल्क उनीहरूको आर्थिक गर्जो टार्ने उपाय हो ।

"द्वन्द्वले विद्यार्थी र विद्यालयलाई असर पार्नुहुन्न", सूर्योदय मा.वि. कक्षा ९ मा अध्ययनरत तारा अधिकारीले भनिन् -"बालबालिका शान्तिक्षेत्र हुन भन्ने कुरा नारामा मात्र सीमित हुनु हुँदैन ।" उनीहरूले अपहरणको घटना रोक्न सम्बन्धित निकायसँग आह्वान गरेका छन् । बालक्लबहरूले त्रासका कारण विद्यालय छाडेकाहरूलाई परामर्शसमेत दिएर विद्यालय बोलाइरहेका छन् ।

महालक्ष्मी बालक्लबकी सुमित्रा अधिकारीले राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धिसम्झौता ख्याल गरेर बालबालिकालाई भविष्य सुनिश्चित गरिदिन आह्वान गर्ने गरेको बताइन् । सूर्योदय मा.वि.का प्रधानाध्यापक बलराम अधिकारीले विद्यार्थीहरूको प्रयासले सकारात्मक प्रभाव पारेको बताउनुभयो ।

[illegible]

**[illegible] विइस, सुर्खेत**

[illegible] हो । [illegible] सबैभन्दा [illegible]



बालसमूहहरू प्रत्येक वडामा विस्तार गरी प्रत्येक वडाका समूहहरूबाट एकजना बालक र एकजना बालिका गरी प्रतिनिधि छनौट गर्ने र ती प्रतिनिधिहरूको एउटा गा.वि.स.स्तरीय नेटवर्क गठन गर्ने काम सम्पन्न गरियो यसको नाम 'बालसरोकार केन्द्र गमघाट' राखियो ।

यसप्रकारले बालसमूहहरू विस्तार हुँदै जाँदा सुर्खेत जिल्लाका पूर्वी क्षेत्रका ११ भन्दा बढी गा.वि.स.हरूमा बालसमूहहरूको नेटवर्क गठन गरिए भने कतै समूहमै सीमित रहे । यसप्रकार फेरि छरिएर रहेका बालसमूहहरूका साझा समस्याहरू छलफलका माध्यमबाट समाधान र सम्बन्ध विस्तार गर्ने उद्देश्यले वि. सं. २०५८ सालमा सुर्खेत जिल्लालाई तीन भागमा विभाजन गरी पूर्वी क्षेत्रका ११ वटा गा.वि.स. प्रत्येकबाट एक बालक र एक बालिका गरी जम्मा २२ जनाको एउटा इलाकास्तरीय बालक्लबमा नेटवर्क गठन गरियो र यसलाई **पूर्वी इलाका बालमञ्च** नामकरण गरियो । वर्तमानमा सो बालमञ्चमा एकजना

[illegible] Us) का [illegible] प्रतिनिधिसमेत [illegible] वि. सं. [illegible] प्रतिनिधि [illegible] गरियो [illegible] गरिएको [illegible] सातजना, [illegible] इलाकाबाट [illegible] रहेको छ । [illegible] प्रतिनिधि एक [illegible] बालकल्याण [illegible] रहेको छ । [illegible] मिछाने र श्री [illegible]

यसरी [illegible] तथा [illegible] यु.के. [illegible] सहयोग दिँदै [illegible] सञ्चालन एवं [illegible] शिक्षा तथा [illegible] कार्यक्रम सहयोग [illegible] वैशाखसम्ममा [illegible] बालसमूहहरूको संख्या १९० [illegible] बालसमूहहरू स्वतःस्फूर्त रूपमा [illegible] रूपमा रहेकाले गर्दा यसरी संख्या [illegible] यसले वास्तवमा बालसमूहहरूको निरन्तरता र [illegible] सघाउने आशा गरिएको छ, तथापि तिनीहरूको गुणात्मक विकासका पक्षमा पनि सम्बद्ध सबैले उत्तिकै चासो र सरोकार देखाउनुपर्दछ ।

यसरी स्वतःस्फूर्त रूपमा गठन भएका बालसमूहहरूले हालका दिनहरू विविध जनचेतनामूलक र विकासमूलक कार्यहरू सञ्चालन गरी आफ्नो पहिचान कायम राख्न सफल भइरहेका छन् । सुर्खेत जिल्लाकै मालारानी गा.वि.स.का बालसमूह

करिब २ किलो मिटर लामो गोरेटो बाटो निर्माण गर्नका लागि स्थानीय जनसमुदायलाई परिचालन गरी गा.वि.स.बाट सो कामका लागि प्राप्त भएको रकमलाई सोही ठाउँको विद्यालयको कोषमा जम्मा गर्ने काम गरेका छन्, जुन रकम विद्यालयको एक शिक्षकको एक वर्षको तलबका लागि उपयोग गरिएको थियो। यसैगरी अर्को उदाहरणमा हातेमालो बालक्लब नेटवर्क, मैनतडाले विभिन्न ठाउँमा काठेपुल निर्माण गर्न र बाटो मर्मत गर्नका लागि अभिभावकहरूलाई परिचालन गर्नुका साथसाथै अभिभावककहरूको सहयोगमा विद्यालयमा रहेको चर्को भर्नाशुल्कमा ४० प्रतिशतसम्म घटाउन सफल भएको छ। साथै सोही नेटवर्कले समुदायका दलित विद्यार्थीलाई विद्यालयमा निःशुल्क भर्ना गर्ने सहमतिको वातावरण तयार गर्न पहलकदमी लिएको पाइन्छ। यस्ता कार्यमा जिल्ला र इलाका स्तरका बालमञ्चहरू र स्थानीय अभिभावकवर्गको सक्रिय सहयोग र समर्थन बालसमूहलाई रहँदै आएको छ।

यसैक्रममा नयाँ वर्ष २०६२ देखि नै प्रत्येक बालक्लब र बालमञ्चले बालकोष खडा गरिआएका छन् जुन आपतकालिन समयमा आवश्यक परेको परिवार तथा सदस्यलाई सहयोग प्रदान गर्न अनि बालक्लब वा बालमञ्चको कार्यक्रमको सञ्चालन र व्यवस्थापनका लागि सहयोग गर्ने गरी हालसम्म परिचालित भएको छ।

वि. सं. २०५६ देखि निरन्तर छवर्षसम्मको यस निरन्तर यात्रामा बालसमूहहरू तथा यसलाई सहयोग र समर्थन गर्ने संस्थाहरूले निकै नै चुनौतीहरूको सामना गर्दै आउनुपरेको भए तापनि गाउँ र समाजका लागि चिन्तनशील, उपयोगी जनशक्तिका रूपमा बालक्लब तथा बालमञ्चबाट दीक्षित बालबालिकाहरू उत्पादन भैरहेका यथार्थ हाम्रा सामु देखिन थालेको छ। यो नै हाम्रो सन्तुष्टिको आधार रहने गरेको छ। अबका दिनहरूमा बालबालिकाका उच्चतम हितलाई बढावा दिनेगरी उनीहरूकै सक्रियता र सहभागितालाई अझै परिष्कृत गरी बालबालिका तथा किशोरकिशोरीको अर्थपूर्ण र मूल्यमा आधारित सहभागिता प्रवर्द्धन एवं अधिकारमा आधारित कार्यक्रम पद्धति अनुसार बालक्लब सहयोग कार्यक्रमलाई अगाडि बढाउन कटिबद्ध भएर लाग्नुपर्दछ। अब त हामीसँग बालबालिका तथा किशोरकिशोरीहरू अनि उनीहरूको सङ्गठनसँग काम गर्दाका अनुभवहरू र सिकाइहरू छन्। यसले हामीलाई अझै अगाडि बढ्न सदैव बाटो देखाइरहने छन्। यसैगरी एक समुन्नत समाज निर्माणका लागि आवश्यक ज्ञान, सीप र दक्षताबाट परिमार्जित युवाहरू उत्पादन गर्ने यस अहम् कार्यमा सबैको साथ र सहयोग सदा नछुटोस्।

# बालक्लबमा संगठितहरू सामुदायिक कार्यमा अग्रसर

**शुभेच्छा विन्दु तुलाधर/नेपाल समाचारपत्र**

**काठमाडौं, जून ३१, २००५**

विभिन्न बालक्लमा संगठित बालबालिका अन्य बालबालिकाभन्दा सामाजिक कार्यहरूमा अग्रसर रहेको पाइएको छ। नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) ले हालै पाँचै विकासक्षेत्रमा गरेको एक अध्ययनले उक्त कुरा देखाएको हो।

बालक्लबमा रहेका बालबालिका सामाजिक विसङ्गति, विद्यालय सुधार, छरछिमेकी र समुदायमा सडकनाटक तथा भित्तेपत्रिकामार्फत् जनचेतना अभिवृद्धि गर्ने लगायतका कार्यमा सहभागी हुने गरेका छन्। भविष्य निर्माणको खुट्किलामा रहेका बालबालिका यसरी सामाजिक गतिविधिमा क्रियाशील रहनु देश र समाजका लागि सकारात्मक भएको कन्सोर्टियमका सुशीला अधिकारीले बिहिबार नेपाल समाचारपत्रसँग बताउनुभयो।

साथै उहाँले कतिपय द्वन्द्वग्रस्त क्षेत्रमा अपहरणको त्रासले विद्यालय छाड्ने विद्यार्थीहरूलाई समेत बालक्लबका बालबालिकाहरूले फर्काएर विद्यालय जाने वातावरण बनाइदिएको पनि अध्ययनले देखाएको जानकारी दिनुभयो। लम्जुङ र बाग्लुङका बालक्लबहरूले त्रासका कारण विद्यालय छाडेकाहरूलाई परामर्शसमेत दिएर विद्यालय फर्काएको तथ्य अध्ययन प्रतिवेदनमा उल्लेख छ।

प्राप्त जानकारी अनुसार नेपालमा सातहजार बालक्लबहरू रहेका छन्। तीमध्ये तीनहजार बालक्लबहरू कन्सोर्टियमका सदस्य संस्थाहरूसँग आवद्ध रहेका छन्।

# Children as a Change Agent

Lokendra Shrestha/Ex- volunteer SPW, Nepal

There are so many different agents of social change. Among them children are one who play a vital role in the society. Children can make great change if they want but they aren't allowed to do so as they are younger and have to be bound to the worst man-made rules in the society. The children are suppressed in very many different ways so they can't use their creativity and potentials, which never lets the society to be changed. We need children as an agent for social change. Until and unless we help children to use their creativity freely and support them, we can't expect things to be changed as expected. Therefore, if we want change in the society and enhance the development of the country, we should let children and young people to work as change agent in the society.

We all understand that children have rights for their overall development as well as to develop themselves as a competent and capable adult in the society. "or which they have rights to be protected from any kind of danger, harms, abuse and exploitation; they have right to relevant and quality education; nutritious food, and love and care. Children have rights to 'speak out' and raise voices against injustice, inhumanity, and humiliation as well as violation of rights. But in many societies, parents are 'ruling' over their children, they don't let their children speak, do what they wish to do and use their creativity and potentials. Most of the parents in Nepali society compel their children to do what they think is correct and made children to follow what they have been said to do. In most of the situations, parents don't care about children's physical and mental capacity, and creativity but they just want their children to be obedient.

Many children who have are living in risk situation have been humiliated so badly in an unhuman manner. It brings negativism in the society, the society teaches children to hate the entire society. According to my experience being with children as a volunteer of SPW, children can make changes, which have a big value in the society from every perspective. I mostly worked with Green Clubs, and spent about seven months with children and young people associated with them. During that period, I had the opportunity to participate in different kinds of social events such as street drama, rally, demonstration, interaction, sports, awareness programs, campaign etc. along with green club children. I found these activities very instrumental for bringing awareness in the society which is very first step to cause changes in the society. As

the consequent of those and other similar activities I was fortunate enough to see some changes that took place in the society where we worked. The change we saw was in their drinking habits, their perception towards girl's education, their way of thinking about health problems and issues and in the situation of blaming their 'karma' for being poor and helpless. The community and people with whom we worked with weren't conscious about those things before and they were continuing the beliefs they got from their ancestors.



But the activities of children and young people and their organization made them think differently than they used to do in the past and started accepting new knowledge, values and ideas and change their attitudes and behavior accordingly. Such changes, though one could argue saying as small, inspired children and young people to further their efforts for bringing in positive changes in the society. On the other, community people and parents were also happy as they got new knowledge and information through children which were 'eye opening' for them in many different ways. I am sure if such positive changes continue, one day in the future it will become part of tradition and culture in the society.

I worked in a school as well as in the community from where I could share another example. There was no good facility of clean drinking water in Hazi Anniya Tullah Secondary School, Gonaha VDC, of Rupandehi district; students were compelled to drink water which was full of arsenic and other dangerous chemicals. They didn't have alternative and there was no facility of purifying water. Not only students of the school but also the community people in that area were suffering from different kinds of chronic disease caused by water they drink. Though the teachers and School Management Committee (SMC) members were aware about the problem, they did not try to provide clean drinking water to the students. They did not pay any attention towards the issue. Lastly, the member Dano Green Club organized a meeting in the school and raised the issue of clean drinking water. In the meeting children decided to take the issue in all the relevant institutions including VDC. "inally, the teachers, SMC members as well as the community people join their voice with children and the VDC supported to have clean drinking water in the school and in the neighboring village.

These are just some examples where the efforts and deed of children was was well appreciable and has been a good lesson for those who says that children can do nothing for social change and development. I am pretty confident that children and young people can bring positive changes in the society if they are encouraged to do so and are supported as and when needed. In the recent days every where in Nepali society, there are hundreds of examples where children and young people are working as change agent in the society. The organizations led by children have been role model in very many respect among children and adults in the communities.

# भोलिको समुन्नत राष्ट्रनिर्माणमा बालक्लबको भूमिका

रघु दाहाल हेल्प नेपाल, मो

बालबालिका संगठित भई आफ्नो आवाज बुलन्द गर्न थालेको त्यति लामो समय भएको छैन । नेपालका सन्दर्भमा कुरा गर्दा विगत डेढ दशकको अवधिमा उल्लेखनीय उपलब्धिहरू हासिल भएको पाइन्छ । विगतमा वयस्कहरूले मात्रै सामाजिक काम गर्ने उद्देश्यले संघसंस्था र संगठनहरू खोल्ने गरेको पाइन्थ्यो, जहाँ न त बालबालिकाको सहभागिता हुन्थ्यो न त त्यहाँ उनीहरूका लागि कुनै विषेश कार्यक्रम नै तय गरिन्थ्यो । समग्र समाजको विकास गर्न सके स्वत: बालबालिकाको पनि विकास हुन्छ र उनीहरूले पाउनुपर्ने अधिकार प्राप्त गर्दछन् भन्ने मान्यता व्यापक रूपमा रहेको पाइन्थ्यो ।

जब १९८९ मा संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि पारित भयो तब बालअधिकार एउटा छुट्टै मुद्दाका रूपमा अगाडि बढ्यो । यस महासन्धिलाई विश्वका प्राय: सबैजसो मुलुकहरूले अनुमोदन गरेका छन् । नेपालले पनि सन् १९९० मा महासन्धिलाई अनुमोदन गऱ्यो । महासन्धिमा उल्लेखित बालअधिकारहरूमा बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार, विकास गर्ने अधिकार र सहभागी हुने अधिकार रहेका पाइन्छन् जुन एक आपसमा अत्यन्त सम्बन्धित र परिपूरक पनि छन् । बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । यसले गर्भावस्थादेखि शुरु भएर सुरक्षित जन्म, स्वच्छ तथा पौष्टिक आहार, आवास, स्वच्छ वातावरण, खोप एवं उपचारजस्ता आधारभूत कुराहरूलाई समेटेको पाइन्छ । त्यसरी नै प्रत्येक बालबालिकाले शोषण, हेला र दुर्व्यवहार, भेदभाव एवं उत्पीडन र जोखिमपूर्ण स्थितिबाट सुरक्षित रहन पाउनु र असहाय एवं अपाङ्गता भएका बालबालिकाका निम्ति विशेष हेरचाह, स्याहार र संरक्षणको व्यवस्था हुनुपर्दछ भन्ने मान्यता महासन्धिले राखेको छ ।

आमाबाबुको समान मायाममता पाउनु, खेल मनोरञ्जन, उचित शिक्षाको अवसर आदि बालबालिकाको विकासका अधिकार हुन् । बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरूमा आफ्नो कुरा सुनुवाइ गर्ने र सो विचारको कदर
गरिनुपर्ने रचनात्मक कार्य, सामाजिक, साँस्कृतिक क्रिया
तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भे
सहभागी हुन पाउने अनि आफ्नो सरोकारका विषयमा ज
राख्न र अभिव्यक्त गर्न, संघसंस्था खोल्न, र सहभा
पाउने लगायतका अधिकारहरू सबै बालबा
पाउनुपर्दछ भन्ने मान्यता बालसहभागिताले राखेको प

वास्तवमा हाम्रो समाजमा परापूर्वकालदेखि नै बालबालिका
उपेक्षा गर्दै आएको पाइन्छ । बालबालिका केही जा
ठूलाहरू अर्थात् वयस्कहरूले नै उनीहरूका आवश्य
पहिचान गर्नुपर्दछ र सो पूरा गरिदिनुपर्दछ भन्ने आम
थियो । वयस्कहरूले तयार गरेका सबै कुराहरू बालबा
हितमा हुन्छन् जसबाट स्वत: बालबालिकाले पाउने
पाउँछन् भन्ने मान्यता रहेको थियो । यसमा आंशिक
छ । तर नब्बेको दशकमा आएर बालअधिकारको अ
सँगसँगै बालबालिकालाई हेर्ने दृष्टिकोणमा पनि विस्तारै
आउन थाल्यो । परिमाणस्वरूप आफ्नो सरोकारका विष
बालबालिकाको पनि सहभागिता रहनुपर्ने कुराहरू उठ्न
बालबालिकाको विचार र भावनाको कदर गरिनु
उनीहरूले स्वयंले संघसंस्था खोल्न पाउनुपर्ने लगायतका
बालअधिकार अभियानभित्रै उठ्न थाले । त्यसैको परिमा
शहरीदेखि ग्रामीण र अति दूर्गम क्षेत्रहरूमा समेत बाल
र बालअधिकारका मुद्धाहरूलाई प्राथमिकता दिन
जानीनजानी कुनै संघसंस्थाले सहयोग गरेर होस् या
पनि बालबालिका आपसमा संगठित हुन थाले । आफ्नो
आवाजलाई अगाडि बढाउन थाले । विभिन्न संघसं
समेत यस्ता क्रियाकलापमा अझै उत्साहपूर्वक आवश्य
गर्न थाले । यसको परिमणस्वरूप लगभग डेढ
हाराहारीमा बालअधिकार मञ्च, बालक्लब, बालस
नामबाट हजारौंको संख्यामा बालबालिकाका संघ
खोलिएका पाइन्छन् ।

वास्तवमा विभिन्न विकसित, विकासोन्मुख र अल्प
देशहरूका लागि नेपालका बालक्लबहरू आफैंम
उदाहरणीय कार्य बनेका छन् । बालबा

संगठनहरूको संख्यात्मक विकासका दृष्टिले मात्र नभई गुणात्मक विकासका दृष्टिले समेत छोटो अवधिमा निकै ठूलो उपलब्धि हासिल भएको मान्नुपर्दछ ।

बालक्लबमार्फत् समुदायका वयस्क व्यक्तिहरू र बालबालिकामा बालअधिकारसम्बन्धी सही सूचनाप्रवाह भएको छ । बालबालिका बालक्लबमार्फत् आफ्ना अधिकार प्राप्त गर्न हरसम्भव प्रयासरत छन् । उनीहरूले सरोकारवालाहरूलाई समेत तिनीहरूका जिम्मेवारी, भूमिका र कर्तव्यबारे ध्यानाकर्षण गराई समयसमयमा त्यसबारेमा घच्घच्याउने काम बालक्लबमार्फत् गरिरहेका छन् । गाउँघरमा व्याप्त अन्धविश्वास, रुढीवादी परम्परा र जातीय एवं लैङ्गिक भेदभावलाई चिर्ने काम बालक्लबहरूले गरिरहेका छन् । बालबालिका संगठित भई सामाजिक महत्वका कामहरू उदाहरणीय ढङ्गमा गरेका पाइन्छन् । बालविवाहमाथि रोक लगाउनमा होस् वा गाउँघरमा देखिएको जाँडरक्सी र जुवातास जस्तो विकृतिको अन्त्य गर्न होस्, बालबालिका बालक्लबमार्फत् सक्रिय रूपले लागिरहेका छन् । स्वास्थ्य र सरसफाइ एवं खोपका बारेमा जनचेतना जगाउनसमेत बालक्लबहरूको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । त्यस्तै बालबालिकालाई विद्यालय भर्ना गराउने होस् वा जन्मदर्ता तथा खोपसम्बन्धी चेतना जगाउनमा होस् बालक्लबहरूको ठूलो योगदान रहेको देखिन्छ ।

बालक्लबबाट स्थानीय समाज र अभिभावकमात्र लाभान्वित भएका नभई स्वयं बालबालिकाको व्यक्तित्व विकासमा झनै ठूलो टेवा पुगेको देखिन्छ । बालक्लबमा समावेश भएका बालबालिकाले तुलनात्मक रूपले विद्यालयको पठनपाठनमा समेत निकै राम्रो अङ्क ल्याएर उत्तीर्ण गरेका प्रशस्त उदाहरणहरू पाइन्छन् । त्यसबाहेक विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरू जस्तैःखेलकुद, हाजिरीजवाफ, चित्रकला, वक्तृत्वकला, लेखनकला, उद्घोषण, सडकनाटकलगायतमा पनि बालबालिकाको निकै राम्रो दखल रहेको पाइन्छ । बालक्लबमार्फत् बालबालिकाले विभिन्न किसिमका तालिमहरूसमेतमा भाग लिन पाएर उनीहरूले आफ्नो ज्ञान, सीप र दक्षतामा निखार ल्याउन पाएको पनि देखिन्छ । भित्तेपत्रिका प्रकाशनको अनुभवबाट खारिएर केही बालबालिका राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा समेत समाचार र लेखहरू लेख्न सक्षम भएका छन् । बालक्लबबाट दीक्षित भएका केही बालबालिका भने निकै स्तरीय साहित्यको सृजना गर्नसमेत दक्ष भएका छन् ।

बालक्लबभित्र बालबलिका आफूले जानेका कुराहरू अरूलाई सिकाउन मात्र होइन अरूबाट सिक्न पनि चुक्दैनन् । उनीहरूमा आफ्ना भोगाइ र अप्ठेरा कुराहरूलाई आपसमा साटासाट गरी समाधान खोज्न पनि प्रयासरत रहन्छन् । उनीहरू आपसमा मिलेर वृक्षरोपण, विद्यालय सरसफाइ तथा टोलको सरसफाइजस्ता अभियानहरूसमेत समयसमयमा सञ्चालन गर्दछन् । कतिपय ठाउँहरूमा वयस्कहरूले गर्न नसकेका कामहरूसमेत बालक्लबका बालबालिकाले मिलेर सम्पन्न गरेर देखाइदिएका छन् ।

बालक्लबका बालबालिका अत्यन्त न्यून स्रोतसाधनको परिचालन गरेर नै यी र यस्ता अनगिन्ती महत्वपूर्ण कामहरू गर्न सक्षम देखिएका छन् । कतिपय ठाउँहरूमा बालक्लबको सह्राहनीय कामबाट प्रभावित भएर स्थानीय गाउँ विकास समिति तथा जिल्ला विकास समितिहरूले समेत आफ्नो विकास बजेटबाट केही निश्चित रकम बालक्लबका लागि छुट्याएको पाइन्छ । यो आफैँमा उदाहरणीय कार्य हो ।

बालक्लबबाट बालबालिकाले आफ्ना अधिकारहरूका साथसाथै जिम्मेवारीका बारेमा पनि जानाकारी प्राप्त गरेका छन् । उनीहरू आफ्ना जीवनका लागि के असल हो र के खराब हो भनेर चिन्न सक्ने भएका छन् । कस्तो किसिमको समस्यालाई कसरी समाधान गर्ने भन्ने जीवनोपयोगी सीपको विकास पनि धेरै बालबालिकामा भएको छ । त्यस्तै समाजमा व्याप्त विकृति र विसङ्गतिको अन्त्यका लागिसमेत समुदायमा बालक्लबहरूको सक्रियता देखिन्छ ।

यो स्पष्ट छ कि आजका बालबालिका नै भोली यस राष्ट्रलाई हाँक्ने असल नागरिक हुन् र समाजका अगुवा हुन् । हरेक बालबालिकामा असल चरित्रको निर्माण भएमा भोलिको समाज र समग्र राष्ट्र नै अवश्य पनि समुन्नत बन्नेछ भन्ने कुरामा कसैको दुईमत हुनेछैन । बालक्लहरूलाई परिलक्षित भएर सञ्चालन भइरहेका कार्यक्रम र गतिविधिहरूमा रहेका सबल पक्षहरूलाई अझ थप मद्दत पुऱ्याउँदै विस्तार गर्ने र त्यसमा भएका कमी कमजोरीहरूलाई क्रमशः न्यूनीकरण गर्दै लैजाने हो भने अवश्य पनि यस देशको भविष्य सुन्दर बनाउनमा बालक्लबहरूको भूमिका सह्राहनीय हुनेछ । यसर्थ यस अभियानमा हामी सबैको सहयोग र सद्भावको जरुरत छ ।

# Initiative for education: Siraha children set example

*By Bishnu Prasad Aryal, SIRAHA, Dec. 15*

Bravo! The children of the Suryodaya Child Club at Hanuman Nagar Village Development Committee in Siraha district have achieved an incredible feat in promoting education, raising public awareness and developing leadership in the community.

The achievements of the club speak volumes of what could be achieved through self-initiative and determination worth emulating for all across the country.

Owing to their efforts, each and every child of Ward No. 4 of the VDC go to school. The Chaudhary, the traditionally backward community, forms 96 out of 100 families living on agriculture. But they have enrolled their children in school because of the initiative of the club. Twenty-five children between three and five out of the total 500 children are sent to local Child Development Centre.

Before the establishment of the club in 1997, only about 75 per cent of the children used to go to school. "No children of school-going age stays at home idly," said local Samjha Chaudhary, mother of seven children. "This has been possible because of the children. They have done what we could not," she added. "No child of the village is working as labour."

In other wards of the village, not more than 80 per cent children are enrolled in the school despite having seven child clubs there, said Sanjaya Kumar Chaudhary, a graduate student.

Even those children who find it difficult to buy exercise books and pencils have started going to school.

The Suryadaya club has 26 girls and 42 boys as members and is backed by the Bhawani Integrated Development Centre under the Consortium of Organisations Working for Child Clubs.

The village has about 25 persons receiving higher education. Among the other educated ones- two are in Master's level, seven are teachers and four in government service. But these children have shattered the stereotypical notion that children are less capable than adults.

Guardians now encourage their children to join the club and involve in creative activities for the welfare of the society.

Navin Chaudhary, a Bachelor's level student, said that the club members were involved in raising awareness on discrimination, family planning, child marriage, birth registration, literacy, superstition, sanitation, tobacco and alcohol abuse, and child rights.

"They frequently stage plays on the streets that impart moral education, organise various programmes and work as advocates on social issues," said Chaudhary.

Now child-marriage has been discouraged, tobacco and alcohol abuse has come down significantly, all births are registered, family planning has become their motto and awareness on sanitation has increased dramatically, he added.

"Children's confidence and personality have also developed proportionally as they do not hesitate to discuss, debate and put forth their views."

But like children in other parts of the country, these children are also traumatised by the ongoing conflict.

"However, we will not stop our activities for the sake of generations," said Bijaya Kumar Chaudhary, a class 10 student at Janata Secondary School and president of the exemplary club.

The club has collected Rs 1,500 from its members levying Rs. 2 per month from each member. "But it is a meager amount to cope with our needs," Bijaya said.

The club has its own small hut that is neat and clean with a small library. These children crave for reading materials and sports goods. "We lack fund to equip the club to meet our interests," said Bijaya.

# Print Media Coverage on the Issues of Child Club

Saurav Kiran Shrestha/Hatemalo Sanchar

## Thesis

Re-advent of democracy in 1991 in Nepal has brought many changes and developments in political, economical, cultural and social arena. The rapid increment of child clubs for child rights movement in Nepal is one of the considerations of the democracy that committed to respect value of participation, freedom of thought, feeling and expression.

Before democracy, very few clubs and scouts serving children in different ways since 1952 are recorded. In late 1980s only a few child clubs were established on the principle of United Nation Convention on the Rights of the Child (UNCRC). During 1990s, more than 3 thousand child clubs had been recorded by Consortium of Organizations Working for Child Clubs (Consortium). CCWB record shows that there are more than 7 thousand child clubs in Nepal till 2004, including formal and informal child clubs, community Based and school based child clubs.

The increasing number of child clubs in 1990s unfolds mainly two facts:

1) Children are keen to form and participate in child clubs (if they get opportunity) at least for following reasons:
   a) "or personality and leadership development
   b) To learn skills and for exposure of their talent/creation
   c) To raise collective voice and effort on issues that hold children's concerns
2) Organizations, that are supporting and promoting child clubs, believe on potency of child clubs in order to achieve their organizational goals. Thus, they are promoting child clubs.

However, it has also been found that active participation of children in child clubs is successful in advocating about CRC in community more than adults. Thus these clubs have been able to promote the value of child participation in several strata of society. This is supported by the fact that news of child clubs initiatives for social development and effort to combat against social evils (i.e., drug abuse, child marriage, girls trafficking) have been frequently published. It shows that child clubs are also getting respect and valued from adults and other related social institutions.

Child clubs have potential to function as formal group/organization with bargaining capacity. Thus, now child club has been looked as a vehicle for child participation, especially by the organization working in the field of children's rights. Child clubs are thus a change agent contributing for social development. Many success stories and efforts of child clubs have been recorded. However it is still out of reach to the larger society. Thus potential of child clubs to ensure child rights and promote participation is not significantly appreciated and recognized yet by primary institution like family to secondary institution like organization and governing bodies.

In this regard, media together with child club could play vital role to inform and aware general public and concerned authorities on importance of child clubs and child participation. But, flow of information through media about child participation and child club is not sufficient. It is due to the inadequate information delivery from child clubs/concerned organizations to media and lack of media attention on children participation or vice versa.

# Facts

A report on Print Media Coverage on Children's Issues 2003 unfolds that only 8 percent out of the total published news articles related to children's issues, had issues information about child participation. The report was prepared by taking account of eight daily national newspapers of Nepal. The same report also mentions that among 8 percent, most of news/articles had information on children participating on programs and activities.

The media monitoring program[1] of Hatemalo Sanchar found that child club received less than one per cent (0.7%) print media coverage, among the total published news/articles related to children's issues, in 2004. It is also found that English medium newspapers are found reluctant to provide space for new/articles related to child clubs. It shows that child clubs' activities are not able to influence media and has less access to media though more than 7 th sand child clubs are working to promote c rights and issues related to children.

During the study it is found that highest nu ber among news articles (28%) publishec child clubs are about formation and re-str turing of child clubs; followed by progra (22%) organized by child clubs like, semi discussion, interaction, competitions, child f rally, materials distribution and others. other issues are; movement of child cl (13.5%) on particular issues like banning cohol/tobacco, combating against child m riage, awareness and activities on envir ment, child rights, plantation, waste mana ment, child labor and sexual abuse; follow by news/articles on training (9.4%) and n works of child clubs (6.7%).

# Child rights perspective on media

While dealing with the relationship between children and young people, including child club and media, one should remember rights of children promulgated by UNCRC. The UNCRC, adopted by the United Nations in November 1989, spell out the basic human rights of children everywhere. Specially, articles 12, 13 and 17 of the convention should be given attention in this reference.

The article 12 is about child's opinion. It states that State's Party along with duty bearer should assure children rights to express his or her own views freely in all matters affecting the child. In this context, State's Party and duty bearer should give due weight to the views in accordance with the age and maturity of the child.

Rights to freedom of expression is stated in the article 13; including freedom to seek, receive and impart information and ideas of all kinds, regardless of frontiers, either orally, in writing or in print, in the form of art, through any other media of the child's choic In the certain conditions provided by law lik for respect of the rights or reputations of ot ers; or for the protection of national securit or of public order, the exercise of this rig may be subjected to certain restriction.

While concerning to the media in relation t the children, the article 17 explicitly states abou the access to appropriate information. The ar ticle states that State Parties and duty beare should recognize the important function performed by the mass media. In addition, th article asked State Party to ensure that the child has access to information and material from a diversity of national and international sources, especially those aimed at the promotion of his or her social, spiritual and moral well-being and physical and mental health. To achieve this, article 17 further obliged State Parties to:

a) Encourage the mass media to disseminate information and material of social

and cultural benefit to the child and in accordance with the spirit of Article 29;

b) Encourage international co-operation in the production, exchange and dissemination of such information and material from a diversity of cultural, national and international sources;

c) Encourage the production and dissemination of children's books;

d) Encourage the mass media to have particular regard to the linguistic needs of the child who belongs to a minority group or who is indigenous;

e) Encourage the development of appropriate guidelines for the protection of the child from information and material injurious to his or her well being, bearing in mind the provisions of Articles 13 and 18 (parental responsibilities).

Principle of child rights; best interest of children, non-discrimination and participation; should be consider in all circumstance while dealing with children. At the same time, Article 28 and 29 (the rights to education), Article 31 (the rights to participate in leisure, cultural and artistic activities) and Article 34 and 36 (protection from sexual and other forms of exploitation, including pornography) are also equally relevant for the promotion of media for children.

While concerning to the media in relation to the children, the article 17 explicitly states about the access to appropriate information. The article states that State Parties and duty bearer should recognize the important function performed by the mass media. In addition, the article asked State Party to ensure that the child has access to information and material from a diversity of national and international sources, especially those aimed at the promotion of his or her social, spiritual and moral well-being and physical and mental health. To achieve this, article 17 further obliged State Parties to:

a) Encourage the mass media to disseminate information and material of social and cultural benefit to the child and in accordance with the spirit of Article 29;

b) Encourage international co-operation in the production, exchange and dissemination of such information and material from a diversity of cultural, national and international sources;

c) Encourage the production and dissemination of children's books;

d) Encourage the mass media to have particular regard to the linguistic needs of the child who belongs to a minority group or who is indigenous;

e) Encourage the development of appropriate guidelines for the protection of the child from information and material injurious to his or her well being, bearing in mind the provisions of Articles 13 and 18 (parental responsibilities).

Principle of child rights; best interest of children, non-discrimination and participation; should be consider in all circumstance while dealing with children. At the same time, Article 28 and 29 (the rights to education), Article 31 (the rights to participate in leisure, cultural and artistic activities) and Article 34 and 36 (protection from sexual and other forms of exploitation, including pornography) are also equally relevant for the promotion of media for children.

# Synthesis

The above thesis, facts and child rights perspective on media shows a wide picture of reality about the child clubs movement in relation to the media coverage. Scanty media attention (less than one per cent print media coverage) to the child club's initiatives shows lots of remaining to accomplish in the field of media for child rights promotion. It also shows urgency to work further to bridge gaps between child clubs initiatives and media coverage. So that learning from success and failure of a particular child club helps to promote child participation in different district. But, the fact shows that media is limited to the news of Kathamandu district and news of 'formation of child clubs' and

'event oriented programs', which may not necessarily help to promote children rights as such expected in the Article 12, 13 and 17.

Though, such news shows the increasing trend of child clubs formation and popularity of the child club in community for child participation. The news/articles may also encourage initiating more child clubs in different localities, which may contribute children to realize Article 15 (freedom of association) in practice.

However, above references shows that media coverage on child clubs is very minute in relation to the more than 7 thousand child clubs functioning in more than 50 districts of Nepal. It reveals the requirement of understanding about media by the child clubs and organizations that are supporting the clubs in their respective areas. In this context, member of child clubs should understand the importance of mass media to highlights and promote their initiatives. They should not limit on traditional way of child club functioning and take advantage of child clubs for own leadership and personality development. They have to make effort to understand paradigm of media to maximize opportunity for exposure and development through media.

In this context, supporting organizations (organization working through child clubs or for child clubs) should help child clubs as duty bearer. Such organizations should not limit to establish child clubs to achieve their objectives. Rather, they should explore the ways of making children initiative, more public through appropriate mass media. Considering UNCRC principle appropriate use of media can help to value-add on the works of child clubs and organization. And both organization and child club/children can get media exposure that may ultimately help other child clubs and organization in their planning and implementation.

This leads to a realization of the need for media and journalist to understand essence of child rights and child clubs. They have to come-up with substantial news/article about child clubs so that the news/articles can give i puts on the movement of child clubs that a becoming vehicles for child participation. Bu to make it possible, concerned organizatio (related to children) have to understand m dia and develop strategies accordingly.

In this regard, programs on media educatio media literacy and child journalism for childre can help them to express their views and exp rience in influencing way so that media can pi up the issue in publication and broadcast. Sim larly, training on child rights, child particip tion, and opportunity for investigative journa ism for journalish and media personnel will he to bring out issues of child clubs and child pa ticipation appropriately. Thus such opportun ties should be made available.

If child clubs are considered as vehicles for chi participation, and if child participation is valu for collective expression, views and opinion f collective work; then both child clubs and Sta Parties/related organizations should unde stand importance of media including print a electronic. Here, it is not enough to publish su cess stories in internal organization's bullet wall magazine, newsletter and progress repo for the promotion of child clubs and child pa ticipation but it should come-up frequently wi impression in mass and national media. We c hope and exercise together to drive child cl as a vehicle from the crossroad to highway media for child participation.

## Source:


- Rajbhandari, Jasmine, "Role of child clubs in Nepal", Anubhabharu, Year 1, Volume 1, Consortium of Organizations Working for Child Clubs (Consortium)
- Save the Children (2002). An Assessment of a National Experiment in Children's Democratic Development, Kathmandu, Nepal.
- Save the Children (2003). Children and Young People as Citizens, Partners for Social Change, Kathamdu, Nepal.
- Shrestha, Saurav Kiran (2003). Print media coverage on children's issues, A Report 2003, Hatemalo Sanchar, Lalitpur.


[1] It covers 8 national daily newspapers - *Kanitpur, Gorkhapatra, Rajdhani, Space Time, Nepal Samacharpatra, Himalaya Times The Kathmandu Post* and *The Himalayan Times*

# बालक्लबहरूको विकासक्रम र सञ्चालित क्रियाकलापहरू

कुमार भट्टराई सिविन

*तपाईं भन्नुस् मात्रै म बिर्सन्छु । देखाउनोस्, सायद सम्भन्छु, सहभागी गराउनोस् म बुझ्दछु ।* - **चिनियाँ लोकोक्ति**

माथि उल्लिखित चिनियाँ लोकोक्ति सबै मानवजातिका सन्दर्भमा प्रचलनमा आएको हुनुपर्दछ । तर बालबालिकाका सन्दर्भमा यसको सान्दर्भिकता अझ बढी रहेको छ । वास्तवमा बालबालिकालाई बुझाउनका लागि नै उनीहरूको सहभागिता नितान्त आवश्यक रहेको हुन्छ । यसरी सहभागिताका कुरा गर्दा बालबालिकाको जिज्ञासु मनलाई शान्त गर्न परिवार र समाजमा गरिने क्रियाकलापमा बालबालिका सँगसँगै हुने भनिएको हो ता कि उनीहरूले आफ्नै अनुभवबाट जीवन, जगत र समाजलाई बुझ्न सकून् । यस छोटो लेखमा बालसहभागिताका क्षेत्रमा बालक्लबले पुऱ्याएको योगदानलाई दर्साउने प्रयास भएको छ ।

## बालक्लब अवधारणाको विकास

हाम्रो समाजमा बालबालिकाले पारिवारिक काममा सघाउ पुऱ्याऊन् भन्ने अपेक्षा राखिन्छ । तर परिवारले गर्ने निर्णयहरूमा उनीहरूको विचार बुझ्ने प्रयत्न कमै मात्रामा भएको देखिन्छ । परिवारमा नै त्यो स्थिति रहिसकेपछि, बालबालिकासँग सरोकार राख्ने अन्य क्षेत्र र निकायमा त झन् बालबालिकाको विचार बुझ्ने स्थिति ज्यादै न्यून रहेको पाइन्छ । तर बालअधिकारसम्बन्धी राष्ट्रसंघीय महासन्धि १९८९ लाई १४ सेप्टेम्बर १९९० मा नेपालले अनुमोदन गरिसकेपछि भने बालसहभागिताको चर्चाले व्यापकता पाइरहेका छ । बालअधिकारका क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघसंस्थाहरूले बालसहभागिताको विषयलाई प्राथमिकताका साथ उठाइरहेका छन् ।

बालसहभागिताको श्रीवृद्धिकै निमित्त थुप्रै जिल्ला र स्थानहरूमा विभिन्न संघसंस्थाको सक्रियतामा बालक्लबहरू सञ्चालित रहेका छन् । हाल नेपालमा बालबालिकाको सङ्गठनका रूपमा तीनहजारभन्दा बढी बालक्लबहरू क्रियाशील रहेको अनुमान रहेको छ । यसरी अभियानकै रूपमा बालक्लबहरू स्थापना हुन थालेपछि यिनीहरूलाई अझ सक्षम बनाउने र बालक्लब अभियानलाई व्यवस्थित गर्नुपर्ने आवश्यकतालाई महसूस गर्दै "नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम)" को समेत स्थापना भैसकेको छ ।

सामान्यतया ८ वर्षदेखि १६ वर्षसम्मका बालबालिका आपसमा सङ्गठित भई आफ्नो र आफ्ना दौंतरीहरूको हकअधिकारको प्रवर्द्धन गर्ने उद्देश्यका साथ स्थापना भएका समूहहरूलाई बालक्लब वा समूहका रूपमा चिनिन्छ । बालबालिका बालक्लबमा सङ्गठित भएर आफ्नो तथा समाजको विकासको साझा उद्देश्यप्राप्तिका लागि सहभागीमूलक ढङ्गले सङ्गठित भएर सक्रिय रूपमा काम गर्दछन् । बालक्लबलाई बालअधिकार र बालसहभागिताको प्रवर्द्धनका लागि स्थानीयस्तरमा कार्यरत एउटा संस्थाको रूपमा समेत लिइन्छ ।

यसरी निश्चित उद्देश्य लिएर स्थापना भएका यी बालक्लबहरूमार्फत् सानै उमेरदेखि बालबालिकालाई आफैं र आफ्ना दौंतरीहरूको हकअधिकार बुझ्ने र त्यसलाई साकार पार्न कार्य गर्ने वातावरण दिएको छ । साथै बालबालिकाको सामाजिकीकरण र उनीहरूलाई सिर्जनशील बनाउने कुरामा समेत बालक्लबहरू क्रियाशील मञ्च बनेका छन् । बालक्लबहरू विद्यालय तथा समुदाय दुवै तहमा स्थापना भएका छन् ।

बालक्लबहरूका यी गतिविधिहरूले बालबालिकाप्रति रहेको समाजको नकारात्मक धारणामा पनि व्यापक परिवर्तन आइरहेको छ ।

## निष्कर्ष

आफ्ना सामाजिक क्रियाकलापका कारण छोटो समयको अन्तरालमा नै बालक्लबहरूले नेपालमा ख्याति कमाएका छन् । उनीहरूको यो ख्याति देशविदेशमा समेत फैलिएको छ । यसबीचमा यी बालक्लबहरूले आफूलाई समाज परिवर्तनको सम्वाहकका रूपमा स्थापित गरिसकेका छन् ।

परिवार, समाज र सम्बन्धित निकायले उनीहरूका भावनालाई सुन्ने प्रक्रियासमेत बढ्दो रूपमा रहेको छ । केही वर्षअगाडिका बालबालिकाहरूले संघसंस्था खोल्ने र संगठित हुन पाउने सम्बन्धमा सर्वोच्च अदालतको ऐतिहासिक निर्णयले बालक्लबहरूको संस्थागत विकासमा झन् बल पुऱ्याएको छ । बालक्लबका सम्बन्धमा यी उत्साहवर्धक समाचारहरू बालअधिकारका क्षेत्रमा काम गर्ने सबैका लागि खुसीको खबर भएको छ ।

# बालसहभागिताका केही उदाहरणहरू

यमबहादुर बयम्बु / इन्द्रेणी समाज केन्द्र, भिरुबास, पाल्पा

नेपालमा रहेका बालबालिकाको हकअधिकारहरुका बारेमा लेखिएका विभिन्न ऐनकानूनहरु, नीति-नियमावली, बालअधिकार महासन्धि आदि रहेका छन् । ती ऐनकानून, नियमावली र बाअधिकार महासन्धिहरुमा बालअधिकारका बारेमा लेखिए पनि त्यसभित्र बालबालिकाका लागि केकस्ता प्रावधान रहेका छन् ? के के अधिकार छन् त भन्ने कुरा बालबालिकालाई मात्र नभएर आफ्ना अभिभावकहरुलाई समेत थाहा नभइरहेको अवस्थामा बालअधिकारको उल्लङ्घन हुनबाट बालबालिका आफैंलाई सचेत गराउँदै अधिकारबाट बञ्चित बालबालिकाको अधिकार दिलाउने साथै उनीहरुलाई विभिन्न तालिम, गोष्ठी, विविध कार्यक्रमहरुमा सहभागी गराउँदै बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकास गराउने उद्देश्यले बालबचाउ नर्वे र इन्द्रेणी समाज केन्द्रबीच बालक्लब सहयोग कार्यक्रम सञ्चालन गर्ने सम्झौता भयो । त्यसै अनुसार वि.सं २०५७ सालदेखि पूर्वी पाल्पाको ज्यामिरे, अर्चले, गल्धा, मित्याल र भिरुबास गरी पाँच गा.वि.स.मा बालक्लब सहयोग कार्यक्रम सञ्चालन गरिँदै आएको छ ।

कार्यक्रमको शुरूको चरणमा बालबालिकलाई विभिन्न कार्यक्रमहरूमा सहभागी गराइए तापनि उनीहरूको राम्रो सहभागिता थिएन । तर कार्यक्रम सञ्चालनको समय परिवर्तनसँगसँगै बालसहभागितामा पनि बिस्तारै बृद्धि हुँदै गएको पाइयो । बालक्लब सहयोग कार्यक्रम सञ्चालित पाँच गा.वि.स.भित्रका जम्मा ६० वटा बालक्लबका बालबालिकाले हाल आ-आफ्नो गाउँठाउँमा विभिन्न बालसहभागितात्मक कार्यक्रमहरू गर्दै अगाडि बढिरहेका छन् । त्यसका साथै इन्द्रेणी समाज केन्द्रमा द्वन्द्वबाट प्रभावित बालबालिकाको राहत कार्यक्रम थप भएपछि पहिले बालक्लब सहयोग कार्यक्रम सञ्चालन भएका गा.वि.स. र पाल्पाका वीरकोट, खालिवन, सिलुवा र नवलपरासीको देउराली, मैनाघाट र हुप्सेकोट गा.वि.स. मा कार्यक्रम विस्तार भएको छ । ती नयाँ गा.वि.स.हरूमा पनि विभिन्न बालक्लब गठन गरी विभिन्न सहभागितात्मक कार्यक्रम गरिरहेका छन् ।




बालबालिकाको सहभागितामा भएका केही उदाहरणीय कार्यक्रमहरूमा बाटो सरसफाइ, बालक्लबको वार्षिकोत्सव, राष्ट्रिय बालदिवसका विभिन्न प्रतियोगितामा सहभागिता, चर्पीनिर्माण, देउसीभैलो, वृक्षरोपण, तासजुवा नियन्त्रण, मासिक बैठक, अभिभावक अन्तरक्रिया, छात्रवृत्ति वितरण, 'स्कुलं जाऔं' अभियान, बाल बिहानी कक्षा सञ्चालन, साधारण सभा तथा अधिवेशन, बालकार्यक्रम पुनरावलोकन तथा योजना तर्जुमा, बाल बचत, घुम्ती पुस्तकालय, भित्तेपत्रिका प्रकाशन र विद्यालय शैक्षिक सुधार अन्तर्क्रियामा सहभागी भई विद्यालयको शैक्षिक गुणस्तर बढाउनमा समेत सहयोग गरेको छ । यसरी बालसहभागितात्मक कार्यक्रम स्वयं बालबालिकाले पनि गरेका छन् भने विभिन्न कार्यक्रमहरूमा राम्रो सहभागिता रहेको पाइएको छ ।

इन्द्रेणी समाज केन्द्रले बालबालिकाको चाहना र उनीहरूको प्रतिभा विकास गराउने उद्देश्यले भित्तेपत्रिका बोर्ड बनाइदिएका छन् । बालबालिकाले बचत गर्ने बानीको विकास गरून् भनेर बालबचतका लागि ३० जना सदस्य बराबर एक/एक सय रूपैयाँ वितरण गरिदिएका छन् । साथै आवश्यक खाता रजिस्टरहरू वितरण गरेको छन् । बालबालिकाका लागि उपयोगी विभिन्न पुस्तकहरू वितरण गरिदिएर घुम्ती पुस्तकालय सञ्चालन गरिएका छन् । इन्द्रेणी समाज केन्द्रको कार्यक्षेत्र १० वटै गा.वि.स.हरूमा बालभित्तेपत्रिका

मासिक रूपमा प्रकाशन गरिरहेका छन् । बालबालिकाले आफैँ विभिन्न लेखरचना, समाचार र बालप्रतिभा सङ्लन गरी मासिक रूपमा आफैँले पत्रिका प्रकाशन गर्दछन् । आवश्यक सामग्रीहरू हालसम्म इन्द्रेणी समाज केन्द्रले नै जुटाइदिएको छ । विभिन्न ज्ञानवर्द्धक र जीवनोपयोगी पत्रपत्रिका पुस्तकहरू जम्मा गर्छन् र एउटा कपडामा विभिन्न आकारका किताब राख्ने खल्ती बनाई त्यसमा किताब राख्छन् । गा.वि.स.भरिका बालक्लबहरूमा ती पुस्तकहरू मासिक रूपमा घुमाउँछन् । ती पुस्तकहरू एक बालक्लबबाट अर्को बालक्लबमा पुऱ्याउन बालबालिकाको नै सक्रिय सहभागिता हुन्छ । त्यसरी नै बालबचत कार्यक्रम अहिलेसम्म बालक्लब सहायेग कार्यक्रम सञ्चालन भएका पाँच गा.वि.स.हरूको विशेष गरी पाँच वटा बालक्लबहरूमा सञ्चालन गरिएका छन् । प्रत्येक बचत सदस्यलाई पास बुक, विभिन्न खाताका रजिस्टर इन्द्रेणी समाज केन्द्रले वितरण गरेको छ । बालबालिका मासिक रूपमा बैठक बस्छन्, मासिक रूपमा बचत सङ्लन गर्छन, पासबुक भर्छन्, सङ्कलित बचत रकम आफैँले ऋण लगानी गर्छन् र तोकिएको भाकामा ऋण असुली गर्छन् । यस्ता कार्यक्रमहरू बालसहभागिताका उदाहरणीय कार्यक्रमहरू हुन् । यस्तै विभिन्न कार्यक्रमहरू एक बालक्लबले जिम्मेवारी लिई नमूनाका रूपमा अगाडि बढाइरहेका छन् । यसरी एक बालक्लब एक नमूना कार्यक्रबाट एकातिर बालक्लबको नमूनाका रूपमा पहिचान भएको छ भने अर्कोतर्फ बालसहभागितामा व्यापक रुपमा बृद्धि भइरहेको छ ।

## विद्यार्थीहरू सार्वजनिक विद्यालय पुनर्निर्माणको प्रयासमा

**अनमोलमणि पौडेल, नेपाल समाचारपत्र**

**बाग्लुङ, माघ २४, २०६१, (फेब्रुअरी ६, २००५)**

द्वन्द्वका कारण क्षति पुगेका जिल्लाको सार्वजनिक विद्यालय स्कूले विद्यार्थीहरूको प्रयासमा पुनर्निर्माणको प्रचारप्रसारमा विद्यार्थीहरू डटेर लागिपरेका छन् ।

विद्यालयलाई शान्तिक्षेत्रका रूपमा विकास गर्नुपर्ने आह्वानसहित विद्यार्थीहरू दातासंस्था तथा अभिभावकसम्म पुगेका छन् । विद्यार्थीहरूको यो प्रयासपछि भौतिक क्षति भएका विद्यालयहरूको पुनर्निर्माणमा जिल्लाको गाजा युवा क्लबले आर्थिक सहयोग उपलब्ध गराउने भएको छ ।

क्लबले जिल्लाको कुश्मीसेरा, नारायणस्थान, अमलाचौर, सिंगाना र पाहाला गा.वि.स.का द्वन्द्वबाट प्रभावित विद्यालयको पुनर्निर्माणमा सहयोग पुऱ्याउने जनाएको छ । "सहयोगका लागि झण्डै डेढसय विद्यालयको आवेदन परेको छ", क्लबका यमप्रसाद कँडेल भन्छन्-स्थिति हेरेर सहयोग रकम उपलब्ध गराइनेछ ।"

विद्यालय पुनर्निर्माणको प्रचारप्रसारमा अमलाचौर बालक्लब, नारायणस्थान बालक्लब, सिगाना बालक्लब र कुश्मीसेरा बालक्लब लागिपरेका छन् । यी बालक्लब अपाङ्ग बालबालिकाको सहयोगमा पनि काम गर्ने गर्छन् । पाहाला बालक्लबका अध्यक्ष सुरज कार्कीले विद्यार्थीको शान्तिपूर्ण वातावरणमा पढ्न पाउनुपर्ने अधिकार सुनिश्चित गर्न जनचेतनात्मक कार्यक्रम चलाइरहेको बताए । "अपाङ्ग बालबालिकाले पनि साङ्गसरह अध्ययन सुविधा पाउनुपर्छ", उनले भने-"विद्यालयलाई युद्धक्षेत्रका रूपमा होइन, अध्ययनक्षेत्रका रूपमा विकास गर्नुपर्छ ।"

जिल्लामा सामुदायिक तथा विद्यालयका बालक्लबले द्वन्द्वबाट प्रभावित र विद्यालय छाडेका विद्यार्थीलाई समेत विद्यालय जान प्रोत्साहित गरिरहेका छन् । क्लबका बालबालिका द्वन्द्वमा आमाबाबु बेपत्ता भएका र मारिएकाहरूका छोराछोरीलाई विद्यालय ल्याउने प्रयासमा लागेका छन् । "द्वन्द्वले हामी बालबालिका बढी पीडित भएका छौँ", उनीहरू भन्छन् - "द्वन्द्वपीडित बालबालिकालाई बढाउने कामका लागि बालबालिकाले नै पनि सहयोग गरिरहेका छन् ।"

गाजा युवाक्लबका कँडेल बालबालिकाले विद्यालय पुनर्निर्माणको प्रचार शुरू गरेपछि समुदायले पनि चासो देखाएको बताउँछन् । उनी भन्छन् - "विद्यालय पुनर्निमाका क्रममा स्थानीय समुदायले पनि श्रमदान गर्ने भएको छ ।"

# बालक्लब गठन र सञ्चारमा बालबालिका

पूर्णचन्द्र उपाध्याय मानव अधिकार सचेतन मञ्च (एफा) बाँके

२०५६ सालको कुरा हो, हामीहरू बालक्लब गठनका कार्यमा बाँके जिल्लाका दुर्गम गाउँ विकास समिति टिटिहिरिया र बनकटवाका वडाहरूमा जुटिरहेका थियौं । हाम्रा संस्थाका साथीहरूका लागि बालक्लबसँग काम गर्नु पहिलो अनुभव थियो । यो काम एकदमै नौलो थियो समुदायका लागि पनि । मलाई सम्झना छ, हामीले दुईवटा गाउँ विकास समितिबाट कामको थालनी गर्दा प्लान नेपाल बाँकेका साथीहरू र सामुदायमा आधारित विकास संस्था (CBO) का साथीहरू गाउँले दाजुभाईदिदीबहिनीहरूले धेरै मद्दत गर्नुभएको थियो ।

हामीलाई बालक्लबको उत्पत्ति र विकासका बारेमा त्यति सारो ज्ञान थिएन । बालक्लबको अवधारणा कसरी आयो र बालक्लब किन गठन गरिन्छ ? कसरी गठन गरिन्छ ? के का लागि बालक्लब हो ? बालक्लबहरू एविल का हुन् कि AFHA का हुन् वा बालबालिकाहरूको आफ्नै हो ? भविष्यमा बालक्लबका बालबालिकाहरूले के गर्ने छन् ? बालक्लबहरू कहिलेसम्म चल्नेछन् ? हामीले बालबालिकाहरूलाई कता डोऱ्याउने हो ? बालक्लबका सदस्यहरू युवा हुनेछन् अनि के गर्ने होला ? बालक्लब र बालबालिकाहरूप्रति हाम्रो भूमिका के हुने हो ? समुदाय र अभिभावकहरूले कहिलेसम्म सहयोग गर्दछन् ? यी थुप्रै प्रश्नहरू हाम्रा लागि चुनौती बनेका थिए । तर बालबालिकाहरूसँग काम गर्दै जाँदा माथिका प्रश्नहरूले आफैं समाधान खोज्दै गए । हामीकहाँ यस्तै भयो ।



बाँके जिल्लाका टिटिहिरिया र बनकटवा गा.वि.स. जहाँबाट हामीले कामको थालनी गरेका थियौं, ती गा.वि.स.का बालक्लबहरू हाम्रा लागि गुरु सावित भए । हामीले २०५६ सालमा टिटिहिरिया र बनकटवा गा.वि.स.मा गा.वि.स. स्तरीय बालसूचना सञ्चार केन्द्र स्थापना गऱ्यौं । त्यहाँबाट कलिला स्वर नामक भित्तेपत्रिका बालबालिकाहरूले मासिक रूपमा प्रकाशन गर्न थाले । भित्तेपत्रिका लेख्ने बालबालिकाहरूसँग पत्रकारिताको ज्ञान र सीप थिएन । तर पनि एक वर्षजति कलिला स्वर भित्तेपत्रिका प्रकाशन भई नै रह्यो । स्थानीय सवालहरू जुवातास, मद्यपान, महिलामाथि हुने दुर्व्यवहार, हेलाँ र स्थानीय विकासनिर्माणका बारेमा बालबालिकाहरूले भित्तेपत्रिकाको विषय बनाउन थाले । बालसूचना सञ्चार केन्द्रमा तीनजना बालबालिकाहरू रहन्थे । उनीहरूलाई हामीले एक वर्षपछि २०५७ सालमा बालपत्रकारिताको पहिलो तालिम प्रदान गऱ्यौं । यसले गा.वि.स. स्तरीय बालसूचना सञ्चारकेन्द्रमा संलग्न बालपत्रकारहरूलाई थप ज्ञान र सीप प्रदान गऱ्यो । त्यति बेलासम्ममा हामीले आठवटा गा.वि.स.मा बालसूचना सञ्चार केन्द्र र बालक्लबहरू गठन गरिसकेका थियौं । झण्डै २४ जना बालपत्रकारहरू बालसूचना सञ्चार केन्द्रमा संलग्न थिए ।

गा.वि.स.स्तरीय बालसूचना सञ्चार केन्द्रहरू स्थापना हुँदै जानु र बालपत्रकारहरूले बालबालिकाहरूका स्थानीय सवालहरूलाई बाहिर ल्याउनु , बालपत्रकारहरूको संख्या बढ्दै जानु हाम्रा लागि थप चुनौती बन्दै गयो । यता



गाउँहरूमा भित्ते पत्रिकाहरूले हलचल ल्याउन थालिसकेका थिए । सानासाना नानीहरू ( बालपत्रकारहरू), कापीकलम लिएर गाउँघरमा हुने विकृतिका घटना सङ्कलन , अन्तर्वार्ता लिँदै हिड्न थालेको देखेर गाउँका कोही मानिस जिस्क्याउँथे, कोही उत्प्रेरणा हौसला प्रदान गर्थे । गा.वि.स. स्तरीय बालसूचना सूञ्चार केन्द्रका बालपत्रकारहरू गाउँका समाचार सङ्कलन र नेपालगञ्जबाट प्रकाशन हुने स्थानीय दैनिक पत्रपत्रिकाहरूमा प्रकाशन गर्न सक्ने भइसकेका थिए । जब बालपत्रकारहरूका समाचारहरू स्थानीय पत्रपत्रिकाहरूमा वाइलाइन प्रकाशन हुन थाले, गाउँमा बालपत्रकारहरूको सम्मान हुन थाल्यो भने कतै बालपत्रकारहरूलाई धम्की पनि आउन थाल्यो । बालपत्रकारहरूले नहिचकिचाई समाचारहरू लेख्ने र प्रकाशन गर्ने क्रमलाई बढाइराखे । हामीले सिक्यौं अब जिल्लास्तरमा बालसूचना सञ्चार केन्द्र स्थापना गर्नु आवश्यक छ । २१ वटा गा.वि.स.स्तरीय बालसूचना सञ्चार केन्द्रका बालपत्रकारहरूको भेलाले २०६१ असोज महिनामा नेपालगञ्जमा जिल्लास्तरीय बालसूचना सञ्चार केन्द्र स्थापना गरे । जिल्ला बालसूचना सञ्चार केन्द्र बाँकेले जिल्लास्तरका सूचनाहरूमा आफ्नो पहुँच बढाउन सफल भयो । रेडियो कार्यक्रमको तयारी गरी बालपत्रकारहरूले नै सञ्चालन गर्न थाले । बाँके जिल्लाका बालपत्रकारहरूले ११ भागसम्म टेलिभिजन कार्यक्रम क्षेत्रीय प्रसारण केन्द्र कोहलपुरबाट प्रसारण गर्न सके । अहिलेसम्म पनि जिल्ला वा गा.वि.स.स्तरीय बालसूचना सञ्चार केन्द्रले बालबालिकाहरूका सवालहरूमा पत्रपत्रिका, रेडियो, सडकनाटक, भित्तेपत्रिका, मासिक छलफल, बालअधिकार हननका घटना अध्ययन, त्रैमासिक बालबुलेटिन प्रकाशनका काम गरिरहेका छन् । झण्डै ६० जना बालपत्रकारहरू बाँके जिल्लाका ग्रामीण भेगमा कार्य गरिरहेका छन् । भने बालपत्रकारको रूपमा कार्य गरिसकेका तीनजना युवापत्रकारले प्रविणता तहको पत्रकारिता तालिम लिएर स्थानीय पत्रपत्रिकाहरूमा समाचार, फिचर लेख्ने गरेका छन् ।



उल्लेखित सफलताले बालबालिकाहरूका लागि होइन बालबालिकाहरूसँग कार्य गर्दा प्रभावकारी परिणामहरू प्राप्त गर्न सकिन्छ भन्ने सिकाइ हामीहरूमा भएको छ । शुरु देखि अन्तसम्म कुनै पनि कार्यमा बालबालिकाहरूको सक्रिय सहभागिता रहन्छ, त्यसले बालबालिकाहरूको क्षमताको विकास गराउँछ भन्ने सिकाइ हाम्रा लागि महत्वपूर्ण सावित भएको छ । तालिम पहिले होइन, पहिले कार्यमा सहभागी हुनुपर्दछ । त्यसपछि सो कामलाई सघाउ पुऱ्याउने तालिम आवश्यक पर्दछ । कार्यबाट अनुभव र सिकाइ बढ्ने गर्दछ । अनुभव र सिकाइलाई नयाँ ज्ञान र कार्यगत सीपले थप सघाउ पुऱ्याउँछ भन्ने सिकाइ हामीले प्राप्त बाँकेका बालबालिकाहरूसँग काम अनुभव गरेका छौं ।

# सञ्चारमा बालसहभागिता: हातेमालोको अनुभव

पिङ्की विजयानन्द हातेमालो सञ्चार

**बालअधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनका लागि कार्य गर्दै आएको संस्था हातेमालो सञ्चारको औपचारिक रुपमा स्थापना सन् १९९४ मा भएको हो । तापनि यसले १९८२ देखि नै अपाङ्गतामा रहेका बालबालिकाको अधिकारका लागि ५ मिनेटको रेडियो कार्यक्रमबाट आफ्नो कार्ययात्रा शुरू गरेको थियो । साथै, हातेमालोले सन् १९९० देखि बालबालिकाका लागि 'सुनकेस्रा' बालपत्रिका प्रकाशन गरिरहेको छ । यसै क्रममा रेडियो कार्यक्रम उत्पादन तथा प्रशारणमा सहभागी बालबालिका तथा सुनकेस्रा पत्रिकामार्फत् सम्पर्कमा आएका बालबालिकाको पहलमा बालअधिकार तथा बालसहभागिताको प्रवर्द्धनका लागि सन् १९९५ मा हातेमालो बालक्लब कुपण्डोलको स्थापना भएको हो । यसै गरी बालसहभागिता तथा बालअधिकारको विकासका लागि कीर्तिपुरमा पनि बालबालिकाकै पहलमा सन् १९९७ मा अर्को हातेमालो बालक्लबको स्थापना भयो । यसरी नै हातेमालो बालक्लब कुपण्डोलका केही सक्रिय बालबालिकासहित १८ वर्ष उमेर नाघिसकेका युवाहरुको पहलमा हातेमालो बालक्लब बालकोटको स्थापना २००१ मा भयो ।**

यसरी हातेमालो सञ्चारले आफ्नो स्थापनाकाल देखि नै बालबालिकाको विचार, भावना तथा बालअधिकारको विकासमा बालक्लबबाट कार्यक्रम गर्ने बालबालिकाको हौसलालाई सधैं समर्थन तथा सहयोग गर्दै आएको छ। यसका साथसाथै हातेमालो सञ्चारले आफ्नो संस्थागत प्रत्येक गतिविधि तथा कार्यक्रमहरूमा बालसहभागिताको यथोचित स्थानलाई पहिचान गरी बालबालिकाको सहभागी हुन पाउने अधिकारलाई सुरक्षित तथा विकास गर्दै आएको छ। हातेमालो सञ्चार बालवालिकको व्यक्तित्व विकास, नेतृत्वविकास तथा सिर्जनात्मक विकासबाट मात्रै बालसहभागितालाई सामाजिक तथा संस्थागत क्षेत्रमा व्यावहारिक अभ्यास गराउन सकिन्छ भन्ने कुरामा विश्वस्त छ।

हाम्रो समाजमा अनि संस्थाहरूमा बालबालिकाको उच्चतम हितलाई ध्यानमा राखी सार्थक बालसहभागिताको अभ्यास गर्ने गराउने कुरा चुनौतीपूर्ण रहेको छ। साथै, बालसहभागिताको विकास एक दिनको कुरा, छलफल तथा निर्णयले मात्र सम्भव छैन। यसका लागि वयस्कहरूले आफ्नो धारणा, व्यवहार तथा दैनिक जीवनका क्रियाकलापहरूबाटै बालसहभागितालाई प्राथमिकता दिनुपर्छ भन्ने अनुभव हातेमालो सञ्चारले विगतका दशकहरू देखि सँगाल्दै आएको छ। त्यसैले हातेमालो सञ्चार बालसहभागितालाई पहिचान गर्न र त्यसलाई आफ्नो कार्यक्रमहरूमा कार्यान्वय गर्न सदैव प्रतिवद्ध रहेको छ। बालबालिकाको सहभागिता कार्यक्रममा मात्रै सीमित गर्नु हुँदैन, बरू कार्यक्रमको

थालनी र प्रक्रियाहरूमै बालसहभागितालाई स्थापित गर्नुपर्छ भन्ने मान्यताअनुरूप हातेमालो सञ्चारका प्रमुख कार्यक्षेत्रहरू, विशेषगरी सञ्चारका क्षेत्रमा बालक्लब तथा बालबालिकाको सहभागिता के-कसरी रहेको छ भन्ने अनुभव तल समावेश गरिएको छ ।

## हातेमालो रेडियो कार्यक्रम

बालबालिकाका लागि रेडियो नेपालबाट प्रसारण हुने हातेमालो रेडियो कार्यक्रम हातेमालो सञ्चारको इतिहासमा उल्लेखनीय छ । बालअधिकार तथा बालसहभागितालाई प्रत्यक्ष रूपमा विकास गर्न यस रेडियो कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको छ । रेडियो कार्यक्रम प्रसारणका सुरुका दिनहरूमा ठूला व्यक्तिले रेडियो कार्यक्रम निर्माण तथा सञ्चालन गर्दथे । हातेमालोले कार्यक्रम प्रसारणको केही वर्षपछि बालबालिकाको क्षमता तथा सिर्जनालाई पहिचान गरी रेडियो कार्यक्रममा बालसहभागिताको क्षेत्रलाई पहिचान गऱ्यो । यसै अनुरूप "रेडियो कार्यक्रम बालबालिकाका लागि बालबालिकाद्वारा" भन्ने मान्यतानुरूप हरेक दुईहप्तामा एकपटक बालबालिकासम्बन्धी मुद्दामा बालक्लबका सदस्यहरूबाटै कार्यक्रम सञ्चालन भयो । उक्त मुद्दाको पहिचान तथा कार्यक्रम उत्पादनका सम्पूर्ण कार्यहरू बालबालिका आफू नै छलफल गरेर गर्ने गर्थे । यस किसिमको थालनी तथा अनुभवमा आधारित रही हातेमालो सञ्चारले सन् २००२ देखि २००४ सम्म प्रत्येक हप्ता बालबालिकाको पूर्ण सहभागितामा बालबालिकाको विविध विषयहरूमा आधारित रही "हातेमालो रेडियो कार्यक्रम" स्थानीय एफएमबाट सञ्चालन गऱ्यो ।

हाल सहयोगको अभावमा "बालबालिकाका लागि बालबालिकाद्वारा" भन्ने भावनानुरूप हातेमालो सञ्चारले विशुद्ध बालकार्यक्रम सञ्चालन गर्न असमर्थ भए तापनि यी दिनहरूमा हातेमालो सञ्चारले बालबालिका तथा किशोरकिशोरीहरूका लागि लागुपदार्थ दुर्व्यसनी सम्बन्धी "सद्‌गति रेडियो कार्यक्रम" सञ्चालन गर्दै आइरहेको छ । उक्त कार्यक्रम मेट्रो एफ.एम. ९४.६ मेगाहर्जबाट हरेक शुक्रबार ६:३० देखि ७:०० बजे प्रसारण भइरहेको छ । यस कार्यक्रमको सम्पूर्ण कार्यहरू पनि हातेमालो बालक्लबका पूर्वसदस्यहरू तथा हातेमालो युवासमूहबाट सञ्चालन भइरहेको छ ।

नेपालमा बालबालिकाबाट बालबालिकाका लागि रेडियो कार्यक्रम सञ्चालन गर्ने संस्थामा सम्भवतः हातेमालो सञ्चार नै पहिलो हो । सन् २००४ जुनसम्म सेभ द चिल्ड्रेन, नर्वे नेपालबाट प्राप्त निरन्तर सहयोगबाट नै सञ्चारजगत्‌मा बालसहभागिताको शुभारम्भ हुन र रेडियो प्रसारणमा बालसहभागिताको यस किसिमको उपलब्धि हासिल गर्न हातेमालो सञ्चारलाई सम्भव भएको हो । साथै, रेडियो कार्यक्रमको निर्माण तथा प्रसारणमा बालसहभागिताको यो अनुभव सबैका लागि उदाहरण हुनसक्छ । हामीलाई अनुभव छ, हाल देशमा प्रसारण भइरहेका धेरै एफएमले बालकार्यक्रम सञ्चालन गर्ने गरेका छन् । साथै त्यस्ता कार्यक्रममा न्यूनतम रूपमा भए पनि बालबालिकाको सहभागितालाई प्राथमिकता दिएको देखिन्छ । यसरी हेर्ने हो भने सेभ द चिल्ड्रेन, नर्वेको सहयोगमा हातेमालो सञ्चारले आरम्भ गरेको बालकार्यक्रम सबैका लागि उदाहरण बनेको छ भन्नुमा अत्युक्ति नहोला । साथै दुई संस्थाबीचको सहकार्यले रेडियो बालपत्रकारितामा बालअधिकार तथा बालसहभागिताको विकासलाई अगाडि बढाउन बल पुऱ्याएको छ भन्ने कुरामा हातेमालो विश्वस्त छ ।

## हातेमालो सञ्चारका प्रकाशन

हातेमालो सञ्चारका अन्य कार्यक्रममा झैं आफ्नो प्रकाशनमा पनि बालसहभागिताको सम्भावनालाई अभ्यास गर्दै आएको छ । सन् १९९१ देखि प्रकाशन हुन थालेको 'सुनकेस्रा' पत्रिकामा बालबालिकाबाट रचित रचनाहरूलाई समावेश गर्न थालेदेखि प्रकाशनमा बालसहभागिताको क्षेत्रलाई पहिचान गर्न थालिएको हो । सुनकेस्रा प्रकाशनको पन्ध्रौं अङ्कदेखि बालबालिकाको रचनालाई विशेष स्थान दिने उद्देश्यले 'तिम्रो पाना' भन्ने स्थायी स्तम्भ राखिएको थियो । बालसहभागिताको अभ्यासलाई अझै केही कदम अगाडि बढाउने क्रममा सुनकेस्रा प्रकाशनको ६० औं अङ्कदेखि 'तिम्रो पाना' स्तम्भको नाम परिवर्तन गरी 'हाम्रो पाना' नाम राखियो र यस स्तम्भका लागि नियमित रूपमा पत्रिकाको दुई पृष्ठ छुट्याइयो । त्यस पछिका अङ्कहरूमा 'हाम्रो पाना'




स्तम्भमा बालबालिकाद्वारा रचित कविताहरू बालक्लबका सदस्यहरूबाट सम्पादित तथा संयोजित भई यस पत्रिकामा प्रकाशन गर्ने परम्पराको विकास भयो । हालसम्म पनि सुनकेस्रा नियमित रूपमा मासिक प्रकाशन भइरहेको छ । आज सुनकेस्रा ११० अंकभन्दा बढि प्रकाशित भइसकेको सन्दर्भमा धेरै बालबालिकाकाहरूले यस स्तम्भबाट आफ्नो विचार भावना तथा सिर्जनालाई अभिव्यक्त गर्ने अवसर पाएको अनुभव हातेमालोसँग रहेको छ ।

सुनकेस्रा पत्रिका प्रकाशनमा भएको बालसहभागिताको अनुभव तथा सिकाइलाई हातेमालो बालक्लब कीर्तिपुरले वि.सं. २०५६ मा प्रकाशन गरेको बालपत्रिका 'बालकीर्ति' बाट प्रकाशन क्षेत्रमा बालसहभागितालाई थप अर्को कदम अगाडि बढाउन सफल भएको छ । वार्षिक रूपमा प्रकाशित हुने यस पत्रिकामा लेखन, सम्पादन तथा चित्राङ्कन क्लबका बालबालिकाबाटै हुने गर्छ । हालसम्म स्थानीय स्रोतपरिचालनबाट यस पत्रिकाको तेस्रो अङ्क प्रकाशित भइसकेको छ ।

यस्तै क्रममा हातेमालोको प्रकाशन क्षेत्रमा बालसहभागितालाई उच्चस्तरमा पुऱ्याउन 'बालसंसार' बालपत्रिका प्रकाशनको अहम् भूमिका रहेको छ । बालअधिकार, बालसहभागिता, बालसिर्जना तथा बालपाठ्यसामग्रीको विकासका लागि यस पत्रिकाको प्रकाशन सन् २००१ बाट प्लान नेपालको सहयोगबाट सुरु भएको हो । अर्धवार्षिक रूपमा प्रकाशित हुने यस बालपत्रिकाको प्रकाशनप्रक्रिया अन्य प्रकाशनभन्दा भिन्न रहेको छ । यस प्रकाशनले प्रत्यक्षरूपमा प्रकाशन प्रक्रियामा बालसहभागितालाई यथासम्भव अभ्यास गर्ने गरेको छ ।

बालसंसार पत्रिकाको प्रकाशन प्रक्रिया निर्धारणका लागि हातेमालो सञ्चार तथा प्लान नेपालले सबैभन्दा पहिले एउटा कार्यशालाको आयोजना गरेको थियो । उक्त कार्यशालामा काठमाडौं, मोरङ, सनसरी, बाँके, बारा, रौतहट, मकवानपुरका बालक्लबका सदस्यहरू सहभागी भएका थिए । उक्त कार्यशालाले निर्धारण गरे अनुरूप बालपत्रिकाको प्रारूप तयार गरियो । त्यसमा प्रकाशन गरिने विषयहरू छनौट गरियो । प्रकाशन क्रममा बालसंसार कहिले प्रकाशित गर्ने, कस्ता लेखरचनाहरू प्रकाशित गर्नेजस्ता विषयहरूदेखि यस पत्रिकामा कोको सम्पादक हुने भन्नेजस्ता प्रकाशनका विविध पक्षहरूलाई बालक्लबका बालबालिकाले नै निर्धारण गरे । साथसाथै, बालसंसारमा स्तरीय लेखरचना तथा चित्रहरू सम्प्रेषण गर्नका लागि स्थानीय बालबालिकाका तथा यस प्रकाशनमा सहभागी बालबालिकाका लागि आवश्यक पर्ने तालिमहरू पहिचान गरियो । यसै कार्यशालामा वार्षिक कार्ययोजना पनि तयार गरियो ।

यसै अनुरूप २००२ सालमा नै बालबालिकाहरूलाई २ वटा क्षमता अभिवृद्धि तालिमको आयोजना भयो । पहिलो क्षमता अभिवृद्धि तालिममा बालकथा, बालकविता, सम्पादन, निबन्ध, रेडियो स्क्रिप्टलेखन तालिम प्राप्त

गरे । तालिमपश्चात् बालसंसार पत्रिकाको पहिलो अङ्क प्रकाशन गरियो । पहिलो अङ्कका सम्पूर्ण लेखरचनाहरू बालबालिकाद्वारा नै लेखिएका थिए । पहिलो अङ्क प्रकाशनपछि प्रकाशनमा सहभागी बालबालिकाहरूबाट बालसहभागितालाई अझै व्यापक रूपमा अभ्यास गर्न दोस्रो अङ्कदेखि चित्र बनाउने, सम्पादन गर्ने तथा प्रुफ रिडिङजस्ता कामहरू पनि बालबालिकाबाट गर्न सकिने तर्क तथा सुझाव व्यक्त भयो ।

सोही अनुरूप दोस्रो क्षमता अभिवृद्धि तालिममा बालसामग्री छनौट, चित्र कसरी बनाउने, मुक्तक लेखन, प्रुफ रिडिङ तथा प्रेसका कामहरूबारे पनि बालबालिकाहरूलाई जानकारी गराइयो । बालसंसार दोस्रो अङ्कमा बालबालिकाहरूले आफ्नो लेखरचना समावेश गर्नुका साथसाथै चित्र पनि बालबालिकाद्वारा नै बनाइएको थियो ।

बालसंसार प्रकाशनमा बालसहभागितालाई अझै विस्तार गर्ने प्रयासमा प्रकाशनमा सहभागी बालबालिकाहरूले आफूले सिकेका सीप तथा ज्ञानलाई आफ्नो कार्यक्षेत्र तथा बालक्लबका सदस्यहरूलाई हस्तान्तरण गर्नुपर्ने सुझाव दिए । त्यसै अनुरूप सन् २००४ मा हातेमालो सञ्चारले बालसंसारको पहिलो र दोस्रो अङ्क प्रकाशन गर्ने क्रममा तालिम प्राप्त बालबालिकालाई प्रशिक्षकका रूपमा विकास गर्न पाँचदिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गऱ्यो ।

यसै प्रकाशन तथा यसबाट प्राप्त तालिमका आधारमा मकवानपुरका बालबालिकाहरूको पहलमा सन् २००४ मा भैंसे तथा निबुवाटारका ६३ जना बालबालिकालाई तालिम दिए । त्यस्तै २००५ सालमा भीमफेदी, आमभज्याङ, मकवानपुरगढी र सुकौराका नौवटा बालक्लबका १४७ जना बालबालिकाहरूलाई तालिम दिए ।

बालसंसार प्रकाशनका सन्दर्भमा बालक्लबका बालबालिकाद्वारा देखाइएको हौसला तथा कार्यलाई प्रोत्साहन तथा सहयोग गर्ने क्रममा सन् २००५ सालमा हातेमालो सञ्चारको आयोजनामा प्रशिक्षण प्राप्त बालबालिकाको सहयोगमा मकवानपुरका आठवटा क्लबका २३ जना बालबालिकाहरू तथा बाँके जिल्लाका बालबालिका विभिन्न बालक्लबका २२ जना बालबालिकाका लागि तालिम सञ्चालन गरियो ।

यसरी बालसंसार पत्रिका प्रकाशनका क्रममा सहभागी भएका कतिपय बालक्लबका सदस्यहरू आफ्नो स्थानीय क्षेत्रमा सक्रिय बालपत्रकारका रूपमा बालअधिकारको विकासका लागि कार्यरत भएका उदाहरणहरूलाई हातेमालोका उपलब्धि तथा सुखद् अनुभवका रूपमा हेर्न सकिन्छ ।

साथसाथै, सन् १९९६ देखि हातेमाले सञ्चारले बालभित्तेपत्रिकाको प्रकाशन सुरु गरेएता हातेमालो बालक्लब कुपण्डोल, कीर्तिपुर तथा बालकोटले पनि नियमित रूपमा बालभित्तेपत्रिका प्रकाशन गर्दै आइरहेका छन् । भित्तेपत्रिकामा बालक्लबका सदस्यहरूले आफूहरूले लेखेका रचनाहरूलाई समावेश गर्नुका साथै त्यसको साजसज्जा पनि गर्दछन् जसबाट बालक्लबका सदस्यहरूले प्रत्यक्ष लाभ लिइरहेका छन् ।

बालपत्रिका प्रकाशनमा एकदशकभन्दा बढी अनुभव रहेको हातेमालो सञ्चारले बालपत्रिकामा बालसहभागिता हुनसक्छ भन्ने यथार्थलाई परिष्कृत रूपमा समयक्रमसँगै सिक्दै आएको छ । बालपत्रिका प्रकाशनमा बालसहभागिताको स्तरलाई कसरी बढाउन सकिन्छ भन्ने प्रयोग पनि हातेमालो सञ्चारले गर्दै आएको छ । हालका दिनहरूमा विस्तारै विभिन्न बालपत्रिका, राष्ट्रिय दैनिक पत्रपत्रिका तथा अन्य साप्ताहिक, मासिक पत्रपत्रिकाहरूले पनि आफ्नो प्रकाशनमा बालबालिकालाई स्थान दिन थालेको देखिन्छ । साथै त्यस्ता स्थानमा बालबालिकाको सहभागितालाई महत्व दिई बालबालिकालाई नै अतिथि सम्पादन वा संयोजक बनाई पत्रिका प्रकाशन हुन थालेकामा हातेमालो आफ्नो विश्वास र कामप्रति झन् विश्वस्त भएको छ । साथै, यस किसिमको परम्पराको थालनीले पत्रिका प्रकाशनमा अझ नयाँनयाँ र उपलब्धिमूलक बालसहभागिता कसरी गराउन सकिन्छ भन्ने सम्भावनालाई अझै पहिचान गर्न हातेमालोका लागि हौसला मिलेको छ ।

## सडक नाटक

अन्य सञ्चारमाध्यमझैं सडकनाटक पनि समाज तथा समुदायमा जनचेतना फैलाउन सशक्त छ। साथै, सडकनाटकले बालबालिकाको सिर्जनात्मक अभिव्यक्ति तथा कलात्मक विकासमा उल्लेखनीय योगदान दिनुका साथै सडकनाटकनिर्माण तथा प्रदर्शनप्रक्रियामा बालबालिकाको सहभागिताको स्तर उच्च रहने तथ्यलाई हातेमालोले आफ्नो स्थापनाकालदेखि नै पहिचान गरेको हो। त्यसैले, हातेमालोअन्तर्गतका बालक्लबहरूको स्थापनाकालदेखि नै हातेमालो सञ्चारको सहयोगमा हातेमालो बालक्लबहरूले सन् १९९५ देखि नै बालसडकनाटक प्रदर्शन गर्दै आएको छ। यसरी, नेपालमा बालबालिकाद्वारा बालबालिकाको अधिकारका लागि सडक नाटक प्रदर्शन गर्ने पहिलो बालक्लब 'हातेमालो बालक्लब' बनेको छ। त्यस्तै, हातेमालो बालक्लबले सन् १९९६ देखि विद्यालय तथा समुदाय भ्रमण गरी नियमित रुपमा वर्षेनी बालसडकनाटक प्रदर्शन गर्ने गरेको छ।

हातेमालो बालक्लबमा नाटक/सडकनाटक मञ्चनको तयारी बालबालिका आफैंले नै गर्ने गरेका छन् जहाँ बालबालिकासित सम्बन्धित विभिन्न विषयहरूमा केन्द्रित भई बालबालिका आफैं नै नाटकको परिकल्पना गर्छन्, लेख्छन्, निर्देशन गर्छन्, अभिनय र प्रदर्शन गर्छन्। साथै, पुराना सदस्यहरूले नयाँ सदस्यहरूलाई बाल सडकनाटकलगायत विभिन्न तालिम दिनेजस्ता परिपाटीले हातेमालो बालक्लबभित्र बालसहभागिताको क्रमिक विकास गरिरहेको छ। फलस्वरूप, सन् १९९९ मा नयाँदिल्लीमा आयोजित अन्तर्राष्ट्रिय नाटक महोत्सवमा हातेमालो बालक्लबले स्वर्णपदक हासिल गर्न सफल भएको थियो। त्यस्तै, सन् २००० मा नेपालमा आयोजना भएको राष्ट्रिय नाटक महोत्सवमा दोस्रो स्थान हासिल गर्नुका साथै, सन् २००४ को डिसेम्बरमा ढाकामा आयोजित अन्तर्राष्ट्रिय नाटक महोत्सवमा सहभागी हुने मौका पाएको थियो। यसका साथै अन्य संस्थाहरूको आयोजना तथा निमन्त्रणामा हातेमालो बालक्लबका दक्ष सदस्यहरू बाल सडकनाटकसम्बन्धी तालिम सञ्चालन गर्न जाने गरेका छन्।

यसरी सञ्चारमा बालसहभागिताका लागि हातेमा सञ्चार तथा बालक्लबहरूले विभिन्न सहभागितमूल कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। बालअधिक प्रवर्द्धनका लागि भएका यी बालसहभागितामूल गतिविधिहरूले सञ्चारमा बालसहभागिताका सम्बन्ध हाम्रा सिकाइहरू यस प्रकारका छन् :

- बालसहभागिता एउटा प्रक्रिया हो। वयस्कहरू सुझबुझ, अनुभव तथा बालबालिकासँग साझेद गर्नका लागि तत्पर रहने मानसिकता तथा व्यव बालसहभागिताका लागि न्यूनतम आवश्यकता हुन्।
- सार्थक बालसहभागितात्मक कार्यक्रम गर्दा वय तथा संस्थाहरूले निश्चित गरेको समयभन्दा पनि समय लाग्न सक्छ। यस यथार्थत बालसहभागिताको वकालत गर्ने सबैले ब आवश्यक छ।
- कुनै पनि क्षेत्रमा बालबालिकाको सार्थक सहभा गराउन निश्चित प्रक्रियाहरू पूरा गर्नुपर्ने हु एकैचोटि बालबालिकालाई कुनै कार्यक्र समावेश गराउँदैमा बालसहभागिता भइहाल्छ छैन। बरू त्यसका लागि वयस्कह बालसहभागितका सम्भावित क्षेत्रहरू पहिचान आवश्यक हुन्छ। साथै, बालबालिक वयस्कहरूसँग सहभागी गराउनका त आवश्यक पर्ने क्षमता तथा सीपको विकास पर्छ। र, त्यस्ता क्षमता तथा सीपको व्य गरिदिनु वयस्कहरूको दायित्व हुन्छ।
- बालबालिकाहरूले अवसर तथा विश्वास प खण्डमा अपेक्षित परिणामभन्दा पनि बढी देखाउन सक्षम हुन्छन्। त्यसका लागि वयस्क उचित वातावरणको निर्माण तथा धैर्य दे आवश्यक हुन्छ।
- बालसहभागिताका लागि वयस्क बालबालिकाको सुरक्षा, शिक्षा तथा उच्चतम हि सदैव ध्यान दिनु आवश्यक हुन्छ। बालअधिकार महासन्धीका सिद्धान्तहरूला पालना गर्नु आवश्यक हुन्छ।

# नेपालमा बालक्लब र बालसहभागिता

तिलोत्तम पौडेल सिविन

संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८९ नोभेम्बर २० मा पारित गरेको र सन् १९९० सेप्टेम्बर १४ मा नेपाल सरकारले समेत अनुमोदन गरेको बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाको सहभागिता र नागरिकहकलाई मान्यता दिएको छ। विश्वमा सबैभन्दा बढी राष्ट्रहरूले अनुमोदन गरेर यस महासन्धिमा उल्लेखित कुराहरूमा आफ्नो प्रतिबद्धतासमेत जनाएका छन्।

वि.सं. २०४६ सालमा विकसित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अभ्याससँग बालअधिकारसम्बन्धी गतिविधिहरू पनि उत्साहजनक रूपमा अगाडि बढ्न थाले। त्यसताकासम्म कम चासोको विषय रहेको बालबालिकाको अधिकार सबैको सरोकारको विषय हो भन्दै सर्वत्र चर्चाको विषयका रूपमा चिनिन सफल भएको छ। यसरी विगतका उपेक्षित विषयमा रहेको बालअधिकार अहिले चर्चाको विषय बन्नुमा राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी र गैह्रसरकारी संस्थाहरूलगायत बालबालिकाको पनि उत्तिकै योगदान छ। त्यसैबेला बालबालिका आफै सङ्गठित तथा सहभागी भई बालक्लब र समूहहरू खोलेर विभिन्न प्रकारका सामाजिक गतिविधिहरूमा संलग्न हुन थाले। त्यस्ता गठित समूहको विभिन्न कार्यमा सक्रिय सहभागिताले बालक्लबहरू स्थापना गर्ने क्रम बढ्दै जान थाल्यो। बालअधिकारका लागि बालसहभागिताको आवश्यकता र महत्व बढ्दै जान थाल्यो। बालक्लबको संख्या सन् १९९८ सम्मको अध्ययनमा एक हजारभन्दा बढी भएको तथ्याङ्क आए पनि हाल सो संख्या बढेर तीन हजार नाघेको अनुमान गरिएको छ।

हाम्रो देश नेपालमा बालक्लबहरू दुई ढङ्गबाट खोलिएको पाइन्छ। गाउँघरहरूमा आमासमूह, युवासमूह, भजनसमूह, जस्तै स्वतःस्फूर्त रूपमा 'हामी केही गरौं' भन्ने भावना आएर गाउँमै भेला भएर खोलिने बालक्लबहरू पहिलो कोटीमा पर्दछन् भने दोस्रोमा वयस्कहरूले सञ्चालन गरेका संघसंस्थाहरूले बालसहभागितालाई विकास गर्न उद्देश्यले खोलिएका बालक्लबहरू पर्दछन्। उनीहरूले संस्थागत रूपमा बालक्लब खोल्ने वातावरणलाई सहज बनाएपछि सोही आधारमा खोलिएका बालक्लबहरू दोस्रोमा पर्दछन् र यिनीहरूको संख्या तुलनात्मक रूपमा बढी छ। केही बालक्लबहरूका हकमा त शुरुशुरुमा स्वतःस्फूर्त रूपमा खोलिए पनि वा कसैको सरसल्लाह र निर्देशनबाट खोलिए पनि वास्तवमा बालक्लबहरू बालबालिकाका हकअधिकारको प्रवर्द्धन गर्नमा क्रियाशील छन्।

सामान्यतया बालक्लबहरू विद्यालयस्तरमा पनि खोलिएका छन्। जस्तै सिविनको पहलमा खुलेका 'बालअधिकार मञ्च', इन्सेकको पहलमा खुलेका 'बालअधिकार चेतना समूह', युनिसेफको सहयोगमा खुलेका 'मीना सञ्चार र सरसफाई क्लब' लगायत विभिन्न संघसंस्थाहरूले आफ्नै पहलमा विद्यालयमा विभिन्न तरिकाबाट खोलिएका बालक्लबहरू आदि। त्यसैगरी बालबालिकाका पहलमा खोलिएका 'जागृति बालक्लब नेपाल', 'बालचेतना समूह', लगायतका बालक्लबहरू पनि नेपालमा क्रियाशील छन्, जसरी अन्य संघसंस्थाहरूमार्फत् खोलिएका बालक्लबहरू कार्यरत छन्। यसबाहेक बालपत्रकार समूह, रेडियो कार्यक्रमहरू सुन्ने बालसमूहहरू, पनि खोलिएका छन् र तिनीहरू आफ्ना क्षेत्रमा कार्यरत छन्।

बालसहभागिता जनाउँदै बालक्लबहरू आफ्नै समूहमा सक्रियता बढाउनुका साथै त्यसमार्फत् समाजमा रहेका विकृति विसंगतिविरुद्ध प्रहार गर्दै जनचेतनात्मक र रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने गर्छन्। त्यसको उदाहरणका रूपमा सडकनाटक, नाचगान, विभिन्न खेलकूदहरू, सरसफाइ कार्यक्रम, हाजिरीजवाफ, कविता, निबन्ध, वक्तृत्वकला, निबन्ध, जाँडरक्सी-चुरोटविरुद्ध अभियान दाइजोविरोधी अभियानमा समेत बालक्लबहरू संलग्न छन्। त्यसैगरी बालबालिकामाथिको यौनशोषण, श्रमशोषण तथा बेचबिखनविरुद्ध अभियान, बालअधिकारसम्बन्धी तालिम, भेला, शुभकामना आदानप्रदान कार्यक्रम, विभिन्न नाममा मासिक, त्रैमासिक, वार्षिक रूपमा भित्तेपत्रिका र बालपत्रिकाहरूको प्रकाशन, वृक्षरोपण, देउसीभैलो कार्यक्रममा आकस्मिक सहयोग, आर्थिक अवस्था निम्न भएका साथीहरूलाई शैक्षिक सहयोग, एफएमलगायतका विभिन्न

बालकार्यक्रमहरूको सञ्चालन, विभिन्न दिवसलगायतका बालअधिकार र सामाजिक मुद्दाहरूमाथि उल्लिखित कार्यक्रमका माध्यमबाट आफ्नै सक्रियता र सहभागितामा आफ्नो प्रतिभा प्रस्फुटन पनि हुने र समाज परिवर्तनमा समेत टेवा पुऱ्याउने क्रियाकलापहरू बालक्लवहरूले सञ्चालन गर्दै आइरहेका छन्।

बालक्लबले यी कार्यमात्रै गरेका हैनन्, तिनीहरू बालअधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्णयहरू हुँदा बालबालिका प्रतिनिधित्व हुनुपर्छ भन्दै अगाडि बढ्ने गरेका छन्। यसको उदारणका रूपमा 'बालबालिकाका लागि जुटौं' विश्वव्यापी अभियान, बालबालिकासम्बन्धी विशेष बैठकहरूमा सहभागिता, समयसमयमा सरकारी निकाय उच्चपदस्थ व्यक्तिहरूलाई दिइने ज्ञापनपत्र, हस्ताक्षर अभियानहरूमा बालक्लबहरूले देखाएको उत्साहलाई बालसहभागिताको नमूनाका रूपमा लिन सकिन्छ। त्यसैगरी एकातर्फ बालक्लबहरूले बालअधिकारका माध्यमबाट सामाजिक जागरणका लागि कटिबद्ध भई लागेका छन् भने अर्कोतर्फ बालक्लबहरू कानुनी मान्यता दिलाउनका निम्ति बालबालिकाहरू स्वयं लागिपरेको उदाहरण पनि हामीसँग छर्लङ्ग छ।

बालअधिकार र बालसहभागितालाई पूर्ण रूप दिन विनानागरिकता बालसंस्था दर्ताका निम्ति पनि २०५५ माघ ४ गते नवलपरासीको जागृति बालक्लब नेपालले आफ्नो बालसमूहलाई प्रशासनले कानूनी मान्यता नदिएपछि र बालचेतना समूहले आफ्नो दर्ता भएको समूह खारेज भएपछि गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, र प्रमुख जिल्ला अधिकारीलाई विपक्ष बनाई सर्वोच्च अदालतको ढोका घचघच्याउनसमेत पुगे। बालबालिका आफ्नो अधिकारका लागि आफूहरू नै सर्वोच्चसम्म पुगे। पटकपटकको वहस पैरवीपछि २०५८ साउन २५ मा जागृति बालक्लबका पक्षमा सर्वोच्च अदालत सर्शत वा निशर्त जागृति बालक्लब दर्ता गर्न परामादेश जारी गऱ्यो। बालबालिकाले बालअधिकार माहासन्धिलाई आधार बनाई दिइएको मुद्दाको बालबालिकाका पक्षमा भएको ऐतिहासिक फैसलाको सबै पक्षबाट स्वागत पनि भयो। बालअधिकार र बालसहभागिताका लागि यो फैसला एक कोशेढुङ्गा सावित भयो भन्दै सबै बालअधिकारकर्मी र बालसमूहहरू उत्साही पनि भए। तर, फैसला भएको चारवर्ष बितिसक्दा पनि फैसला अनुसार हालसम्म कुनै पनि बालसंस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको आधिकारिक जानकारी छैन। केवल काम चलाउनका निम्ति र फैसलालाई कार्यन्वयन गरेजस्तो गर्न जिल्ला बालकल्याण समितिमा जागृति बालक्लबलगायत सोही फैसलालाई आधार बनाई दर्ताका लागि प्रशासन पुगेका बालक्लबहरू नवलपरासी, मकवानपुर, मोरङ, बाग्लुङ, कञ्चनपुरमा बालक्लबलाई जिल्ला बालकल्याण समितिमा दर्ता गराएको छ। काम चलाउने हिसाबले मात्र दर्ता गरिएको नीति हाललाई त्यही भए पनि ठीकै छ भनेर सकारात्मक रूपले लिन त सकिएला तर २०५८ साउन २५ को फैसला अनुरूप भने कार्यान्वयन हुन सकेको छैन। यस विषयको फैसलापछि जति चर्चा हुनुपर्थ्यो त्यति हुन नसकेको गुनासो बालसमूहहरूको छ।

नेपालमा बालक्लबहरूको सक्रियता र सहभागिता दक्षिण एशियामा नै उदाहरणीय छ। बालसहभागिताको माध्यमबाट बालसमूहहरूको बीचमा जिल्लाजिल्लामा समन्वय गरी सहकार्यमा समेत जुटेका बालबालिकाले बालक्लब र बालसहभागिताको माध्यम, सामाजिक रूपान्तरण र बालबालिकाकै व्यक्तित्व विकासमा टेवा पुऱ्याउँदै आएका छन्। यस्ता कुराहरूको पुष्टि विगतका दिनहरूमा बालक्लबहरूले सञ्चालन गरेका राष्ट्रियस्तरका कार्यक्रमहरू, रेडियो एफएम सञ्चालन, पत्रिकाहरू प्रकाशन, सडकनाटक मञ्चनमात्र होइन, बालक्लब छोडेपछि र युवा भएपछि विभिन्न संघसंस्थाहरूमा संलग्न भई आत्मनिर्भर हुनुका साथै सामाजिक क्षेत्रमा लागेका प्रशस्त उदाहरणहरूलाई सकारात्मक रूपले लिनुपदर्छ।

यसर्थ बालबालिका राष्ट्रका जिम्मेवार सदस्यहरू हुन्। यिनीहरूले आधा नेपाल ओगटेका छन्। देशैभरि छरिएर रहेका बालबालिका र उनीहरू संलग्न रहेको बालक्लबलाई उचित र सहभागीतामूलक परिचालन गरी समाज परिवर्तनमा अग्रणी भूमिका निर्वाह गर्न अझै सक्षम बनाउँदै लैजानु जरुरी छ। यसका लागि बालक्लबहरूका बारेमा स्पष्ट नीति र ठोस कार्यक्रम, के-केसम्म गर्न सक्ने, बालअधिकार र बालसहभागितासँगसँगै बालबालिकाको स्वास्थ्य, शिक्षा र अन्य अधिकारको पूर्ण प्राप्तिका निम्ति बालबालिकाका समूहहरूको कानूनी मान्यताका निम्ति साउन २५ को फैसलाको कार्यन्वयनतर्फ सबै सरोकारवालाहरूले लाग्नुपर्ने अवस्था विद्यमान छ।

# कन्सोर्टियमको वार्षिक प्रगति विवरण

**(सन् २००४ को जनवरीदेखि डिसेम्बरसम्म)**

## कृतज्ञता

हामी कन्सोर्टियमका सञ्चालक समितिका सदस्यहरू नूपुर भट्टाचार्य/सेभ द चिल्ड्रेन नर्वे, उदयलक्ष्मी प्रधानाङ्ग/ सेभ द चिल्ड्रेन यु.यस, मधुवन्ति तुलाधर/प्लान नेपाल, विजय सैंजु/कन्सर्न नेपाल, माधव प्रधान/सिविन, शकुन्तला सुब्बा/उप्का धरान र शालिकराम पाण्डे/पछौटेपन उन्मुलन समाज, पाल्पाप्रति सदा आभारी छौं । उहाँहरूको निर्देशन र सहयोगले कन्सोर्टियमलाई अगाडि बढ्न सहयोग मिलेको छ ।

त्यस्तै हामी चन्द्रिका खतिवडा/सेभ द चिल्ड्रेन, नर्वेप्रति सदा आभार व्यक्त गर्न चाहन्छौं किनभने उहाँको अमूल्य भूमिका कन्सोर्टियमको योजनानिर्माण एवं कार्यक्रम कार्यान्वयनमा रहेको कुरा सन् २००४ मा प्रकाशित हाम्रा प्रकाशनहरूमा प्रस्ट देख्न सकिन्छ । यसै अवसरमा सेभ द चिल्ड्रेन, नर्वेका देव आले, शम्भुप्रसाद लामिछाने, गोमा के.सी, जसले हाम्रा कार्यक्रममा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गरी कार्यक्रमलाई सफल बनाउन सहयोग पुऱ्याउनुभयो, उहाँहरू हाम्रो धन्यवादका पात्र हुनुहुन्छ । हाम्रा सदस्य तथा साझेदारी संस्थाहरूसँगको सञ्चारलाई सुलभ गर्ने महत्वपूर्ण भूमिका उहाँहरूले निर्वाह गरिदिनुभएको छ । यसै सुअवसरमा हाम्रा सदस्य संस्थाहरू विशेष गरी, होस्टेहैंसे बालविकास समाज, तनहुँ, पछौटेपन उन्मुलन समाज, बकामलाङ/पाल्पा, महिला आपसी सहयोग केन्द्र, भार्ते/लमजुङप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं । उहाँहरूको सहयोगले गर्दा क्षेत्रीय बालसहभागिता प्रवर्द्धन कार्यशाला गोष्ठीहरू सम्पन्न गर्न हामीलाई सहयोग मिल्यो । यसै सन्दर्भमा जिल्ला बालकल्याण समिति, तनहुँलाई पनि हामी धन्यवाद दिन भुल्दैनौं । हाम्रा बालसल्लाहकार समितिका सदस्यहरूलाई पनि हामी यस अवसरमा धन्यवाद दिन चाहन्छौं । उहाँहरूको अमूल्य सुझावले कन्सोर्टियमलाई अगाडि बढ्न उर्जाको काम गरेको छ । यस्तैगरी प्रत्यक्ष र परोक्ष रूपमा कन्सोर्टियम र यसका गतिविधिमा सहायोग गर्ने अन्य सदस्य संस्थाहरू, व्यक्तिविशेषलगायत सम्पूर्ण महानुभावहरू, जसले कन्सोर्टियमको प्रगतिको कामना गर्नुहुन्छ, उहँहरू पनि हाम्रो धन्यवादका पात्र हुनुहुन्छ ।

## पृष्ठभूमि

वि.सं. २०५५ मा देशभरि छरिएर रहेका १४० भन्दा बढि बालक्लबहरूसँग एक महत्वपूर्ण अनुसन्धान गरिएको थियो । यस अध्ययनले स्पष्ट रूपमा बालक्लबको सक्रियताले बालअधिकार र यसको प्रजातान्त्रीकरणमा ठूलो आयाम थपेको कुरालाई पुनर्पुष्टि गऱ्यो । त्यसैगरी बालक्लबको प्रजातान्त्रिक प्रक्रिया तथा वयस्कद्धारा सञ्चालित संस्थासँगको अन्तरसम्बन्धको प्रवर्द्धनमा टेवा पुऱ्याएको पनि अध्ययनले देखाएको थियो ।

उक्त अध्ययनले दिएका सुझावहरूका आधारमा केही गैह्रसरकारी संस्थाहरूले बालबालिका र उनीहरूको समुदायको विकासका लागि सामुहिक रूपमा बालआवाजलाई मुखरित गर्नुपर्ने खाँचोलाई टड्कारो रूपमा बुझेर बालक्लबलाई अझ सक्षम हुनेगरी यसको प्रवर्द्धन गर्न आफ्ना स्रोतसाधनलाई सामूहिक रूपमा परिचालन गर्न साझा प्रतिवद्धताका साथ एउटै थलोमा भेला भएर काम गर्ने अठोट लिए । यसको प्रतिफल नै बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह अर्थात् 'कन्सोर्टियम' को जन्म हुन पुगेको हो ।

यस कन्सोर्टियमलाई जन्म दिने संस्थाहरूमा समुदायमा आधारित पुनर्स्थापना संस्था विराटनगर, सेफ (सोसियल

अवेरनेस फर एजुकेसन) नेपालगन्ज, सिविन (चाइल्ड वर्कर्स इन नेपाल) काठमाडौं, कन्सर्न (कन्सर्न फर चिल्ड्रेन एण्ड इनभाइरन्मेन्ट) काठमाडौं, बालविकास समाज काठमाडौं, उप्का (अन्डर प्रिभिलेज चिल्ड्रेन एसोसिएसन) धरान, हालेमालो सञ्चार काठमाडौं, र सेभ द चिल्ड्रेन (यु.के., नर्वे तथा यु.एस.) छन् । यी संस्थाहरू कन्सोर्टियमका संस्थापक सदस्यका रूपमा रहेर हालसम्म निरन्तर यसलाई अगाडि बढाउन क्रियाशील छन् ।

हाल कन्सोर्टियमले आफ्नो पाँचवर्षे कार्यकाल बिताइसकेको छ । यससँग आवद्ध ४० संस्थाहरू देशका विभिन्न २५ जिल्लामा कार्यरत छन् भने सदस्य संस्थाहरूले लगभग तीनहजार बालक्लबहरूमा प्रत्यक्ष काम गरिरहेका छन् । यिनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ८० हजार बालबालिका संलग्न छन् ।

कन्सोर्टियम वा यसको नेटवर्कले सदस्य संस्थाहरू सेभ द चिल्ड्रेन नर्वे तथा यु.यस., प्लान नेपाल, लुथरन वर्ड फेडरेशन र स्टुडेन्ट पार्टनरसीप वर्डवाइडबाट बास्केट फण्डिङका रूपमा अर्थिक सहयोग प्राप्त गरी आफ्ना कार्यक्रमहरू सञ्चालन गरिआएको छ । यसका प्रमुख कार्यक्रमहरूमध्ये आफ्ना सदस्य संस्थाका वयस्क बालक्लब सहजकर्ता तथा बालक्लबका बालबालिकाको क्षमता अभिवृद्धिमा केन्द्रित तालिम पनि एक हो । यस तालिमले बालक्लबको विकासमा सदस्य संस्थाहरूको क्षमता बढाउनका साथै आपसमा ज्ञान, सीप र अनुभवहरूलाई साटासाट गर्नमा समेत यथेष्टमात्रामा सहयोग पुऱ्याउँदै आएको छ । यसका अलावा बालअधिकारसम्बन्धी स्रोतसामग्रीहरूको प्रकाशनलाई पनि कन्सोर्टियमले निरन्तरता दिँदै आएको छ । यसले बालक्लबहरूको संस्थागत अभिवृद्धि र दीगोपनका साथै नेपालमा बाअधिकारको अभियानलाई विस्तार गर्नमा समेत सहयोग पुऱ्याउँदै आएको कुरामा हामी विश्वस्त छौं ।

सन् २००४ को जनवरीदेखि डिसेम्वरसम्म सम्पन्न भएका मुख्य कार्यक्रमहरू निम्नानुसार रहेका छन्:

१ बालबालिकाका लागि जीवनोपयोगी शिक्षा तालिम
२ बालसल्लाहकार मञ्चको निर्माण तथा बैठक
३ **अनुभवहरू** तेस्रो अङ्कको प्रकाशन
४ **दशौं पञ्चवर्षीय योजनाबाट बालबालिकाको सरोकारको विषय** प्रकाशन
५ **बालक्लब सहजकर्ताका भूमिका र कार्यहरू** नामक पुस्तकको पुनः प्रकाशन
६ पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकासक्षेत्रका बालबालिकालाई 'बालबालिका एक अर्काका लागि तालिम' सम्पन्न
७ पत्रकारहरूलाई बालअधिकार दिवसका अवसरमा सदस्य संस्थाका बालसहभागिताका क्षेत्रमा भएका कार्यहरू तथा उदाहरणहरूबारे समाचार सङ्कलन गर्न स्थलगत भ्रमण गर्न अवसर प्रदान तथा परिचालन
८ वार्षिक साधारण सभा/ प्लेनरी सभाको बैठक
९ सदस्य संस्थाहरूको सहयोगमा बालसहभागिता प्रवर्द्धनका लागि क्षेत्रीय परामर्श गोष्ठी सम्पन्न
१० **बालबालिकालाई सुहाउँदो संसार** पुन संस्करण र प्रकाशन
११ **एगलान्टाइन जेब र बालअधिकार अभियान** नामक पुस्तिका प्रकाशन
१२ आ.व. २०६१/६२ को बालबालिकासम्बन्धी केन्द्र तथा जिल्लास्तरका स्वीकृत कार्यक्रम तथा बजेट विवरण प्रकाशन

## सम्पन्न भएका मुख्य कार्यक्रमहरूबारे विस्तृत जानकारी

### बालबालिकाका लागि जीवनोपयोगी शिक्षा तालिम

यसवर्ष बालबालिकाका लागि दुईवटा जीवनोपयोगी शिक्षा तालिम सञ्चालन गरियो । पहिलो तालिम लाहान, सिरहामा फेब्रुअरी १९ देखि २३ सम्म मध्यमाञ्चल र पूर्वाञ्चल क्षेत्रका हाम्रा सदस्यसंस्थाका बालक्लबका बालबालिकालाई दिइएको थियो । यसमा २२ जना बालबालिकाको सहभागिता थियो । त्यसैगरी, दोश्रो तालिम भने पश्चिमाञ्चल, मध्यमश्चिमाञ्चल र सुदुर



पश्चिमाञ्चलका सदस्य संस्थाका बालक्लबका सदस्यहरूको अप्रिल १७ देखि २१ सम्म पाल्पा, तानसेनमा सम्पन्न भएको थियो । यसमा १७ जना बालबालिका सहभागी भएका थिए ।

तालिमबाट सहभागीहरूले हासिल गरेका तत्कालका उपलब्धिहरू निम्नानुसार छन् :

- जीवनोपयोगी सीपका १० वटा महत्वपूर्ण बुँदाहरू भन्न सक्षम भए,
- सहभागीहरूले जीवनोपयोगी सीपका बारेमा आफ्नो जीवनमा उपयोग गर्न र बालक्लबका सदस्य साथीहरूलाई बाँड्न सक्ने भए
- तालिममा सिकेका कुरालाई कसरी बालक्लबमा हस्तान्तरण गर्ने भन्नेबारे सीप पनि सिकाइएको थियो भने उनीहरूले कार्ययोजना पनि तयार गरेका थिए ।

तालिमको आवश्यकता तथा महत्वका बारेमा सदस्य संस्थाका वयस्क सहजकर्ताहरूले कन्सोर्टियमसँग यस्ता तालिम वयस्कका लागिसमेत माग गरेका छन् । तालिमप्राप्त बालबालिकाले आफ्ना बालक्लब तथा छिमेकी गा.वि.स.का बालक्लबमा पनि जीवनोपयोगी सीप तालिम प्रदान गरेका कुरा कन्सोर्टियमको जानकारीमा आएको थियो । साथै, तालिम लिएका बालबालिकाका व्यवहार तथा स्वभावमा आएको सकारात्मक परिवर्तन देखेर नै वयस्कहरूले यस तालिमलाई उपयोगी भएको महसूस गरेका हुन् ।

त्यसकारण यस्ता खाले तालिमहरू विभिन्न उमेरका व्यक्ति, व्यावसायिक व्यक्तित्व तथा वयस्क सहजकर्ता सबैका लागि उपयोगी हुने कुरा हामी सुझाव दिन चाहन्छौं । तालिमप्राप्त बालबालिका तथा वयस्कलाई पुनर्ताजकी तालिमको व्यवस्था हुन सकेमा राम्रो हुन्छ जसले गर्दा जीवनोपयोगी सीप तालिममा सिकेका विषयवस्तुलाई अझै व्यावहरिक रूपमा उपयोगमा ल्याउन सकियोस् ।

## बालसल्लाहकार मञ्चको निर्माण तथा बैठक

यसवर्ष बालसल्लाहकार मञ्चको नयाँ समितिको निर्माण गरियो । यसै क्रममा सदस्य संस्थाको मनोनयन तथा



पूर्वबालसल्लाहकार मञ्चको छनौटबाट यस मञ्चको निर्माण भएको हो । यस मञ्चमा सदस्य संस्थाका बालक्लबका २१ जना बालबालिका रहेका छन् । बालसल्लाहकार मञ्चको पहिलो बैठक फेबुअरी १४ र १५ मा भक्तपुर गेष्ट हाउस, भक्तपुरमा सम्पन्न भयो र दोस्रो बैठक गत डिसेम्बर १८ र १९ मा भरतपुर, चितवनमा सम्पन्न भयो ।

पहिलो बैठकमा सदस्यहरूले आफ्ना भूमिका र उत्तरदायित्वका, कार्यावधि तथा कन्सोर्टियमका बारेमा जानकारी लिने काम गरे । बैठकमा कन्सोर्टियमको संरचना, उद्देश्य तथा यसका प्रमुख कार्यक्रमका बारेमा सदस्यहरूलाई जानकारी दिइएको थियो भने उनीहरूले कन्सोर्टियमका भावी कार्यक्रम तथा योजनाका सम्बन्धमा सुझाव पनि दिएका थिए । त्यसैगरी दोस्रो बैठकमा मञ्चका सदस्यहरूले पहिलो बैठको पुनरावलोकन गर्नुका साथै आफ्नो भूमिका, कार्य र जिम्मेवारी एवं कर्तव्यका बारेमा पुनर्विचार गरेका थिए । साथै सन् २००५ का लागि तयार गरिएको कन्सोर्टियमको मस्यौदा कार्ययोजनामाथि सदस्यहरूले आफ्नो तर्फबाट पृष्ठपोषण दिने कार्य गरेका थिए ।

## अनुभवहरू अङ्क ३ को प्रकाशन

'अनुभवहरू' कन्सोर्टियमको नियमित प्रकाशन हुने पत्रिका हो । यो पत्रिका विशेषगरी बालअधिकारका मुद्दामा आधारित भएर प्रकाशन गरिने गरिएको छ । यसमा विगतका अङ्कहरूमा बालक्लबको अनुभव,

- कन्सोर्टियमका कार्य तथा यससँग आवद्ध संस्थाहरूका समाचारलाई राष्ट्रव्यापी रूपमा प्रसारण गर्ने आदि ।

## कन्सोर्टियमको वार्षिक साधारण सभा/ प्लेनरी सभा सम्पन्न

यस वर्ष कन्सोर्टियमले एउटा मात्र प्लेनरी सभा सम्पन्न गर्न सक्यो । सो बैठक गत डिसेम्बरको १९ तारिखका दिन चितवनको भरतपुमा सम्पन्न भयो । यस सभामा कन्सोर्टियमका १८ वटा सदस्य संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । यस सभामा बालसल्लाहकार मञ्चका १५ जना सदस्यहरूको पनि उपस्थिति रहेको थियो । यस सभाका उपलब्धिहरू निम्नानुसार रहेका थिए :

- सदस्य संस्थाहरूका अनुभवहरूको आदान-प्रदान
- कन्सोर्टियमको सदस्य संस्थामा रहेको मानवीय स्रोतहरूको सूचीकरण
- सन् २००५ को कार्ययोजनामा सुझाव/सल्लाह
- सदस्यताका लागि भिडिआरसी नामक संस्थाको प्रस्तुति र सोका विषयमा छलफल आदि ।



## सदस्य संस्थाहरूको सहयोगमा बालसहभागिता प्रवर्द्धनका लागि क्षेत्रीय परामर्श गोष्ठी सम्पन्न

बालसहभागिता प्रवर्द्धनका लागि तीनवटा क्षेत्रीय परामर्श गोष्ठीहरू सम्पन्न भए । यिनमा जिल्ला बालकल्याण समितिका सदस्यहरू, विद्यालयका शिक्षकशिक्षिका तथा आमासमूहसँग सम्बद्ध महिलाहरुको सहभागिता थियो । गोष्ठीहरू कन्सोर्टियमका सदस्य संस्थाको सहयोगमा सञ्चालन गरिएका थिए । जिल्ला बालकल्याण समिति र समुदायमा आधारित संस्थाका प्रतिनिधिहरूसँग बालसहभागिता प्रबर्द्धनका लागि पश्चिमाञ्चल क्षेत्रीय परामर्श गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीमा कन्सोर्टियमका सदस्य संस्था होस्टेहैंसे बालविकास केन्द्रको संयोजकत्वमा दमौलीमा सेप्टेम्बर २१ र २२ मा सम्पन्न भएको थियो । उक्त गोष्ठीमा २७ जनाको सहभागिता रहेको थियो ।

त्यस कार्यशाला गोष्ठीका उपलब्धिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- जिल्ला बालकल्याण समिति र बालबालिकासँग सरोकार राख्ने अन्य संस्थाका कार्यकर्ताहरूलाई बालसहभागिताको महत्व तथा बालअकिारको प्रवर्द्धनका बारेमा जानकारी गराउनु,
- बालसहभागितामा भएका विद्यमान तौरतरिका कस्ता छन्, सिकाइहरू के छन् भन्ने बारेमा जिल्ला बालकल्याण समिति, समुदायमा आधारित संघसंस्थाका बुझाइहरू तथा गैह्रसरकारी संस्थाबाट भएगरेका प्रयासलाई छलफलमा ल्याउने तथा प्रचारप्रसार गर्ने गराउने,
- जिल्ला बालकल्याण समितिले बालसहभागिताका बारेमा गर्नुपर्ने भूमिका तथा बालअधिकारका क्षेत्रमा कार्यरत अन्य संघसंस्थाहरू (सरकारी संस्था, नागरिक समाज, बालबालिकाका सङ्गठनहरू) ले गर्नुपर्ने कर्तव्यका बारेमा छलफल गर्ने,
- बालसहभागित प्रवर्द्धन गर्नका लागि तयार गरिएका नीति तथा कार्यनीतिहरूलाई पूरा गर्न आवश्यक रणनीतिहरूको तयारी गर्ने । यदि आवश्यक परेमा त्यसमा फेरबदल गर्न सम्बन्धित ठाउँमा पहल गर्ने

- बालसहभागिता प्रवर्द्धन गर्नका लागि विद्यालयमा आवश्यक तौरतरिका, संरचना तथा रणनीति विकास गर्ने सम्बन्धमा समेत गोष्ठीले केही हदमा योगदान पुऱ्याएको महसूस भएको छ ।
- देशव्यापी रूपमा विद्यालयस्तरमा/शैक्षिक संकायमा विद्यालय व्यवस्थापन समिति, शिक्षक/शिक्षिकाका लागि बालसहभागिता प्रवर्द्धन गर्न सहयोगी सामग्रीका रूपमा बालसहभागिताका अवधारणा तथा आवश्यक जानकारीमूलक सामग्री प्रकाशन गर्ने दिशामा पनि गोष्ठीको योगदान उल्लेख्य रहेको थियो ।

**बालसहभागिता प्रवर्द्धनका लागि कन्सोर्टियमका सदस्य संस्थाहरूको सहयोगमा आमासमूह तथा समुदायमा आधारित संघसंस्थाहरूसँग क्षेत्रीय परामर्श गोष्ठी सम्पन्न**

बालसहभागिता प्रवर्द्धनका लागि आमासमूह तथा समुदायमा आधारित संघसंस्थाहरूसँग क्षेत्रीय परामर्श गोष्ठी कन्सोर्टियमको सदस्यसंस्था महिला आपसी सहयोग केन्द्र, भार्ते, लम्जुडको सहयोगमा गत वर्ष डिसेम्बर ११ र १२ तारिखसम्म लमजुडको बेसीशहरमा सम्पन्न भएको थियो । उक्त गोष्ठीमा २८ जना सहभागीहरूको उपस्थिति रहेको थियो । त्यसमध्ये आमासमूहका सदस्य आमाहरू ११ जना, महिला आपसी सहयोग केन्द्रका सहजकर्ता तथा कर्मचारी ११ जना, जिल्ला बालकल्याण समितिका सदस्य दुईजना, कन्सोर्टियम बालसल्लाहकार समितिका सदस्य एकजना, सेभ द चिल्ड्रेन नर्वेका कर्मचारी एकजना तथा कन्सोर्टियमका कर्मचारीहरू एकजना रहेका थिए । बालबालिकाको सरोकारवालामा सबभन्दा नजिकको सरोकारवाला भनेको आमा भएका हुनाले सही अर्थमा बालबालिकाका विकास र सहभागिता प्रवर्द्धन गर्ने हो भने आमासमूहलाई बालअधिकार, बालविकास र बालसहभागिताका अवधारणा तथा महत्वका बारेमा आवश्यक जानकारी दिइनुपर्दछ । यही मान्यताका आधारमा यस गोष्ठीको आयोजना गरिएको हो ।

यस गोष्ठीले बालसहभागिताका क्षेत्रमा महिला तथा आमासमूहको कार्यक्षेत्रमा सकारात्मक सुधार ल्याउन कोशेढुङ्गा सावित हुनेछ भन्ने **कन्सोर्टियमको** आशा तथा विश्वास रहेको छ । विगतमा यस्तै किसिमका गोष्ठीहरू **कन्सोर्टियम**ले जिल्ला बालकल्याण समिति तथा शिक्षक शिक्षिका तथा शैक्षिक निकायका प्रतिनिधिहरूलाई लक्षित गरेर गरेको थियो । आमासमूहसँगको गोष्ठीका उद्देश्यहरू निम्न प्रकारका रहेका छन् :

- आमासमूहका प्रतिनिधिहरूलाई बालसहभागिताको अवधारण तथा महत्वबारे जानकारी दिने र त्यसलाई प्रवर्द्धन गर्न उहाँहरूको योगदानको बढावा दिने ।
- बालसहभागिताका क्षेत्रहरू र समुदायमा आधारित सङ्गठनहरूको बालसहभागिता प्रवर्द्धन गर्दाका सिकाइहरूलाई आमासमूहका प्रतिनिधिहरूलाई अवगत गराई त्यससम्बन्धी अभिलेख तयार गर्ने प्रक्रियामा योगदान दिने । साथै बालसहभागिता प्रवर्द्धन गर्न आमासमूहमा आवश्यक तौरतरिका, संरचना तथा रणनीति विकास गरी लागु गर्न/गराउन नियमित गराउनु ।
- स्थानीय समुदायमा आधारित संस्था र आमासमूहबीच आवश्यक सम्बन्ध/समन्वय कायम गरी बालअधिकार तथा बालसहभागिता प्रवर्द्धनका लागि साझा बुझाइको विकास गर्न योगदान दिने र यससम्बन्धमा सहयोगी सामग्रीको विकास गर्नमा सहयोग पुऱ्याउनु ।

## प्रमुख उपलब्धिहरू

- उल्लिखित तीनवटै गोष्ठीबाट बालसहभागिता प्रवर्द्धन गर्नका लागि आवश्यक सामग्री तयार गर्न जानकारीहरू सङ्कलन तथा केशअध्ययन सङ्कलन गरिएको थियो ।
- उल्लिखित गोष्ठीहरूले समुदायमा आधारित संघसंस्थाहरूका प्रतिनिधिहरूलाई एकापसमा भेटघाट गर्ने, छलफल गर्ने, सम्बन्धित संघसंस्थाले गरेका उल्लेखनीय कार्यहरूका बारेमा जानकारी आदानप्रदान गर्ने काम गरेको थियो । साथै गोष्ठीको माध्यमबाट **कन्सोर्टियमबाट** तालिम प्राप्त गरेका सहजकर्ताहरूको कामको अनुगमन गर्ने एउटा राम्रो अवसरका रूपमा समेत यसलाई उपयोग गर्न सकिएको थियो ।

- उल्लेखित गोष्ठीहरूले सम्बन्धित सरोकारवाला संघसंस्थाहरूसँग संयुक्त रूपमा कार्य सञ्चालन गर्ने सुअवसरका रूपमा समेत लिन सकिन्छ । यसले **कन्सोर्टियमलाई भविष्यमा यी संस्थाहरूसँग मिलेर काम गर्ने उपयुक्त वातावरणसमेत प्रदान गरेको छ जस्तो हामीलाई लाग्दछ ।**
- जिल्ला बालकल्याण समितिका प्रतिनिधिहरूलाई बालसहभागिताका अवधारण तथा महत्वबारे अवगत गराई उनीहरूको बालसहभागिताका लागि कस्तो भूमिका हुन्छ भन्नेबारे जानकारी दिने वातावरणको सृजना गरेको छ र उनीहरूलाई यस उद्देश्यमा परिचालित गर्ने कामसमेत भएको छ । यसका साथै सम्बन्धित सरोकारवाला निकायहरूसँग बालसहभागिताका लागि हुनुपर्ने मुख्य प्रयासहरू र भूमिकाका बारेमा समेत छलफल गर्ने काम गोष्ठीका दौरानमा भएको थियो । यो आफैंमा एक उपलब्धिमूलक कार्य थियो ।

## "बालबालिकालाई सुहाउँदो संसार" पुनःसंस्करण र प्रकाशन र वितरण

'बालबालिकालाई सुहाउँदो संसार' नामक पुस्तिका बालबालिकाले बुझ्ने गरी सरल भाषामा **कन्सोर्टियमद्वारा** प्रकाशन गरिएको पुस्तिका हो । यस पुस्तिकाको पहिलो प्रकाशन सन् २००२ मा भएको थियो । यसपालिको प्रकाशनमा पहिलो प्रकाशनमा रहेका सूक्ष्म त्रुटिहरूसमेतलाई सच्याउँदै प्रकाशन गर्ने कार्य भयो । यो पुस्तिका **कन्सोर्टियमको** भण्डारमा सकिएको छ तर बालबालिकासँग कार्य गर्ने संस्थाका लागि यो ज्यादै उपयोगी भएबाट माग आएको थियो । विषेशतः त्यस्ता संस्थाहरूले आफ्नो संस्थाका तर्फबाट कार्ययोजना निर्माण गर्दा बालबालिकाका अधिकारमा विश्वभर तय भएका कार्यक्रम गत चार मुख्य क्षेत्रहरूलाई समेटेर योजनाको खाका तयार गर्नमा पुस्तिका उपयोगी भएको बताइएको छ । सथै आफ्नो संस्थाका कार्यक्रमलाई बालबालिका सुहाउँदो बनाउनका लागि पनि पुस्तिका उपयोगी सन्दर्भसामग्रीका रूपमा रहन सफल भएको कुरा संघसंस्थाहरूले बताउने गरेको पाइन्छ ।

## "एग्लान्टाइन जेब र बालअधिकार अभियान" नामक पुस्तिका पुनःप्रकाशन र वितरण

यस पुस्तिकाको प्रकाशनपूर्व 'एग्लान्टाइन जेब र बालअधिकार' का बारेमा निकै कम सूचनामात्र पाइन्थ्यो । यस पुस्तिकाले एग्लान्टाइन जेब तथा बालअधिकार अभियानबारे विस्तृत जानकारी प्रदान गर्न सफल भयो । पुस्तिकाले समग्र रूपमा बालअधिकारको विकासक्रमका बारेमा पनि जानकारी प्रदान गर्‍यो । यसले बालअधिकारको विकास, यसबारेमा हुने छलफलहरूका दौरानमा र तालिमहरूका सन्दर्भमा समेत सन्दर्भसामग्रीको भूमिका निर्वाह गरेको छ । यो पुस्तिका सोही वर्ष पुनःप्रकाशनसमेत हुनुपर्नाको कारण यस पुस्तिकालाई **कन्सोर्टियमका** सदस्य संस्थाहरू तथा अन्य संस्थाबाट पनि यसलाई व्यापक रूपमा रुचाइनु पनि हो । यसको निरन्तर माग बढ्नु पनि यो पुस्तिका उपयोगी रहेको एउटा प्रमाण हो ।

### आ.ब. २०६१/६२ को बालबालिकासम्बन्धी केन्द्र तथा जिल्लास्तरका स्वीकृत कार्यक्रम तथा बजेट विवरण प्रकाशन

कन्सोर्टियमले केन्द्रीय बालकल्याण समितिसँग मिलेर श्री ५ को सरकारका तर्फबाट आर्थिक वर्ष २०६१/६२ का लागि बालबालिकासम्बन्धी केन्द्र तथा जिल्लास्तरका स्वीकृत कार्यक्रम र विनियोजित बजेट विवरण प्रकाशन गर्‍यो । यस पुस्तकमा प्रकाशित विवरण बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने सबै प्रकारका विवरण समावेश गरिएका छन् । यो प्रकाशन केन्द्रीय बालकल्याण समिति, सम्बन्धित मन्त्रालयहरू, र राष्ट्रिय योजना आयोगसँगको समन्वयमा सम्पन्न भएको हो । हाम्रो आशा छ, सम्बन्धित बालबालिकासँग कार्यरत संघसंस्थाहरू र अन्य निकायहरूलाई उनीहरूको जिल्लामा बालबालिकासँग सम्बन्धित केकस्ता कार्यक्रमहरू सरकारले योजना गरेको रहेछ र केकति बजेटको विनियोजन गरेको रहेछ भन्ने ज्ञान हुनेछ । यसले सम्बन्धित सम्पूर्ण निकाय, व्यक्ति, संघसंस्थालाई उत्तरदायी बनाउनेछ । नागरिक समाजलाई श्री ५ को सरकारको कार्यक्रमको अनुगमन

गर्न सजिलो बनाउनेछ । आगामी वर्षमा हामी मुख्यमुख्य अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूको कार्यक्रम तथा बजेट पनि समावेश गर्ने कोशिस गर्नेछौं ।

## प्रमुख सिकाइहरू

- कन्सोर्टियमको जन्मको मर्मलाई जीवन्त राख्न र यसको लक्ष्य प्राप्तिका लागि सञ्चालक समितिले कन्सोर्टियमलाई मार्गनिर्देशन दिने, कन्सोर्टियमका कार्ययोजना तयार गर्न, कार्यान्वय, तथा मूल्याङ्कन प्रक्रियामा बढी सहभागी हुनुपर्ने देखिएको छ ।
- सदस्य संस्थाहरूले समयमा committed रकम उपलब्ध गराउने व्यवस्था मिलाइदिएमा कार्यक्रम सञ्चालन गर्न सजिलो पर्ने थियो ।
- कन्सोर्टियमको बास्केट फन्डको मर्मलाई पुनर्विचार गर्नुपर्नेजस्तो देखिन्छ ।

## समस्याहरू/सिकाइहरू

- यस वर्ष आवेदन गरिएको समयमा केही सदस्य संस्थाबाट प्रतिवद्धता व्यक्त गरिएको बजेट रकम उपलब्ध नभएका कारण चारौं समूहको वयस्क सहजकर्ताका लागि तेस्रो चरणको तालिम प्रदान गराउन सकिएन ।
- अफिस सहायकको उपलब्धताका कारण कार्यक्रममा अप्ठ्यारो महसूस गरियो ।
- धेरैजसो हाम्रा सदस्य संस्थाहरूले कन्सोर्टियमको उद्देश्यबारे जानकारी नभएको हुँदा कम सदस्य संस्थाहरूले मात्र यसको दीगोपनालाई सहयोग गरेको पाइएको छ ।
- देशको वर्तमान अवस्थाले पनि हाम्रा कार्यक्रमलाई असर गरेको पाइयो । जस्तैः आवधिक प्लेनरी बैठक, जसले यस वर्ष सदस्य संस्थाहरूसँग अनुभव आदानप्रदान निकै कम भएको महसूस गरियो ।
- आवधिक कार्यक्रमका प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गर्ने कार्य ज्यादै समय लाग्ने भएका कारण कन्सोर्टियमको स्पिरिटमा कमी आएको हो जुन यसको स्थापनाकालमा थियो ।

## निष्कर्ष

कन्सोर्टियमले आफ्नो ५ वर्षे कार्यकालमा ठूलो सञ्जाल स्थापना गर्न सफल भएको छ । यसका ४० वटा सदस्य संस्था नै यसको उदाहरण हुन् । तर पनि यसले अनुमान गरेजति उपलब्धि गर्न सकेको छ । बालक्लबको संख्यात्मक बृद्धिको अनुपातमा अन्य पक्षहरूमा बालसहभागिता बढाउन सकिएको छैन । त्यसैले अहिलेसम्मको कार्य प्रक्रियामा पुनरावलोकन गर्न अत्यन्त आवश्यक देखिन्छ ।

यस वर्ष कन्सोर्टियमले बालसहभागिता प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने सन्दर्भसामग्रीका प्रकाशन गर्नुका साथै सरोकारवालाहरूसँग विचारगोष्ठीहरू आफ्नो सदस्य संस्थाहरूको सहयोगमा सञ्चालन गर्न सफल भएको छ । सदस्य संस्थाहरूसँगको समन्वय तथा सम्बन्धविस्तार गर्ने कार्यलाई यस वर्षको उपलब्धिका रूपमा लिन सकिन्छ ।

'बालसहभागिता प्रवर्द्धन गर्नका लागि सरोकारवालाहरूको भूमिका र कर्तव्य' नामक विचारगोष्ठीहरू नेपालका अन्य विकास क्षेत्रमा पनि आवश्यक भएको महसूस गरियो । **कन्सोर्टियमका** सदस्य संस्थाहरूको समन्वयमा यस्ता खाले गोष्ठी गरेमा कन्सोर्टियमका कार्यहरूको देशव्यापी प्रचारप्रसार हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## र्टियमका सदस्य संस्थाहरू

### ापक सदस्यहरू

सविन (नेपाल बालमजदूर सरोकार केन्द्र)
कन्सर्न नेपाल
ातेमालो सञ्चार
समुदायमा आधारित पुनर्स्थापना संस्था, विराटनगर
बालबचाउ यु.के.
बालबचाउ नर्वे
बालबचाउ यु.एस.
बालविकास समाज
उप्का नेपाल, धरान
. सेफ, नेपालगञ्ज

### र्ग सदस्यहरू

प्लान इन्टरनेशनल नेपाल
लुथरन वर्ड फेडरेसन
स्टुडेन्ट पार्टनरसीप वर्डवाइड
समुदायमा आधारित पुनर्स्थापना संस्था, भक्तपुर
पछौटेपन उन्मुलन समाज, पाल्पा
होस्टेहैंसे बालविकास केन्द्र, तनहुँ
महिला आपसी सहयोग केन्द्र, लम्जुङ
. समाज उत्थान सहयोग केन्द्र, पाल्पा
. इन्द्रेणी समाज केन्द्र, पाल्पा
०. इलाका बालविकास समाज, उदयपुर
१. लु निभा, खोकना
२. वेस, कैलाली
३. भवानी एकीकृत विकास केन्द्र, सिराहा
४. युथ क्लब, नारायणगढ
५. एन.एन.एस. डब्लु. ए, महेन्द्रनगर
६. अफोर्ड नेपाल, कपिलवस्तु
१७. सिविस, काठमाडौं
१८. जानकी महिला जागरण समाज, धनुषा
१९. गाजा युवा क्लब, बाग्लुङ
२०. एक्का, काठमाडौं
२१. समुदायमा आधारित पुनर्स्थापना संस्था, पाटन
२२. विड्स, सुर्खेत
२३. मानव अधिकार सचेतना मञ्च (एफा), बाँके
२४. सृजना सामुदायिक विकास केन्द्र, सिराहा

### अवलोकनकर्ता सदस्यहरू

१. हेल्प नेपाल, उर्लाबारी/मोरङ
२. बाल तथा महिला विकास केन्द्र, तनहुँ
३. चिल्ड्रेन नेपाल, पोखरा/कास्की
४. इन्द्रेणी सेवा समाज, सिराहा
५. विसविन, बाजुरा
६. ग्रामीण सामुदायिक विकास केन्द्र, धनुषा

**थप जानकारीको लागि सम्पर्क:**


नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम)

सचिवालय, कुपण्डोल, ललितपुर, पोष्ट वक्स नं. ६८२, काठमाण्डौं

फोन नं.: ५५४२२०४, ई-मेल ठेगाना: consortium@mos.com.np

वेभसाइट: www.childclubsconsortium.org.np